# गाउँ शिक्षा योजना

## (२०८२/०८३ - २०९२/०९३)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

## नेचासल्यान गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### नेचा, सोलुखुम्बु
### कोशी प्रदेश, नेपाल

मिति : २०८३/०३/२९ को गाउँ कार्यपालिका बैठकबाट स्वीकृत

# हाम्रो भनाइ

नेपालको संविधान २०७२ ले विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरेअनुरूप, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म र भावनालाई आत्मसाथ गर्दै नेचासल्यान गाउँपालिकाले शैक्षिक रूपान्तरणका लागि यो 'दश वर्षीय शिक्षा क्षेत्र योजना (२०८२-२०९२)' तयार गरेको छ। यसअघि निर्माण गरिएको पाँचवर्षे शिक्षा योजना (२०८०-२०८५) को अनुभव र उपलब्धिहरूलाई आधार मान्दै तथा नयाँ परिमार्जित मार्गदर्शनको ढाँचामा रही यो योजनालाई थप व्यवस्थित र समयसापेक्ष रूपमा निर्माण गरिएको हो। स्थानीय तहमा विषयगत आवधिक योजना निर्माण गर्ने नीतिगत व्यवस्थालाई पछ्याउँदै, गाउँपालिकाले सरोकारवालाहरूसँगको व्यापक छलफल, तथ्याङ्क सङ्कलन र विज्ञहरूको सुझावका आधारमा यो योजनालाई अन्तिम रूप दिएको हो।

यद्यपि यो योजना १० वर्षको अवधिका लागि तयार गरिएको भएतापनि, यसको प्रभावकारिता र सान्दर्भिकता कायम राख्न पाँच वर्षमा पुनरावलोकन गरिनेछ, जसका लागि बजेट र सूचकहरूको निर्धारण पहिलो पाँच वर्षलाई लक्षित गरी गरिएको छ। संघीय र प्रदेश सरकारसँग समन्वय गर्दै बालविकास र शिक्षाको अवधि विस्तार गर्ने, शिक्षकहरूलाई दलीय राजनीतिबाट मुक्त राख्ने, असहाय बालबालिकाको अभिभावकत्व ग्रहण गर्ने, प्राविधिक शिक्षामा छात्रवृत्ति प्रदान गर्ने तथा विकट भौगोलिक अवस्थालाई मध्यनजर गर्दै आवासीय विद्यालय स्थापना गर्ने जस्ता महत्वपूर्ण क्रियाकलापहरू यस योजनाका मूल आधार हुन्। गाउँपालिकाको शिक्षा क्षेत्रमा गुणात्मक कायापलट गर्न र राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा यो योजनाले एक सशक्त मार्गचित्रको रूपमा काम गर्ने कुरामा हामी विश्वस्त छौं।

यस योजना निर्माणमा अमूल्य योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापकहरू, प्राविधिक सहयोग उपलब्ध गराउने रीड नेपाल सोलुखुम्बु शिक्षा विकास संयोजक केशवदेव गिरी र रुप बहादुर चन्द लगायत सम्पूर्ण गाउँपालिकावासीप्रति हार्दिक आभार व्यक्त गर्दछौं। यो योजनाको कार्यान्वयनमा आगामी दिनमा यहाँहरूको निरन्तर सक्रियता र सहकार्य रहनेछ भन्ने अपेक्षासहित हामी सबैको सामूहिक प्रयासबाट मात्रै हामीले परिकल्पना गरेको शैक्षिक लक्ष्य प्राप्त गर्न सकिनेछ भन्ने पूर्ण विश्वास लिएका छौं।

**नेचासल्यान गाउँपालिका**
नेचा, सोलुखुम्बु कोशी प्रदेश

## शुभकामना मन्तव्य

शिक्षाले मानिसलाई आत्मनिर्भर बनाउनुका साथै नैतिकवान, चरित्रवान, सिर्जनशील र वैज्ञानिक सोच भएको जनशक्ति निर्माण गर्नुपर्छ। शिक्षा नै देशको विकास र समृद्धिको मुख्य आधार हो। आधारभूत शिक्षा प्राप्त गर्नु मानव अधिकारको विषय हो भने नेपालको संविधानले यसलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ।

नेचासल्यान गाउँपालिकाले १० वर्षे दीर्घकालीन शिक्षा योजना तयार गरी समावेशी, समतामूलक र गुणस्तरीय शिक्षालाई जोड दिएकोमा मलाई ज्यादै खुसी लागेको छ। यो योजना हाम्रो गाउँपालिकाको शैक्षिक क्षेत्रका समस्या समाधानका लागि एक कोसेढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएको छु।

यस योजनाको सफल कार्यान्वयनका लागि विद्यालयको भौतिक तथा प्राविधिक पूर्वाधार, शिक्षकहरूको तालिम र उत्प्रेरणा, शैक्षिक सामग्रीको सहज उपलब्धता तथा विद्यालय व्यवस्थापनमा सुधार आवश्यक छ। साथै, समुदाय र अभिभावकको सक्रिय सहभागिता पनि उत्तिकै महत्त्वपूर्ण छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएका अधिकारहरू तथा सङ्घीय सरकारको नीति र योजनाहरूसँग समन्वय गर्दै सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्नु हाम्रो प्रमुख चुनौती हो।

यस १० वर्षे (२०८२/०८३-२०९२/०९३) योजनाको सफलताका लागि प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, जनप्रतिनिधि, बुद्धिजिवी तथा सम्पूर्ण सरोकारवालाहरूको निरन्तर साथ, सहयोग र परिश्रमको अपेक्षा गर्दछु। स्रोत र साधनको व्यवस्थापन चुनौतीपूर्ण भए पनि सबैको साझा प्रयासले यो योजना सफल हुने र नेचासल्यान गाउँपालिकाको शैक्षिक तथा सामाजिक-आर्थिक विकासमा सकारात्मक प्रभाव पार्ने कुरामा म विश्वस्त छु।

अन्तमा, यो महत्त्वपूर्ण योजनाको सफल कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

**धनजन राई**
**गाउँपालिका अध्यक्ष**
**नेचासल्यान गाउँपालिका, नेचा सोलुखुम्बु**

# शुभकामना मन्तव्य

बालबालिकामा रहेको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउने वातावरण घर, परिवार र विद्यालयमा सिर्जना गर्नु हामी सबैको साझा कर्तव्य हो। शिक्षाको विकास विना गाउँपालिकाको विकासको परिकल्पना गर्न सकिँदैन। मानवीय सर्वाङ्गीण विकासका लागि शिक्षा अपरिहार्य छ।

यसै महत्त्वलाई आत्मसात् गर्दै, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय शिक्षा योजना तथा विभिन्न कानुनी प्रावधानहरूलाई आधार मानी, स्थानीय सरोकारवाला र विज्ञहरूसँगको गहन छलफलबाट तयार पारिएको यो '१० वर्षे दीर्घकालीन शिक्षा योजना' नेचासल्यान गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्त्वपूर्ण मार्गचित्र बन्नेछ।

जनताको सबैभन्दा नजिकको सरकार भएको नाताले स्थानीय तहको कर्तव्य आफ्ना नागरिकका आधारभूत आवश्यकताहरू पूरा गर्नु हो। शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारलगायतका क्षेत्रमा स्थानीय सरकार र जनताबीच प्रत्यक्ष सम्बन्ध हुन्छ। गुणस्तरीय जीवन निर्वाहका लागि शिक्षाले नागरिकलाई सक्षम, नैतिकवान, चारित्रवान, सिर्जनशील र वैज्ञानिक सोच भएको जनशक्ति बनाउन सक्नुपर्छ। सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउनु र उनीहरूलाई नियमित गराई विद्यालय तह पूरा गराउनु हाम्रो सामु रहेको मुख्य चुनौती हो। यस योजनाले समुदायको परिचालन र अभिभावकहरूको सक्रिय सहभागितामार्फत यी चुनौतीहरूलाई समाधान गर्न मद्दत गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

यस योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, जनप्रतिनिधि, शिक्षाप्रेमी बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, सामाजिक संस्था र शिक्षा शाखाका कर्मचारीहरूको निरन्तर परिश्रम र लगनशीलता अनिवार्य छ। हाम्रो शैक्षिक विकासमा यस योजनाले पुऱ्याउने योगदानले समग्र गाउँपालिकाको सामाजिक र आर्थिक विकासमा पनि सकारात्मक प्रभाव पार्नेछ।

अन्ततः, यस १० वर्षे (२०८२/८३-२०९२/९३) दीर्घकालीन शिक्षा योजनाको सफल कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

**विना राई**
**उपाध्यक्ष**
**नेचासल्यान गाउँपालिका, नेचा सोलुखुम्बु**

# शुभकामना मन्तव्य

शिक्षा व्यक्तिको आधारभूत आवश्यकता मात्र नभई नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हक पनि हो। लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित र समाजवादउन्मुख राष्ट्र निर्माणमा शिक्षाको भूमिका सदैव अग्रस्थानमा रहन्छ। व्यक्तिको आनीबानीमा सकारात्मक परिवर्तन ल्याउँदै समाज र राष्ट्रको सर्वाङ्गीण विकासमा शिक्षाले नै जग बसाल्ने गर्दछ। तसर्थ, शिक्षालाई सर्वसुलभ, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाई सबैको पहुँचमा पुऱ्याउनु स्थानीय सरकारको प्राथमिक दायित्व हो।

यसका लागि स्पष्ट शिक्षा नीति, लगानीमा वृद्धि तथा शैक्षिक सुधारका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ। नेचासल्यान गाउँपालिकाले तयार पारेको यो १० वर्षे दीर्घकालीन शिक्षा योजना शैक्षिक विकासका लागि एउटा बलियो मार्गचित्र (Roadmap) बन्नेमा म विश्वस्त छु। यो योजना आफैंमा एक पथप्रदर्शक दस्तावेज हो। यसका लक्ष्य र उद्देश्यहरूलाई हासिल गर्न प्रत्येक वर्ष वार्षिक कार्यक्रम तथा रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा लैजानु आवश्यक छ।

योजनाको पूर्ण सफलताका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीचको समन्वयका साथै जनप्रतिनिधि, सरकारी तथा गैर-सरकारी सङ्घ-संस्थाहरू र सरोकारवालाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण रहनेछ। शैक्षिक विकासका सबै आधारहरूलाई एकीकृत रूपमा अघि बढाउने हाम्रो यो प्रयासमा सबैको सकारात्मक साथ र सहयोग रहने अपेक्षा गर्दछु।

अन्तमा, नेचासल्यान गाउँपालिकालाई शैक्षिक गन्तव्यका रूपमा विकास गर्ने हाम्रो साझा लक्ष्य पूरा होस् भन्ने कामना गर्दै, यस १० वर्षे शिक्षा योजनाको सफल कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

**टंकनाथ घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**नेचासल्यान गाउँपालिका**

## शुभकामना मन्तव्य

शिक्षा नै कुनै पनि समाज र राष्ट्रको विकासको मेरुदण्ड हो। एक जिम्मेवार शिक्षा अधिकृतको हैसियतले गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार र सुदृढीकरणका लागि तयार पारिएको यो '१० वर्षे दीर्घकालीन शिक्षा योजना' (२०८२/८३-२०९२/९३) लाई म शैक्षिक विकासको कोसेढुङ्गाका रूपमा लिएको छु।

हाम्रो गाउँपालिकाका बालबालिकाहरूलाई जीवनोपयोगी, प्रतिस्पर्धी र वैज्ञानिक चिन्तनयुक्त शिक्षा प्रदान गर्दै उनीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउनु हामी सबैको साझा दायित्व हो। यस योजनाले विद्यालयको भौतिक पूर्वाधार, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षकहरूको क्षमता विकास र विद्यालय व्यवस्थापनमा सुधार ल्याउन स्पष्ट मार्गनिर्देशन गरेको छ।

यो योजना केवल कागजमा सीमित नरही व्यवहारमा उतार्न सकेमा मात्र यसको सार्थकता पुष्टि हुनेछ। यसको सफल कार्यान्वयनका लागि स्थानीय सरकारको नीति, योजना र बजेटलाई विद्यालय तहसम्म प्रभावकारी रूपमा पुऱ्याउन हामी प्रतिबद्ध छौं। यो योजना कार्यान्वयन गर्ने क्रममा आइपर्ने हरेक चुनौतीहरूलाई सरोकारवालाहरूसँगको समन्वय र सहकार्यबाट समाधान गर्दै लैजानुपर्ने आवश्यकता छ।

यस योजनाको सफल कार्यान्वयनमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको सक्रिय भूमिका नै सफलताको मुख्य कडी हो। मलाई पूर्ण विश्वास छ कि हामी सबैको सामूहिक प्रयासबाट नेचासल्यान गाउँपालिकालाई शिक्षाको एक उत्कृष्ट गन्तव्यको रूपमा विकास गर्न सकिनेछ।

अन्तमा, यस दीर्घकालीन शिक्षा योजनाको कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

**माधवमणि ढुंगाना**
**शिक्षा शाखा प्रमुख**
**नेचासल्यान गाउँपालिका**

## विषयसूची

हाम्रो भनाइ........................................2
शुभकामना मन्तव्य........................................3
शुभकामना मन्तव्य........................................4
शुभकामना मन्तव्य........................................5
शुभकामना मन्तव्य........................................6
सन्दर्भ र औचित्य........................................9
१. विषय प्रवेश........................................9
२. शिक्षा योजना निर्माणको आवश्यकता औचित्य........................................10
३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य........................................11
४. शिक्षा योजना निर्माणका आधार........................................11
५. शिक्षा योजना निर्माण प्रक्रिया........................................12
६. योजनाको लेखाजोखा........................................14
७. योजनाको दस्तावेजको स्वरूप........................................16
परिच्छेद :१ परिचय........................................18
१.१. पृष्ठभूमि........................................18
१.१.२. जनसाङ्ख्यिकी विवरण........................................19
१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था........................................21
१.१.४ आर्थिक अवस्था........................................21
१.१.५ गाउँपालिकाको शैक्षिक सन्दर्भ........................................21
१.२ सबल पक्षहरु........................................24
१.३ मुख्य समस्याहरु एवम् चुनौतिहरू........................................25
१.४ अवसरहरू........................................27
परिच्छेद २: दुरदृष्टि, उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण........................................29
२.१ सन्दर्भ तथा योजना निमार्णको आधार........................................29
२.२ दीर्घकालीन राष्ट्रिय सोच........................................29
२.३ नेचासल्यान गाउँपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य........................................30
२.३.१ दीर्घकालीन सोच........................................30
२.३.२ लक्ष्य........................................30

२.3.3 उद्देश्य ........ 30

२.३.४ रणनीतिहरू ........ 31

२.३.५ कार्यनीति ........ 32

२.३.६ अपेक्षित उपलब्धि ........ 34

परिच्छेद ३ः शिक्षाका मुख्य उपक्षेत्रहरू ........ 41

३.१. प्रारम्भिक बालविकास र शिक्षा ........ 41

३.२ आधारभूत शिक्षा ........ 49

३.३. माध्यमिक शिक्षा ........ 58

३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ........ 67

३.५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ 72

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ 77

४.१. पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 77

४.२ शिक्षक व्यवस्थापन र विकास ........ 86

४.३ शैक्षिक समता र समावेशीकरण ........ 94

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 101

४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता ........ 105

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 110

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 114

परिच्छेद ५: सुशासन तथा व्यवस्थापन ........ 119

5.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 119

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ........ 124

परिच्छेद 6: लगानी र स्रोत व्यवस्थापन ........ 128

परिच्छेद ७. अनुगमन तथा मूल्याङ्कन ........ 139

सन्दर्भ सामग्रीहरु ........ 144

अनुसूची १: क्रियाकलापगत वजेट ........ 145

अनुसूची -२ ........ 157

अनुसूचीः ३ ........ 158

अनुसूची : ४ ........ 159

# सन्दर्भ र औचित्य

नेपालको संविधानले अङ्गीकार गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूप मुलुकका तीनै तहका सरकारहरू जनताप्रति उत्तरदायी भई क्रियाशील रहेका छन्। संवैधानिक व्यवस्थाबमोजिम माध्यमिक तहसम्मको विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालनको पूर्ण जिम्मेवारी स्थानीय तहको क्षेत्राधिकारभित्र पर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि स्थानीय तहहरूलाई क्षेत्रगत आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न स्पष्ट मार्गनिर्देश गरेको छ। दिगो विकास लक्ष्य (SDG-4) ले परिकल्पना गरेबमोजिम गुणस्तरीय र समतामूलक शिक्षाको सुनिश्चितता गर्नु आजको साझा दायित्व हो।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको तर्जुमा गरिरहेको र सोहीबमोजिम स्थानीय तहहरूलाई समेत आवधिक योजना निर्माणका लागि सहजीकरण गरिरहेको परिप्रेक्ष्यमा, नेचासल्यान गाउँपालिकाले आफ्नो पालिकाको शैक्षिक रूपान्तरणका लागि यो दश वर्षीय शिक्षा क्षेत्र योजना (२०८२-२०९२) तयार गरेको छ। यसअघिको पाँचवर्षे शिक्षा योजना (२०८०-२०८५) को कार्यान्वयनबाट प्राप्त सिकाइ, अनुभव र उपलब्धिहरूलाई आधार मान्दै, हालको परिमार्जित मार्गदर्शनको ढाँचामा रही यस योजनालाई थप व्यावहारिक र नतिजामुखी बनाइएको छ।

शिक्षामा पहुँच, गुणस्तर, समता र सुशासनलाई मूल मन्त्र बनाई तर्जुमा गरिएको यस योजनाले गाउँपालिकाको शैक्षिक धरातललाई बलियो बनाउने विश्वास लिएका छौं। यो योजनाको पहिलो पाँचवर्षीय अवधिका लागि अनुमानित लागत १९,४३,५०,०००/- कायम गरिएको छ। पालिकाको समग्र शैक्षिक कायापलट र राष्ट्रिय शिक्षाको लक्ष्य हासिल गर्न यो योजना एक महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ।

## १. विषय प्रवेश

गुणस्तरीय, समतामूलक र सर्वसुलभ शिक्षाको सुनिश्चितता गर्दै शैक्षिक सेवा प्रवाहलाई नतिजामुखी बनाउन योजनाबद्ध विकासको भूमिका अपरिहार्य रहन्छ। नेपालको सङ्घीय संरचनाअनुरूप विद्यालय शिक्षाको व्यवस्थापन तथा सञ्चालनको मुख्य जिम्मेवारी स्थानीय तहमा निहित छ। यसै संवैधानिक मर्मलाई आत्मसाथ गर्दै विद्यालय शिक्षा क्षेत्र योजना (SSDP) र सोपछिका राष्ट्रिय तथा प्रादेशिक मार्गचित्रहरूसँग तादाम्यता कायम राख्दै नेचासल्यान गाउँपालिकाले आफ्नो शैक्षिक प्रणालीलाई थप सुदृढ बनाउने उद्देश्यका साथ यो 'दश वर्षीय शिक्षा क्षेत्र योजना (२०८२—२०९२)' तर्जुमा गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षाको योजना निर्माण, व्यवस्थापन र कार्यान्वयनका लागि स्वायत्त अधिकार प्रदान गरेको छ। नागरिकको अनिवार्य तथा निःशुल्क शिक्षा प्राप्त गर्ने संवैधानिक हकलाई व्यवहारमा उतार्न र स्थानीय आवश्यकता एवं भौगोलिक विशिष्टतालाई सम्बोधन गर्न केवल सङ्घीय नीतिमा मात्र भर नपरी स्थानीय तहको आफ्नै आवधिक योजनाको खाँचो महसुस गरिएको हो। यसै सन्दर्भमा, नेपाल सरकारबाट जारी शिक्षा योजना निर्माणसम्बन्धी पछिल्लो मार्गदर्शनको पूर्ण पालना गर्दै, गाउँपालिकाले विद्यमान शैक्षिक चुनौतिहरूको

पहिचान, अवसरहरूको अधिकतम सदुपयोग र स्रोतहरूको कुशल परिचालन गर्ने अभिप्रायले यो योजना तयार गरेको छ।

अतः यो योजना नेचासल्यान गाउँपालिकाको शिक्षा क्षेत्रको विकासका लागि एक दिशाबोधक दस्तावेजका रूपमा रहनेछ, जसले विद्यालय तहको शैक्षिक पहुँच, सिकाइ उपलब्धि र समग्र व्यवस्थापकीय पक्षमा सकारात्मक रूपान्तरण ल्याउने मार्गप्रशस्त गर्नेछ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, दिगो विकास लक्ष्य, र सोह्रौं पञ्चवर्षीय योजनाले परिकल्पना गरेका राष्ट्रिय लक्ष्यहरूलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न नेचा सल्यान गाउँपालिकाका लागि विद्यालय शिक्षा योजना अपरिहार्य छ। विज्ञान तथा प्रविधिको तीव्र विकाससँगै शिक्षा प्रणालीलाई समयानुकूल बनाउँदै सिर्जनशील, सक्रिय र हाम्रो समाजको आर्थिक तथा सामाजिक रूपान्तरणमा योगदान दिन सक्ने सक्षम नागरिक तयार गर्न पनि यस योजनाले दिशानिर्देश गर्दछ।

योजना निर्माणका मुख्य आधारहरू यस प्रकार छन्:

- **संवैधानिक एवं कानुनी दायित्वः** नेपालको संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ले शिक्षासम्बन्धी २३ वटा अधिकारहरू तोकेको छ भने दफा (ज) )२४१ ले स्थानीय तहले अनिवार्य रूपमा आवधिक र क्षेत्रगत शिक्षा (योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ।
- **समतामूलक पहुँच र सहभागिताः** आर्थिक वा सामाजिक कठिनाइ झेलिरहेका, सीमान्तकृत समुदायका र अपाङ्गता भएका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याई उनीहरूको सहभागिता सुनिश्चित गर्न यो योजना आवश्यक छ।
- **गुणस्तरीय शिक्षाको सुनिश्चितताः** प्रत्येक बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न सकून् र समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता बढोस् भन्ने उद्देश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लागू गरेको १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना )SESP) को मर्मलाई आत्मसात् गर्दै नेचा सल्यानले यो स्थानीय शिक्षा योजना विकास गरेको हो।

संक्षेपमा भन्नुपर्दा, नेचा सल्यान गाउँपालिकाको समग्र शिक्षा प्रणालीलाई व्यवस्थित, पारदर्शी र गुणस्तरीय बनाउन तथा सङ्घीय संरचनाअनुरूप स्थानीय सरकारको भूमिकालाई प्रभावकारी रूपमा निर्वाह गर्न यो योजना निर्माण गरिएको हो।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

नेपालको संविधानले प्रारम्भिक बालविकास, अनौपचारिक शिक्षा, तथा आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ। उच्च शिक्षाको दायित्व सङ्घीय र प्रदेश सरकारमा निहित छ भने प्राविधिक तथा व्यावसायिक शिक्षालाई तीनवटै तहको साझा अधिकार क्षेत्रमा राखिएको छ। यस संवैधानिक व्यवस्थाले स्थानीय सरकारको काँधमा शिक्षालाई व्यावहारिक, प्रतिस्पर्धी, वैज्ञानिक, रोजगारमूलक, र जीवनोपयोगी बनाउने गहन जिम्मेवारी थपेको छ।

शिक्षालाई समाजको आवश्यकता, नेपालको मौलिक कलासंस्कृति र विश्वव्यापी आधुनिक प्रविधिसँग जोड्दै - अनुसन्धानमूलक र समालोचनात्मक क्षमतायुक्त जनशक्ति तयार गर्नु आजको आवश्यकता हो। यसै सन्दर्भमा, नेचा सल्यान गाउँपालिकाको शैक्षिक विकासलाई व्यवस्थित र परिणाममुखी बनाउन यो शिक्षा क्षेत्र योजना निर्माण गरिएको छ। यस योजनाको औचित्यलाई देहायबमोजिम बुँदागत रूपमा प्रष्ट पार्न सकिन्छः

- **तहगत समन्वयः** सङ्घ, प्रदेश र स्थानीय तहमा तर्जुमा गरिने शिक्षा योजनाहरूबीच नीतिगत तथा कार्यान्वयन तहमा लम्बीय )Vertical) र क्षितिजीय )Horizontal) सहसम्बन्ध कायम गर्न।
- **स्रोतको व्यवस्थित परिचालनः** सङ्घ र प्रदेशबाट प्राप्त हुने स्रोत तथा साधनलाई योजनामा आधारित बनाई त्यसको कुशल व्यवस्थापन, परिचालन र अधिकतम उपयोग सुनिश्चित गर्न।
- **समस्या न्यूनीकरणः** शैक्षिक कार्यक्रम र स्रोत व्यवस्थापनमा देखिने अभाव, कार्यगत दोहोरोपना र स्रोत परिचालनमा रहेको असक्षमतालाई निराकरण गर्न।
- **साझा दायित्वमा सहकार्यः** साझा शैक्षिक विषयहरूमा लागतको साझेदारी, आपसी समन्वय र सहकार्यलाई थप सुदृढ तथा प्रभावकारी बनाउन।
- **प्रतिबद्धताको कार्यान्वयनः** शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले गरेका शैक्षिक प्रतिबद्धताहरू पूरा गर्न सहयोग पुऱ्याउन।

## ४. शिक्षा योजना निर्माणका आधार

नेचा सल्यान गाउँपालिकाको शैक्षिक भविष्यको मार्गचित्र कोर्नका लागि पालिकाले योजना निर्माण समितिमार्फत एक गहन र सरोकारवालाहरूबीचको समन्वयकारी छलफलको आयोजना गरेको थियो। विशेषतः यसअघि निर्माण गरिएको शिक्षा योजना -२०८०)२०८५का आधारभूत मार्गदर्शन (, सिकाइ र उपलब्धिलाई यस दीर्घकालीन योजनाको प्रमुख आधारस्तम्भका रूपमा ग्रहण गरिएको छ। यो योजनालाई केवल कागजको दस्ताबेजमा सीमित नराखी, यसलाई स्थानीय आवश्यकता र राष्ट्रिय नीतिसँग जोड्न देहायका सामग्रीहरूको अध्ययन एवं विश्लेषण गरिएको छः

**१संवैधानिक तथा कानूनी आधारस्तम्भ .**

- **संवैधानिक दायित्वः** नेपालको संविधानले स्थानीय तहलाई दिएको शिक्षासम्बन्धी एकल अधिकारको कार्यान्वयन।

- **कानुनी संरचनाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, र सङ्घ, प्रदेश र स्थानीय तह ऐन २०७७ को अधिनमा (समन्वय तथा अन्तरसम्बन्ध) रहेर योजना तय गरिएको छ।

- **स्थानीय कानुनः** गाउँपालिकाको आफ्नै शिक्षा ऐन तथा समयसमयमा जारी गरिएका ऐन-, नियम र कार्यविधिहरूलाई मुख्य आधार बनाइएको छ।

२ .राष्ट्रिय नीति तथा मार्गदर्शक दस्तावेज

- **नीतिगत मार्गदर्शनः** सोह्रौं आवधिक योजना, राष्ट्रिय शिक्षा नीति २०७६, र शिक्षाको सोचपत्र २०७९ को आलोकमा स्थानीय प्राथमिकताहरू निर्धारण गरिएका छन्।

- **रणनीतिक योजनाः** विद्यालय शिक्षा क्षेत्र योजना )SESP) तथा सिकाइ आपूरण र द्रुत सिकाइका लक्ष्यहरूलाई गाउँपालिकाको परिवेशमा अनुकूलित गरिएको छ।

- **समता र विकासः** विद्यालय शिक्षामा समता रणनीति र दिगो विकास लक्ष्य )SDG) का राष्ट्रिय कार्यढाँचाहरूलाई योजनाको अभिन्न अङ्ग बनाइएको छ।

३स्थानीय तथ्य . र वस्तुस्थितिको विश्लेषण

- **जनसांख्यिक तथ्याङ्कः** राष्ट्रिय जनगणना २०७८ का नतिजाहरूलाई विद्यार्थीको पहुँच र शैक्षिक आवश्यकता पहिचान गर्न प्रयोग गरिएको छ।

- **अनुभवजन्य प्रमाणः** विद्यालय सुधार योजना )SIP), नियमित अनुगमनका प्रतिवेदनहरू, र विद्यालयमा देखिएका वास्तविक समस्याहरूको समीक्षा गरिएको छ।

- **वित्तीय आधारः** गाउँपालिकाको वार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना )MTEF) सँग तादात्म्य मिलाउँदै स्रोतको परिचालन सुनिश्चित गरिएको छ।

- **सामाजिक मानकः** बालमैत्री स्थानीय शासन घोषणाको भावना अनुरूप बालबालिकाको सिकाइ वातावरणलाई सुरक्षित बनाउने प्रतिबद्धता गरिएको छ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा २०१३ सालदेखि सुरु भएको योजनाबद्ध विकासको अभ्यासलाई आत्मसात् गर्दै, नेचा सल्यान गाउँपालिकाले स्थानीय तहको शैक्षिक सुधारका लागि 'दशवर्षे शिक्षा क्षेत्र योजना' निर्माण गरेको छ। यस

योजनाको तर्जुमा प्रक्रियालाई वैज्ञानिक, समावेशी र सहभागितामूलक बनाउन देहायका चरणहरू अवलम्बन गरिएको छः

**१प्रारम्भिक चरण र समिति गठन .** योजना निर्माणको सुरुवात गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा भएको थियो। यस क्रममा स्थानीय सरोकारवालाहरूसँग गहन छलफल र बैठकहरूको आयोजना गरियो। सोही प्रक्रियाबाट पालिकाको कार्यपालिकामा छलफल गरी 'शिक्षा योजना निर्माण समिति' गठन गरियो।

**२कार्यदल गठन र अभिमुखीकरण .** योजनाको मस्यौदा तयार पार्न स्थानीय स्तरमै उपलब्ध विज्ञ र स्रोत व्यक्तिहरू सम्मिलित 'मस्यौदा लेखन कार्यदल' गठन गरिएको थियो। उक्त कार्यदललाई पालिकाको शैक्षिक अवस्थाको वस्तुनिष्ठ विश्लेषण गर्न र व्यापक सरोकारवालाको सहभागिता सुनिश्चित गर्न आवश्यक अभिमुखीकरण प्रदान गरियो।

**३सरोकारवालाहरूको बृहत् सहभागिता र कार्यशाला .**

योजनालाई जनमुखी बनाउन विभिन्न चरणमा सुझाव सङ्कलन गरिएको थियोः

- **नीतिगत विश्लेषणः** शिक्षा, महिला तथा बालबालिका लगायतका शाखासँग सम्बन्धित मौजुदा नीति, कार्यक्रम र कार्यविधिहरूको सूक्ष्म विश्लेषण गरियो।
- **बृहत् कार्यशालाः** गाउँपालिका प्रमुखको उपस्थितिमा एक दिने कार्यशाला आयोजना गरियो। जसमा स्वास्थ्य, खानेपानी, विपद् व्यवस्थापन लगायतका विषयगत शाखाका प्रमुखहरू, वडाध्यक्षहरू, महिला स्वास्थ्य स्वयंसेविका, बाल क्लबका प्रतिनिधि, शिक्षक, बालविकास सहजकर्ता र अभिभावकहरूको सक्रिय सहभागिता रह्यो।

**४मस्यौदा लेखन र परिमार्जन .**

- **मस्यौदा तयारीः** सरोकारवालाहरूबाट प्राप्त सूचना र सुझावहरूका आधारमा लेखन कार्यदलले योजनाको मस्यौदा तयार पार्‍यो।
- **सुझाव सङ्कलनः** तयार गरिएको मस्यौदालाई गाउँ शिक्षा समिति र प्रअहरूको बैठकमा छलफल गराइयो। साथै, पालिकाको आधिकारिक वेबसाइटमार्फत सार्वजनिक रूपमा रायसुझाव आह्वान - गरियो।
- **अन्तिम रूपः** सङ्कलित रायसुझावहरूलाई समेटेर लेखन कार्यदलले अन्तिम मस्यौदा शिक्षा योजना - निर्माण समितिसमक्ष पेस गर्‍यो। समितिले आवश्यक मूल्याङ्कन गरी कार्यपालिका बैठकमा पेस गर्ने निर्णय गर्‍यो।

**५स्वीकृति र कार्यान्वयन .** अन्तिम रूप दिइएको १० वर्षे शिक्षा क्षेत्र योजनालाई नेचासल्यान गाउँपालिकाको गाउँ कार्यपालिका बैठकबाट छलफल र स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

## ६. योजनाको लेखाजोखा

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • **नेतृत्वको दृढ प्रतिबद्धताः** योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै गाउँपालिकाको उच्च नेतृत्वको सक्रिय सहभागिता र मार्गदर्शन रहेको छ।<br>• **संस्थागत समन्वयः** गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकत्वमा शिक्षा योजना निर्माण समिति गठन गरी योजना निर्माण कार्यलाई संस्थागत गरिएको छ।<br>• **पारदर्शी मस्यौदा तयारीः** शिक्षा क्षेत्रका विज्ञ र सरोकारवालाहरू सम्मिलित गठन गरी अत्यन्तै पारदर्शी ढङ्गबाट मस्यौदा ÷शिक्षा योजना मस्यौदा कार्यदल' तयार गरिएको छ।<br>• **अर्थपूर्ण सहभागिताः** योजनाका लागि आवश्यक सूचना तथा सुझाव सङ्कलन प्रक्रियामा शैक्षिक सरोकारवालाहरूको सक्रिय, रचनात्मक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको छ। |
| २ | पर्याप्तता र सान्दर्भिकता | • **समस्या र चुनौतीको सम्बोधनः** यस योजनामा समावेश गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू नेचा सल्यान गाउँपालिकाको शिक्षा क्षेत्रमा विद्यमान समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न पूर्ण रूपमा सक्षम र पर्याप्त रहेका छन्। |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • **शैक्षिक उन्नयनको प्रतिबद्धताः** यो योजनाले समता, सक्षमता, सिकाइ उपलब्धि र शैक्षिक गुणस्तरका महत्त्वपूर्ण आयामहरूमा अपेक्षित सुधार ल्याउँदै शिक्षा क्षेत्रको समग्र विकास र उन्नयनका लागि पर्याप्त आधार तयार गरेको छ। |
| ४ | अन्तर्सम्बन्ध र तादाम्यता | • **नीतिगत समन्वयः** यो योजना गाउँपालिकाका वार्षिक नीति तथा कार्यक्रम र अन्य विकास योजनाहरूसँग पूर्ण रूपमा अन्तर्सम्बन्धित र परिपूरक रहेको छ।<br>• **लक्ष्यहरूको अनुकुलनः** यस योजनालाई शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र लक्ष्यहरूसँग पूर्ण रूपमा अनुकूलन गरिएको छ।<br>• **मार्गनिर्देशनको पालनाः** स्थानीय तहको योजना तर्जुमासम्बन्धी अद्यावधिक मार्गनिर्देशन २०८१ को मर्म अनुरूप तयार गरिएको यस योजनाले शैक्षिक क्षेत्रका विविध |

| | | |
|---|---|---|
| | | आयामहरू र अन्य सम्बन्धित विषयहरूबीच सुमधुर तालमेल स्थापित गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • **योजनाको सुदृढ तादाम्यता:** यस योजनामा समेटिएका विषयवस्तुहरूलाई शिक्षाका विभिन्न उपक्षेत्रहरू, अन्तरसम्बन्धित सरोकारका विषयहरू, उपलब्ध स्रोत-साधनको अवस्था तथा अनुगमन एवं मूल्याङ्कन पद्धतिको संरचनासँग पूर्ण रूपमा तादाम्यता कायम गरिएको छ।<br>• **व्यावहारिक र समाधानमूलक दृष्टिकोण:** नेचा सल्यान गाउँपालिकाको स्थानीय आवश्यकताहरूलाई पहिचान गर्दै, शिक्षा क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरूको सम्बोधन गर्न यो योजनाले ठोस तथा व्यावहारिक प्रयास गरेको छ। |
| ६ | स्रोतको प्रबन्ध | • **स्रोतको व्यवस्थित परिचालन:** सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने बजेट तथा अनुदानहरूलाई यस योजनाका प्राथमिकताहरूसँग आबद्ध गरी कुशल व्यवस्थापन र परिचालन गर्ने सुनिश्चित गरिएको छ।<br>• **आन्तरिक स्रोत र सहकार्य:** गाउँपालिकाको आन्तरिक स्रोतको अधिकतम उपयोग गर्नुका साथै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्न विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ-संस्थासँग सहकार्य र साझेदारी गर्ने रणनीति अवलम्बन गरिएको छ।<br>• **लागत साझेदारी:** साझा शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनमा लागत साझेदारी (Cost Sharing) को सिद्धान्तलाई आत्मसात् गरी स्रोतको दोहोरोपना अन्त्य गर्दै प्रभावकारी उपयोगमा जोड दिइएको छ। |
| ७ | संस्थागत क्षमता | • **वस्थापकीय सुदृढीकरण:** शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा शाखाको संस्थागत क्षमता अभिवृद्धि गर्दै जनशक्ति र प्रणालीलाई थप चुस्त र उत्तरदायी बनाइनेछ।<br>• **प्रविधि र सूचना प्रणाली:** विद्यालय शिक्षाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउँदै शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMS) लाई थप सुदृढ र अद्यावधिक बनाइनेछ।<br>• **सुशासन र जवाफदेहिता:** योजना कार्यान्वयनको समग्र प्रक्रियामा पारदर्शिता, सुशासन र जवाफदेहिता सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ।<br>• **समन्वयात्मक क्षमता:** स्थानीय तहका विभिन्न विषयगत शाखाहरू र सरोकारवालाहरूबीचको समन्वय क्षमता वृद्धि गरी योजनाको लक्ष्य हासिल गर्न आवश्यक सहकार्यलाई प्राथमिकता दिइनेछ। |
| ८ | कार्यान्वयनमा तत्परता | • **सरोकारवालाको स्वामित्व:** यो योजना स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता र सुझावका आधारमा तर्जुमा गरिएको हुनाले यसको कार्यान्वयनमा स्थानीय स्वामित्व र तत्परता उच्च रहेको छ। |

| | | |
|---|---|---|
| | | • **प्रबोधीकरण र क्षमता विकास:** योजना कार्यान्वयनमा सहजता ल्याउन र जिम्मेवार पक्षलाई थप स्पष्ट पार्न स्वीकृतिपूर्व नै सरोकारवालाहरूका लागि प्रबोधीकरण र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको छ।<br>• **बजेट र कार्यक्रमसँगको आबद्धता:** योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा यसै योजनालाई मुख्य आधार बनाउने अनिवार्य व्यवस्था गरिएको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • **तथ्याङ्कको वस्तुनिष्ठता:** गाउँपालिकाभित्रका शैक्षिक सूचकहरूलाई समेट्दै योजनाको आधारका रूपमा आवश्यक तथ्याङ्कहरूलाई व्यवस्थित ढङ्गले समावेश गरिएको छ।<br>• **तथ्याङ्कमा आधारित योजना:** सङ्कलित तथ्याङ्कहरूको विश्लेषणका आधारमा शैक्षिक अवस्थाको यथार्थ चित्रण गरिएको छ, जसले आगामी दिनमा शैक्षिक सुधारका लागि ठोस योजना र प्रक्षेपण गर्न मद्दत पुऱ्याउँछ। |
| १० | अनुगमन र प्रतिवेदन | • **अनुगमन संयन्त्र:** योजना कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न शिक्षाका सबै तहमा आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्थित संयन्त्रको निर्माण गरिएको छ।<br>• **नतिजामुखी प्रतिवेदन:** अनुगमनबाट प्राप्त नतिजाका आधारमा सुधारका कदम चाल्न र जवाफदेहिता प्रवर्द्धन गर्न नियमित प्रतिवेदन प्रणालीको समेत व्यवस्था गरिएको छ। |

## ७. योजनाको दस्तावेजको स्वरूप

यो योजना सातवटा प्रमुख परिच्छेदहरूमा विभाजित छ, जसले गाउँपालिकाको समग्र शैक्षिक सुधारको मार्गचित्र प्रस्तुत गर्दछ:

- **परिच्छेद १ (पृष्ठभूमि):** यस खण्डमा गाउँपालिकाको शैक्षिक पृष्ठभूमि, विद्यमान समस्याहरू, चुनौतीहरू र अवसरहरूको विस्तृत विश्लेषण गरिएको छ।
- **परिच्छेद २ (दूरदृष्टि र लक्ष्य):** यसमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्य, रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू समावेश गरिएका छन्।
- **परिच्छेद ३ (उपक्षेत्रगत योजना):** यस परिच्छेदमा विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू'प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको खाका प्रस्तुत गरिएको छ।
- **परिच्छेद ४ (अन्तरसम्बन्धित विषयहरू):** यसमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा

सङ्कटकालीन अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास, सूचना तथा सञ्चार प्रविधि जस्ता महत्त्वपूर्ण विषयहरू समेटिएका छन्।

- **परिच्छेद ५ (सुशासन तथा व्यवस्थापन)**: सुशासनलाई जोड दिँदै यस खण्डमा आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको व्यवस्था तथा अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीको व्यवस्था गरिएको छ।
- **परिच्छेद ६ (स्रोत व्यवस्थापन)**: योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी र स्रोत व्यवस्थापनका विधि तथा प्रक्रियाहरू यस खण्डमा प्रस्तुत गरिएको छ।
- **परिच्छेद ७ (अनुगमन र मूल्याङ्कन)**: योजनाको सफलता मापन गर्न आवश्यक अनुगमन तथा मूल्याङ्कनका तौरतरिका र विधिहरू यस अन्तिम खण्डमा उल्लेख गरिएका छन्।

## परिच्छेद :१ परिचय

### १.१. पृष्ठभूमि

नेपालको संविधानले राज्यको पुनर्संरचना गरी सङ्घ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँड गर्दै सङ्घीय शासन प्रणालीको स्थापना गरेको छ। यसै संवैधानिक व्यवस्था अन्तर्गत नेपालमा ७५३ स्थानीय तहहरू क्रियाशील छन्, जसमध्ये सोलुखुम्बु जिल्लामा अवस्थित **नेचासल्यान गाउँपालिका** पनि एक हो।

नेपालको संविधानको भाग ३, धारा ३१ ले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ। यसले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको ग्यारेन्टी गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी २३ वटा अधिकार प्रदान गर्दै स्थानीय स्तरको शैक्षिक विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत तथा मध्यकालीन र दीर्घकालीन योजनाहरू बनाई कार्यान्वयन गर्नुपर्ने कानुनी दायित्व सुम्पेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६, सङ्घीय सरकारको १० वर्षे योजना, दिगो विकासका लक्ष्यहरू र सोह्रौं आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरूलाई पूरा गर्न स्थानीय सरकारको नेतृत्व, सहयोग र समन्वय अपरिहार्य छ। यसै सन्दर्भमा, नेचासल्यान गाउँपालिकाले आफ्नो क्षेत्रभित्र समावेशी, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहन गर्न यो योजना तर्जुमा गरेको छ।

यो योजना गाउँपालिकाको समग्र विकास र शैक्षिक रूपान्तरणको मार्गचित्र हो। सङ्घीय, प्रादेशिक र स्थानीय तहका नीति, कार्यक्रम तथा बजेटहरू एक-अर्कामा अन्तरसम्बन्धित रहने भएकाले, यो योजनाले ती सबै तहका लक्ष्य र रणनीतिहरूसँग तादाम्यता कायम गर्दै गाउँपालिकामा **'प्रविधिमैत्री, समावेशी र उत्पादनमुखी शिक्षासहितको आत्मनिर्भर एवं संस्कारयुक्त जनशक्ति'** विकास गर्ने दीर्घकालीन सोच राखेको छ। यसै लक्ष्य प्राप्तिका लागि विद्यालय शिक्षालाई सिकाइमैत्री, व्यावहारिक र गुणस्तरीय बनाउँदै असल नागरिक उत्पादन गर्न गाउँपालिका प्रतिबद्ध छ।

#### १.१.१. भौगोलिक अवस्थिति

नेचासल्यान गाउँपालिका, कोशी प्रदेशअन्तर्गत सोलुखुम्बु जिल्लाको दक्षिण-पश्चिमी भेगमा अवस्थित एक सुन्दर स्थानीय तह हो। वि.सं. २०७३ सालमा ७५३ स्थानीय तह लागू गर्ने क्रममा साविकका सल्यान, नेचा बतासे र नेचा बेतघारी गाउँ विकास समितिहरूलाई समायोजन गरी यस गाउँपालिकाको स्थापना गरिएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल ६७.५४ वर्ग किलोमिटर (६,७५४ हेक्टर) रहेको छ। यस गाउँपालिकाको प्रशासनिक केन्द्र १,४५० मिटरको उचाइमा अवस्थित छ र यसलाई ५ वटा वडामा विभाजन गरिएको छ। भौगोलिक रूपमा यसको पूर्वमा ओखलढुङ्गा जिल्लाको लिखु गाउँपालिका र थुलुङ दूधकोशी गाउँपालिका, पश्चिममा ओखलढुङ्गा जिल्लाको सिद्धिचरण नगरपालिका, उत्तरमा सोलुदूधकुण्ड र थुलुङ दूधकोशी गाउँपालिका तथा दक्षिणमा ओखलढुङ्गा जिल्लाको खिजिदेम्बा गाउँपालिका पर्दछन्। यस गाउँपालिकाको भौगोलिक अवस्थिति ८६° ३२÷ १३" देखि ८६° ४०÷ ५४" पूर्वी देशान्तर र २७° २०÷ १६" देखि २७° २४÷ २६" उत्तरी अक्षांशसम्म फैलिएको छ। विविधतायुक्त यस गाउँपालिकाको भू-

बनोटमा कडा चट्टान, बलौटे, रातो र चिम्टाइलो माटोको सम्मिश्रण पाउन सकिन्छ। यहाँको धेरैजसो भू-भाग वनजङ्गलले ढाकिएको छ भने उर्वर जमिनका कारण हिउँदे र बर्खे बालीका साथै विभिन्न प्रकारका तरकारी तथा फलफूलको उत्पादनका लागि यो क्षेत्र उपयुक्त छ। कृषि, पर्यटन र पूर्वाधार विकासलाई गाउँपालिकाले आफ्नो समृद्धिको मूल आधारका रूपमा लिएको छ।

### १.१.२. जनसाङ्ख्यिकी विवरण

जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या ११,३८१ रहेको छ। यसमा घरधुरी सङ्ख्या २,६३१ र परिवार सङ्ख्या २,८९३ रहेको छ भने प्रतिपरिवार औसत आकार ४.०९ छ। कुल जनसङ्ख्यामध्ये महिला ५०.८२% र पुरुष ४९.१८% रहेका छन्, जसको लैङ्गिक अनुपात ९६.७७% छ। जनसङ्ख्याको दृष्टिले यो गाउँपालिका सोलुखुम्बु जिल्लाका स्थानीय तहहरूमध्ये पाँचौं ठूलो गाउँपालिका हो। यस गाउँपालिकाको जनघनत्व औसत ३.९७ रहेको छ भने प्रति वर्ग किलोमिटर जनघनत्व १६८ जना छ। त्यसैगरी, अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या महिला २.३% र पुरुष २.९% गरी जम्मा २.६% रहेको छ भने साक्षरता दर महिला ७०.७% र पुरुष ८६.६% गरी जम्मा ७८.५% रहेको छ।

**नेचासल्यान गाउँपालिकाको उमेरगत जनसङ्ख्या विवरण**

| नेचासल्यान गाउँपालिकाको उमेरगत जनसङ्ख्या विवरण | | | | |
|---|---|---|---|---|
| **उमेर समूह** | **पुरुष** | **महिला** | **जम्मा** | **कैफियत** |
| ९५+ | ४ | ५ | ९ | |
| ९०-९४ | ३ | ९ | १२ | |
| ८५-८९ | ३३ | ५६ | ८९ | |
| ८०-८४ | ५९ | ६१ | १२० | |
| ७५-७९ | ११२ | १२८ | २४० | |
| ७०-७४ | १६९ | १७७ | ३४६ | |
| ६५-६९ | २०३ | २२३ | ४२६ | |
| ६०-६४ | २४४ | २८२ | ५२६ | |
| ५५-५९ | २६९ | २७८ | ५४७ | |
| ५०-५४ | ३१३ | ३३७ | ६५० | |
| ४५-४९ | २४० | २४९ | ४८९ | |
| ४०-४४ | २६४ | ३२१ | ५८५ | |
| ३५-३९ | ३४३ | ३६२ | ७०५ | |
| ३०-३४ | ४१३ | ३९६ | ८९६ | |
| २५-२९ | ४३१ | ४४० | ८७१ | |
| २०-२४ | ४८६ | ५०७ | ९९३ | |
| १५-१९ | ५८५ | ५७६ | ११६१ | |
| १०-१४ | ५५० | ५३६ | १०८६ | |
| ५-९ | ४२७ | ४५८ | ८८५ | |
| ०-४ | ४४९ | ३८३ | ८३२ | |
| **सबै उमेर** | **५५९७** | **७५८४** | **११३८१** | |
| *स्रोत :जनगणना २०७८* | | | | |

| नेचासल्यान गाउँपालिकाको विद्यालय उमेर समूहको जनसङ्ख्या विवरण | | | | |
|---|---|---|---|---|
| क स | उमेर | जनसङ्ख्या | | |
| | | जम्मा | पुरुष | महिला |
| १ | **सबै उमेर** | **३७७२** | **१९१४** | **१८८५** |
| २ | ० वर्ष | १५० | ८२ | ६८ |
| ३ | १ वर्ष | १५३ | ९३ | ६० |
| ४ | २ वर्ष | १५९ | ७९ | ८० |
| ५ | ३ वर्ष | १५८ | ८८ | ७० |
| ६ | ४ वर्ष | २१२ | १०७ | १०५ |
| ७ | ५ वर्ष | १४८ | ७० | ७८ |
| ८ | ६ वर्ष | १७९ | ७९ | १०० |
| ९ | ७ वर्ष | १७८ | ८३ | ९५ |
| १० | ८ वर्ष | १७९ | ८८ | ९१ |
| ११ | ९ वर्ष | २०१ | १०७ | ९४ |
| १२ | १० वर्ष | २११ | १११ | १०० |
| १३ | ११ वर्ष | १८८ | ९४ | ९४ |
| १४ | १२ वर्ष | २३६ | १०५ | १३१ |
| १५ | १३ वर्ष | २३० | १२० | ११० |
| १६ | १४ वर्ष | २२१ | १२० | १०१ |
| १७ | १५ वर्ष | २४१ | १२४ | ११७ |
| १८ | १६ वर्ष | २४१ | १२२ | ११९ |

**वडागत जनसङ्ख्या विवरण**

**घरधुरी संख्या, लिङ्ग अनुसारको जनसंख्या, औसत घरधुरी आकार र लिङ्ग अनुपात।**

| क्र.सं. | वडा | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औसत् घरधुरी परिवार सङ्ख्या | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | | |
| | **जम्मा** | **२७८३** | **११३८१** | **५५९७** | **५७८४** | **४.०९** | **९६.७७** |
| १ | १ | ६२८ | २६६८ | १२७९ | १३८९ | ४.२५ | ९२.०८ |
| २ | २ | ५१३ | २०९१ | १०४५ | १०४६ | ४.०८ | ९९.९० |
| ३ | ३ | ७४५ | २९४८ | १४५५ | १४९३ | ३.९६ | ९७.४५ |
| ४ | ४ | ४२४ | १६५१ | ८११ | ८४० | ३.८९ | ९६.५५ |
| ५ | ५ | ४७३ | २०२३ | १००७ | १०१६ | ४.२८ | ९९.११ |

*Source:jangarana 2078*

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

कोशी प्रदेश अन्तर्गत सोलुखुम्बु जिल्लाको दक्षिणी भागमा अवस्थित नेचासल्यान गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधताको एक अनुपम संगम हो। यहाँ मुख्य रूपमा राई, ब्राह्मण, क्षेत्री, शेर्पा, कामी, दमाई, सार्की र नेवार समुदायको मिश्रित बसोबास रहेको छ, जसले यस क्षेत्रलाई एक बहुसांस्कृतिक थलोका रूपमा स्थापित गरेको छ। समाजमा विभिन्न जातजाति, भाषा र परम्पराको सहअस्तित्वले गर्दा यहाँको सामाजिक परिवेश अत्यन्तै भाइचारा र सद्भावपूर्ण छ।

यहाँको जनजीवनको मुख्य आधार कृषि हो, जसमा मकै, कोदो, गहुँ र धान खेती प्रमुख छन्। यसका साथै स्थानीय हावापानी सुहाउँदो फलफूल खेती र पशुपालन पनि उत्तिकै महत्त्वपूर्ण छ। पर्यटकीय दृष्टिले समेत धनी यस गाउँपालिकामा पर्दी डाँडा, सुकेपोखरी, फुर्केपोखरी, लौरेश्वर, हावा आउने ओडार र थाम डाँडा जस्ता ऐतिहासिक तथा प्राकृतिक स्थलहरू रहेका छन्, जसले स्थानीय पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याइरहेका छन्। ७८.४९ प्रतिशत साक्षरता दर रहेको यस गाउँपालिकामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा क्रमशः सुधार भइरहेको पाइन्छ। बढ्दो आधुनिकता र पूर्वाधार विकासका बाबजुद यहाँका बासिन्दाहरू आफ्नो मौलिक संस्कृति, चाडपर्व र परम्परागत खेती प्रणालीलाई बचाई राख्न तत्पर देखिन्छन्, जसले यस गाउँपालिकालाई ग्रामीण पर्यटन र सांस्कृतिक अध्ययनका लागि एक उत्कृष्ट गन्तव्य बनाएको छ।

### १.१.४ आर्थिक अवस्था

नेचासल्यान गाउँपालिकाको अर्थतन्त्र मुख्यतया कृषि, पर्यटन र सेवा क्षेत्रमा आधारित छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार, यस गाउँपालिकामा आर्थिक रूपमा सक्रिय जनसङ्ख्या ७७.१ प्रतिशत रहेको छ। यद्यपि, आर्थिक रूपमा कुनै पनि काममा संलग्न नरहेको जनसङ्ख्या २५.२ प्रतिशत देखिन्छ। रोजगारीको समयावधिलाई विश्लेषण गर्दा, कामको प्रकृति अनुसार विविधता पाइन्छः तीन महिनाभन्दा कम समय काम गर्ने जनसङ्ख्या १३.४ प्रतिशत, छ महिनासम्म काम गर्ने १२.३ प्रतिशत र छ महिनाभन्दा बढी काम गर्ने जनसङ्ख्या ४७.७ प्रतिशत रहेको छ। यसले यहाँको ठूलो जनसङ्ख्या दीगो र लामो समयसम्म रहने रोजगारीमा संलग्न रहेको देखाउँछ, जुन गाउँपालिकाको आर्थिक सबलीकरणका लागि सकारात्मक पक्ष हो।

### १.१.५ गाउँपालिकाको शैक्षिक सन्दर्भ

नेचासल्यान गाउँपालिकाको शैक्षिक प्रणालीलाई व्यवस्थित र गुणस्तरीय बनाउने उद्देश्यका साथ हाल कुल ३२ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन्, जसमध्ये २६ वटा आधारभूत तह र ६ वटा माध्यमिक तहका विद्यालयहरू छन्। यस शैक्षिक सञ्जाललाई थप बलियो बनाउन विद्यालयहरूमै ३४ वटा बालविकास केन्द्र र १ वटा आधारभूत तहको गुरुकुलसमेत सञ्चालन भइरहेका छन्। शिक्षण सिकाइको नेतृत्व गर्न १९६ जना शिक्षकहरू कार्यरत छन् भने विद्यालयको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापनमा ३४ जना प्रारम्भिक बालविकास सहजकर्ताहरू र आवश्यक संख्यामा विद्यालय सहयोगी तथा लेखा सम्बन्धी कर्मचारीहरू संलग्न छन्। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारबमोजिम, गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न नीतिगत, कानुनी र प्रणालीगत आधारहरू निर्माण गरिरहेको छ। यसक्रममा जनप्रतिनिधि, प्रशासनिक नेतृत्व र सरोकारवालाहरूको सहभागितामा विद्यालय

शिक्षामा विद्यमान अवसर र चुनौतीहरूको विश्लेषण गर्दै दिगो शैक्षिक विकासका लागि आवश्यक नीति, योजना र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राखेको छ।

यस नेचासल्यान गाउँपालिकामा देहाय अनुसारका शैक्षिक संस्थाहरु रहेका छन ।

- सरकारी विद्यालयको संख्या – ३०
- निजी विद्यालयको संख्या – २
- क्याम्पस संख्या- ३
- आधारभूत विद्यालय संख्या – २४
- माध्यामिक विद्यालय संख्या — ६
- बालविकास केन्द्र — ३४

सामुदायिक विद्यालयहरूमा शिक्षक तथा विद्यार्थी विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | तह | शिक्षक | विद्यार्थी | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ३४ | २२६ | |
| २ | आधारभूत तह ( कक्षा १-५) | १३६ | ७५९ | |
| ३ | आधारभूत तह ( कक्षा ६-८) | ४४ | ५०३ | |
| ४ | माध्यमिक तह ( कक्षा ९-१०) | ३० | ३५२ | |
| ५ | माध्यमिक तह ( कक्षा ११-१२) | ११ | २६८ | |
| ६ | निजी शैक्षिक संस्था | १७ | १७२ | |
| | जम्मा | २७२ | २२८० | |

विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी नतिजामूलक सुधारका लागि संस्थागत प्रयासहरु जरुरत हुन्छ । यसका निमित्त गाउँपालिकाका विधायिकी, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक नीति, योजना, विधि तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यमा सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ ।

संविधानले प्रदान गरेको विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्थित प्रयोग गर्न नेचासल्यान गाउँपालिकाले स्थानीय शिक्षा ऐन, नियमावली, विभिन्न कार्यविधिहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

## तहगत विद्यालय विवरण २०८२

| क्र.स. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | |
| १. | बालविकास कक्षा | ३४ | | ३४ | | |
| | आधारभूत तह १-३ | १२ | | १२ | | |
| २. | आधारभूत तह १-५ | ४ | | ४ | २ | |
| ३. | आधारभूत तह १-८ | ८ | | ८ | | |
| ४. | माध्यमिक१- १० | - | | - | | |
| ५. | माध्यमिक १- १२ | ६ | | ६ | | |
| | जम्मा | ३० | | ३० | २ | |

## प्रकारगत शिक्षक विवरण

| क्र.स. | प्रकार | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक | उच्चमाध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | दरबन्दी | १२७ | २४ | १७ | ३ | १७१ |
| २. | राहत/ अनुदान | ९ | १८ | ८ | ८ | ४३ |
| ३. | गा.पा. अनुदान | ० | २ | ५ | ० | ७ |
| | जम्मा | १३६ | ४४ | ३० | ११ | २२१ |

## श्रेणीगत शिक्षक विवरण

| क्र.स. | तह | प्रथम | द्वीतीय | तृतीय | अस्थायी | राहत | रित्त | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्राथमिक | ८ | ४९ | ७० | २ | ७ | ० | १३६ |
| २. | निम्नमाध्यमिक | १ | ७ | १६ | ० | १८ | ० | ४४ |
| ३. | माध्यमिक | १ | ५ | ११ | ० | ८ | ० | १७ |
| ४. | उच्चमाध्यमिक | ० | ० | ११ | ० | ० | ० | ११ |
| | जम्मा | १० | ६१ | १०८ | २ | २५ | ० | २०८ |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा वार्षिक शैक्षिक प्रतिवेदन २०८२ /०८३*

| सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण ( शैक्षिक शत्र २०८२) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | तह | कुल विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | बालविकास | १२१ | १०५ | २२६ | | | | | | |
| ५. | आधारभूत १-८ | ६१९ | ६४३ | १२६२ | | | | | | |
| ६. | माध्यमिक ९-१० | १७९ | १७३ | ३५२ | | | | | | |
| ७. | माध्यमिक ११ - १२ | १३८ | १३० | २६८ | | | | | | |
| | जम्मा | १०५७ | १०५१ | २१०८ | | | | | | |

स्रोतः IEMIS Report,२०८२

**साक्षरता सम्बन्धी विवरण**

| **५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसङ्ख्या** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **वर्ग** | **कुल** | **पुरुष** | **महिला** |
| १ | पढ्न र लेख्न दुवै जानेको | ७५४८ | ३७७४ | ३७७४ |
| २ | पढ्न मात्र जानेका | १००८ | ६४९ | ३५९ |
| ३ | पढ्न र लेख्न दुवै नजानेको | ११५४ | ४६८ | ६८६ |

स्रोतः शिक्षा शाखा प्रतिवेदन २०८२

## १.२ सबल पक्षहरु

नेचासल्यान गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार र पहुँच विस्तारका लागि विगतमा सञ्चालन गरेका योजनाबद्ध प्रयासहरूको परिणामस्वरुप शैक्षिक क्षेत्रमा थुप्रै सबल पक्षहरू देखा परेका छन्। हाल विद्यालय शिक्षामा सम्पूर्ण बालबालिकाहरूको पहुँच सुनिश्चित भएको छ भने विद्यालयहरूमा शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरूको उपलब्धता रहेको छ। शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि नियमित तालिमको व्यवस्था गरिनुका साथै विद्यालयहरूमा बालमैत्री शिक्षण विधिहरू अवलम्बन गरिएको छ। स्थानीय सरकार र सरोकारवालाहरूको निरन्तर चासो तथा सहभागिताका कारण विद्यालय र समुदायबीचको समन्वय सुदृढ बनेको छ। गाउँपालिकाले कुल बजेटको करिब ४ प्रतिशत हिस्सा शिक्षामा लगानी गर्नुका साथै संघीय सरकारको दिवा खाजा कार्यक्रममा थप ५ रुपैयाँ उपलब्ध गराई विद्यार्थीको पोषण र निरन्तरतामा टेवा पुऱ्याएको छ। साथै, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, विभिन्न संघ-संस्थाहरूसँगको सहकार्य, व्यवस्थित परीक्षा सञ्चालन र नियमित अनुगमन समितिको सक्रियताले

नेचासल्यानको शैक्षिक वातावरणलाई थप मर्यादित, पारदर्शी र गुणस्तरीय बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। समग्रमा नेचासल्यान गाउँपालिकाक शैक्षिक सबल पक्षहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. **शैक्षिक पहुँचः** विद्यालय शिक्षामा सम्पूर्ण बालबालिकाहरूको समान पहुँच सुनिश्चित भएको छ।
२. **भौतिक पूर्वाधारः** शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरूको उपलब्धता रहेको छ।
३. **शिक्षक क्षमताः** तालिमप्राप्त तथा दक्ष शिक्षकहरूको उपलब्धताले शैक्षिक वातावरण सुदृढ बनेको छ।
४. **बालमैत्री सिकाइः** विद्यालयहरूमा बालमैत्री शिक्षण विधिहरू अवलम्बन गरी सिकाइ प्रक्रियालाई थप रुचिकर बनाइएको छ।
५. **सरोकारवालाको सक्रियताः** स्थानीय सरकार र शैक्षिक सरोकारवालाहरूबाट शिक्षा क्षेत्रमा निरन्तर चासो र सहभागिता बढ्दो छ।
६. **सूचना प्रविधिः** सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि आवश्यक सेवा र शैक्षिक सामग्रीहरूको उपलब्धता सुनिश्चित गरिएको छ।
७. **वित्तीय लगानीः** गाउँपालिकाले आफ्नो कुल बजेटको करिब ४ प्रतिशत हिस्सा शिक्षा क्षेत्रमा विनियोजन गरेको छ।
८. **दिवा खाजा कार्यक्रमः** संघीय सरकारको दिवा खाजा कार्यक्रममा गाउँपालिकाले प्रति विद्यार्थी ५ रुपैयाँ थप गरी पोषण र निरन्तरतामा जोड दिएको छ।
९. **निरन्तर तालिमः** शिक्षकहरूको पेसागत क्षमता विकासका लागि समय-समयमा तालिमको व्यवस्था गरिएको छ।
१०. **सहकार्य र समन्वयः** शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गरी शैक्षिक गतिविधिहरू अघि बढाइएको छ।
११. **सूचना प्रवाहः** विद्यालय र सरोकारवाला निकायहरूबीच सूचना आदान-प्रदान र समन्वय प्रभावकारी छ।
१२. **परीक्षा व्यवस्थापनः** गाउँपालिकाको संयोजनमा आधारभूत तहको परीक्षा प्रणालीलाई व्यवस्थित र मर्यादित बनाइएको छ।
१३. **अनुगमन र सुपरीवेक्षणः** अनुगमन समिति गठन गरी विद्यालयहरूको नियमित अनुगमन गर्ने परिपाटी बसालिएको छ।

## १.३ मुख्य समस्याहरु एवम् चुनौतिहरू

नेचासल्यान गाउँपालिकाको शैक्षिक प्रणालीमा विद्यालय संख्या, शिक्षक दरबन्दी र विद्यार्थी सहभागिताको हिसाबले आधारभूत संरचना खडा भए तापनि सिकाइ उपलब्धि, संस्थागत सुशासन र स्रोत व्यवस्थापनमा गम्भीर चुनौतीहरू रहेका छन्। हाल २२१ जना शिक्षक, ३४ जना प्रारम्भिक बालविकास सहजकर्ता र ३२ वटा सामुदायिक विद्यालयहरूको सञ्जाल सक्रिय रहे पनि शैक्षिक तथ्याङ्क प्रणालीको अभाव, प्राविधिक शिक्षाको

पहुँचमा कठिनाइ र परम्परागत तथा आधुनिक सिकाइ पद्धतिको एकीकरणमा देखिएका समस्याले शैक्षिक गुणस्तरलाई प्रभावित पारिरहेका छन्। स्थानीय सरकारको नीतिगत पहलका बाबजुद पनि सिकाइमा गुणस्तर कायम गर्न, विद्यालय समुदायको सम्बन्ध सुदृढ गर्न र प्रविधिमैत्री वातावरण निर्माण गर्नु गाउँपालिकाको मुख्य कार्यभार बनेको छ।

**१. प्रमुख शैक्षिक समस्याहरू**

१. **न्यून सिकाइ उपलब्धिः** कक्षाकोठामा विद्यार्थीको सिकाइ स्तर सन्तोषजनक नहुनु र आर्जित ज्ञानको व्यावहारिक प्रयोग कम हुनु।

२. **शिक्षक व्यवस्थापनमा असन्तुलनः** तहगत तथा विषयगत रूपमा शिक्षकको दरबन्दी मिलान हुन नसक्नु र उपलब्ध जनशक्तिको सदुपयोगमा कमी।

३. **विद्यालय छाड्ने प्रवृत्ति (Dropout):** गरिबी र भौगोलिक विकटताका कारण विद्यार्थीहरूले बीचमै विद्यालय छाड्ने दर उच्च रहनु।

४. **समावेशी शिक्षाको अभावः** विशेष आवश्यकता भएका तथा पिछडिएको वर्गका बालबालिकाको पहिचान र उनीहरूको रुचिअनुसारको शिक्षा दिन नसक्नु।

५. **प्राविधिक तथा व्यावसायिक शिक्षाको सीमितताः** प्राविधिक धारका विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढाउन र रोजगारीमुखी सिप सँग जोड्न नसक्नु।

६. **व्यवस्थापकीय कमजोरीः** विद्यालय व्यवस्थापन समिति र समुदायको अपनत्व तथा सक्रियतामा कमी।

७. **तथ्याङ्क प्रणाली र स्रोतः** भरपर्दो शैक्षिक तथ्याङ्क (EMIS) को अभाव र पुस्तकालय, प्रयोगशाला एवं सूचना प्रविधिको अपर्याप्तता।

८. **सहजकर्ता र गुरुकुल व्यवस्थापनः** बालविकास सहजकर्ताको सेवा सुविधामा नीतिगत अन्योल र गुरुकुलजस्ता परम्परागत शिक्षालाई आधुनिक मूलधारसँग जोड्न कठिनाइ।

**२. प्रमुख शैक्षिक चुनौतीहरू**

१. **शैक्षिक सुशासनः** स्थानीय शिक्षा ऐन, कार्यविधि र निर्देशिकाहरूको पूर्ण कार्यान्वयन गरी विद्यालयमा जवाफदेहिता कायम गर्नु।

२. **राजनीतिक हस्तक्षेपमुक्त वातावरणः** शिक्षा क्षेत्रलाई दलीय राजनीतिक प्रभावबाट मुक्त राखी साझा शैक्षिक प्रतिबद्धता विकास गर्नु।

३. **कार्यसम्पादनमा आधारित मूल्यांकनः** शिक्षकको कार्यसम्पादनलाई पुरस्कार, बढुवा र दण्डसँग जोड्ने पारदर्शी प्रणाली लागू गर्नु।

४. **स्रोत साधनको न्यायोचित वितरणः** सीमित आर्थिक स्रोतलाई भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर सुधारमा प्रभावकारी रूपमा खर्च गर्नु।

**५. दिवा खाजा कार्यक्रमः** संघीय अनुदानमा पालिकाको थप योगदानलाई पोषण र नियमित हाजिरीसँग जोडेर प्रभावकारी बनाउनु।

**६. परीक्षा प्रणालीमा सुधारः** पालिकास्तरीय आधारभूत तहको परीक्षालाई थप मर्यादित, निष्पक्ष र परिणाममुखी बनाउनु।

**७. डिजिटल साक्षरता विस्तारः** विद्यालयमा ई-लाइब्रेरी र सूचना प्रविधिको विस्तार गरी विद्यार्थीलाई २१औं शताब्दीको सिप सिकाउनु।

**८. स्थानीय पाठ्यक्रम निर्माणः** नेचासल्यानको सांस्कृतिक र भौगोलिक विशिष्टता झल्किने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नु।

**९. सामुदायिक सिकाइ केन्द्रः** सामुदायिक सिकाइ केन्द्रहरूलाई जीवनोपयोगी सिप र साक्षरताका लागि क्रियाशील बनाउनु।

**१०. संकटकालीन तयारीः** प्राकृतिक विपत्ति वा महामारीको समयमा पनि सिकाइको निरन्तरताका लागि वैकल्पिक सिकाइ विधिहरूको तयारी गर्नु।

नेचासल्यान गाउँपालिकामा शैक्षिक संरचनाको विकास भए पनि गुणस्तरीय सिकाइ, संस्थागत सुशासन र प्रविधिमैत्री सिकाइको अभाव मुख्य चुनौतीका रूपमा रहेका छन्। शिक्षक दरबन्दी मिलान, विद्यालय-समुदायबीचको समन्वय र कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणालीलाई संस्थागत गर्दै राजनीतिक हस्तक्षेपमुक्त शैक्षिक वातावरण सिर्जना गर्नु गाउँपालिकाको दीर्घकालीन लक्ष्य हो। यी समस्या र चुनौतीहरूलाई सम्बोधन गर्दै समावेशी, आधुनिक र जीवनोपयोगी शिक्षा प्रदान गर्नु नै गाउँ शिक्षा योजनाको मुख्य ध्येय रहेको छ।

## १.४ अवसरहरू

नेचासल्यान गाउँपालिकाको शैक्षिक विकासका लागि संवैधानिक र कानुनी रूपमा नै स्थानीय तहलाई शिक्षाको अधिकार हस्तान्तरण हुनु सबैभन्दा ठूलो अवसर हो। संविधानले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई दिएसँगै गाउँपालिकाले शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्न नीतिगत, संरचनागत र वित्तीय निर्णयहरू लिने अवसर प्राप्त गरेको छ। हाल विद्यालयहरूमा विद्यार्थीको भर्नादरमा सुधार, लैङ्गिक समानताको सूचकांकमा प्रगति र शिक्षाप्रति सरोकारवालाहरूको बढ्दो चासो तथा सक्रियताले सकारात्मक शैक्षिक वातावरण सिर्जना गरेको छ। यसका साथै, स्थानीय सरकारको नेतृत्वमा स्वास्थ्य, कृषि र शिक्षा क्षेत्रबीच समन्वय गरी समग्र विकासलाई एकीकृत रूपमा अघि बढाउने र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहयोग जुटाउने अवसर पनि गाउँपालिका सामु उपलब्ध छ।

**प्रमुख शैक्षिक अवसरहरू**

**१. संवैधानिक तथा कानुनी अधिकारः** संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विद्यालय शिक्षा व्यवस्थापनसम्बन्धी २३ वटा अधिकार प्रदान गरी नीति निर्माणको मार्गप्रशस्त गरेको छ।

२. **अनिवार्य तथा निःशुल्क शिक्षाः** आधारभूत तहमा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहमा निःशुल्क शिक्षाको संवैधानिक प्रत्याभूति हुनु।

३. **सरोकारवालाको चासोः** गुणस्तरीय शिक्षाप्रति स्थानीय सरकार, अभिभावक र सरोकारवाला निकायहरूको चासो र चिन्तामा वृद्धि हुनु।

४. **भर्नादरमा सुधारः** विद्यालय तहमा खुद भर्नादरमा उत्साहजनक वृद्धि हुनु र विद्यार्थीहरू विद्यालयप्रति आकर्षित हुनु।

५. **लैङ्गिक समानताः** लैङ्गिक समानता सूचकांक (GPI) मा सकारात्मक प्रगति हुनु, जसले शिक्षामा पहुँचको खाडल कम गर्दै लगेको छ।

६. **तीन तहको सरकारबीच समन्वयः** संघीय, प्रदेश र स्थानीय सरकारबीच शैक्षिक नीति र कार्यक्रममा समन्वय र सहकार्यको वातावरण बन्नु।

७. **एकीकृत विकासको सम्भावनाः** शिक्षा, स्वास्थ्य र कृषि जस्ता क्षेत्रहरूलाई एकआपसमा जोडी जीवनोपयोगी शिक्षा प्रदान गर्ने अवसर।

८. **संस्थागत सहयोगः** विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूबाट शैक्षिक पूर्वाधार र प्राविधिक सहयोग प्राप्त गर्ने प्रतिबद्धता।

९. **सामाजिक सहभागिताः** शैक्षिक महोत्सवलगायतका कार्यक्रममार्फत शिक्षालाई जीवन पद्धतिसँग जोड्दै अभिभावक र समुदायको सहभागिता विस्तार हुनु।

१०. **प्राविधिक शिक्षाको सुरुआतः** प्राविधिक र व्यावसायिक शिक्षाको जग बस्नु, जसले भविष्यमा सिप युक्त जनशक्ति उत्पादनमा मद्दत पुर्‍याउनेछ।

समग्रमा, नेचासल्यान गाउँपालिकाका लागि शैक्षिक अवसरहरू पर्याप्त छन्। संवैधानिक अधिकारको उपयोग गर्दै स्थानीय पाठ्यक्रमको तर्जुमा, शिक्षक व्यवस्थापन र प्रविधिमैत्री सिकाइमा लगानी बढाउनु नै वर्तमानको मुख्य आधार हो। शिक्षाप्रति बढ्दो सामाजिक आकर्षण र तीन तहको सरकारबीचको सहकार्यले गाउँपालिकाको शैक्षिक भविष्यलाई थप सबल र परिणाममुखी बनाउन सकिने स्पष्ट आधार देखाएको छ। यस अवसरलाई सदुपयोग गर्दै नीतिगत र व्यवहारिक सुधारमार्फत शैक्षिक गुणस्तरमा रूपान्तरण ल्याउन सकिन्छ।

# परिच्छेद २ः दुरदृष्टि, उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण

## २.१ सन्दर्भ तथा योजना निमार्णको आधार

नेपालको संविधानले राज्यको पुनःसंरचना गर्दै विद्यालय तहको शिक्षा सञ्चालन र व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ। संविधानले शिक्षालाई एकल तथा साझा अधिकारको सूचीमा समावेश गरी तिनै तहका सरकारबीच समन्वयात्मक भूमिकाको परिकल्पना गरेको छ। यही संवैधानिक मर्मलाई आत्मसात् गर्दै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिबमोजिम आफ्नो क्षेत्रभित्रको शैक्षिक गुणस्तर, पहुँच र सुशासन कायम गर्न आवधिक योजना तर्जुमा गर्नु स्थानीय तहको अपरिहार्य कर्तव्य हो। यसै सन्दर्भमा, विगतको पञ्चवर्षीय शिक्षा योजनाबाट प्राप्त अनुभव र उपलब्धिलाई जगको रूपमा लिँदै, **'स्थानीय तहको शिक्षा योजना सम्बन्धी मार्गदर्शन, २०८१'** बमोजिम नेचासल्यान गाउँपालिकाले यो **दश वर्षे (२०८२-२०९२) गाउँ शिक्षा योजना** तर्जुमा गरेको छ।

यो योजना तर्जुमा गर्दा 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन राष्ट्रिय सोच, संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (SDG) नं ४ अन्तर्गतको गुणस्तरीय शिक्षा, र नेपाल सरकारको १६औं विकास योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूलाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गरिएको छ। केन्द्रीकृत योजना प्रणालीले स्थानीय स्तरका विशिष्ट आवश्यकताहरूलाई पूर्ण रूपमा सम्बोधन गर्न नसक्ने यथार्थलाई ध्यानमा राखी, यस योजनाले नेचासल्यान गाउँपालिकाको विशिष्ट भौगोलिक, सामाजिक तथा सांस्कृतिक परिवेशलाई विशेष प्राथमिकतामा राखेको छ। योजना निर्माण प्रक्रियामा सरोकारवालाहरूको व्यापक सहभागिता गराई अपनत्व र स्वामित्व सुनिश्चित गरिएको छ, जसले संघीय सरकारको 'दश वर्षे विद्यालय शिक्षा क्षेत्र विकास योजना' लाई स्थानीयकरण गर्न र नेपालको राष्ट्रिय शिक्षा लक्ष्य प्राप्तिमा थप टेवा पुऱ्याउनेछ।

यस योजनाको औचित्य गाउँपालिकाको शैक्षिक नीतिलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने रणनीतिक मार्गचित्रका रूपमा रहेको छ। यसले पालिकाको शैक्षिक प्राथमिकताहरू निर्धारण गर्नुका साथै सीमित स्रोतसाधनको न्यायोचित परिचालन, शिक्षक व्यवस्थापनमा सन्तुलन, शिक्षण सिकाइमा प्रविधिको प्रयोग र कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणालीलाई संस्थागत गर्नेछ। संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वयात्मक भूमिकालाई बलियो बनाउँदै, सामुदायिक विद्यालयहरूको नतिजामा गुणात्मक सुधार ल्याउन र शिक्षालाई स्थानीय अर्थतन्त्र तथा जीवनपद्धतिसँग जोड्न यो दस्तावेज एउटा कोसेढुङ्गा साबित हुनेछ। मार्गदर्शन २०८१ अनुसार परिमार्जित यो दश वर्षे योजना नेचासल्यान गाउँपालिकाको शैक्षिक रूपान्तरणका लागि एक एकीकृत, समावेशी र भविष्यउन्मुख कार्ययोजना हो, जसको कार्यान्वयनबाट समग्र गाउँपालिकाको शैक्षिक क्षेत्र थप सवल, सुशासित र परिणाममुखी हुनेमा हामी विश्वस्त छौं।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

**आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।**

## २.३ नेचासल्यान गाउँपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य

### २.३.१ दीर्घकालीन सोच

**"प्रविधिमैत्री, समावेशी र उत्पादनमुखी शिक्षा, आत्मनिर्भर र संस्कारयुक्त जनशक्ति विकासको अपेक्षा"**

### २.३.२ लक्ष्य

"विद्यालय शिक्षालाई सिकाइमैत्री, प्रविधिमैत्री, सन्दर्भयुक्त, व्यावहारिक, गुणस्तरीय एवं समावेशी बनाउँदै संस्कारयुक्त, उत्पादनमुखी र आत्मनिर्भर नागरिक उत्पादन गर्ने।"

### २.३.३ उद्देश्य

नेचासल्यान गाउँपालिकाको शैक्षिक प्रणालीलाई समयसापेक्ष, गुणस्तरीय र सिप मूलक बनाउँदै दिगो विकासका लक्ष्यहरू हासिल गर्ने उद्देश्यका साथ यो दश वर्षे (२०८२-२०९२) शिक्षा योजना तर्जुमा गरिएको छ। यस योजनाले संविधानप्रदत्त मौलिक अधिकारको कार्यान्वयन, संघीयताको मर्मअनुरूप स्थानीय तहको शैक्षिक सक्षमता अभिवृद्धि र स्थानीय आवश्यकतामा आधारित व्यावहारिक शिक्षाको जग बसाल्न जोड दिन्छ। शिक्षण सिकाइमा प्रविधिको प्रयोग, विद्यालयमा सुशासन, शिक्षकको पेसागत विकास र समावेशी शैक्षिक वातावरणमार्फत आत्मनिर्भर तथा संस्कारयुक्त जनशक्ति तयार गर्नु नै यस योजनाको मूल मर्म हो। यसर्थ, गाउँपालिकाको शैक्षिक रूपान्तरणका लागि निर्धारण गरिएका उद्देश्यहरू देहायबमोजिम छन्:

१. प्रारम्भिक बालविकास: गाउँपालिकाका सम्पूर्ण बालबालिकाका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित गर्ने।
२. आधारभूत शिक्षा: प्रारम्भिक बालविकासको अनुभवसहित सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने।
३. माध्यमिक शिक्षा: माध्यमिक तहको शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता, गुणस्तर र संस्थागत सक्षमता अभिवृद्धि गर्ने।
४. समावेशी शिक्षा: अपाङ्गता भएका व्यक्तिलगायत सीमान्तकृत समुदायका बालबालिकाका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी मर्यादित र प्रतिस्पर्धी नागरिक तयार गर्ने।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा: सिप र रोजगारलाई जोड दिँदै प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर विस्तार र गुणस्तर सुधार गर्ने।
६. सिकाइ वातावरण: विद्यालयलाई विभेद तथा दुर्व्यवहारमुक्त, सिकारूमैत्री एवं प्रविधिमैत्री सिकाइको केन्द्रका रूपमा विकास गर्ने।
७. पाठ्यक्रम र दक्षता: पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत विद्यार्थीमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृद्धि विकास गरी सिर्जनशील नागरिक तयार गर्ने।
८. शिक्षक व्यवस्थापन: व्यावसायिक रूपमा दक्ष, योग्य, पेसाप्रति समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही विषयगत तथा कक्षागत शिक्षकको व्यवस्था सुनिश्चित गर्ने।
९. शैक्षिक सुशासन: बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गरी विद्यालयमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्ने।

१०. डिजिटल शिक्षाः सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षण सिकाइ र शैक्षिक व्यवस्थापनलाई आधुनिक एवं गुणस्तरीय बनाउने।

११. आपत्कालीन शिक्षाः कुनै पनि आपत्कालीन वा सङ्कटपूर्ण परिस्थितिमा बालबालिकाको निरन्तर शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने।

१२. छात्रवृत्ति तथा प्रोत्साहनः प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति र अन्य प्रोत्साहनमार्फत दक्ष जनशक्ति निर्माणमा सहयोग गर्ने।

१३. आवासीय शिक्षाः विद्यालयको भौगोलिक दुरी टाढा भएका विद्यार्थीका लागि आवासीय सुविधा वा वैकल्पिक प्रबन्धमार्फत सिकाइमा सहजता प्रदान गर्ने।

१४. अनुसन्धान र उच्च शिक्षाः स्थानीय स्रोत, साधनको पहिचान र उपयोग गर्दै गाउँपालिकाको समृद्धिमा योगदान पुऱ्याउने गरी उच्च शिक्षालाई अनुसन्धानमूलक र वैज्ञानिक बनाउन सहजीकरण गर्ने।

### २.३.४ रणनीतिहरू

नेचासल्यान गाउँपालिकाको शैक्षिक प्रणालीलाई समयसापेक्ष, गुणस्तरीय र सिप मूलक बनाउँदै दिगो विकासका लक्ष्यहरू हासिल गर्ने उद्देश्यका साथ यो दश वर्षे (२०८२—२०९२) शिक्षा योजना तर्जुमा गरिएको छ। यस योजनाले संविधानप्रदत्त मौलिक अधिकारको कार्यान्वयन, संघीयताको मर्मअनुरूप स्थानीय तहको शैक्षिक सक्षमता अभिवृद्धि र स्थानीय आवश्यकतामा आधारित व्यावहारिक शिक्षाको जग बसाल्न जोड दिन्छ। शिक्षण सिकाइमा प्रविधिको प्रयोग, विद्यालयमा सुशासन, शिक्षकको पेसागत विकास र समावेशी शैक्षिक वातावरणमार्फत आत्मनिर्भर तथा संस्कारयुक्त जनशक्ति तयार गर्नु नै यस योजनाको मूल मर्म हो। सोही उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिक कार्यदिशा अवलम्बन गरिनेछः

१. प्रारम्भिक बालविकासः ४ वर्ष उमेर पुगेका बालबालिकालाई अनिवार्य बालविकास केन्द्रमा भर्ना गराउन 'घरदैलो र जनचेतना अभियान' सञ्चालन गर्ने।

२. आधारभूत शिक्षाः आधारभूत तहसम्मको शिक्षालाई पूर्ण निःशुल्क र अनिवार्य बनाउन आवश्यक स्थानीय कानुन तर्जुमा र स्रोतको व्यवस्थापन गर्ने।

३. माध्यमिक शिक्षाः माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक क्षमता सुदृढीकरण गरी विद्यार्थीको समतामूलक पहुँच र सक्षमता अभिवृद्धि गर्ने।

४. समावेशी शिक्षाः अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाका लागि सहयोगी सामग्री, विशेष शिक्षक र मैत्रीपूर्ण भौतिक पूर्वाधारको व्यवस्था गर्ने।

५. प्राविधिक तथा व्यावसायिक शिक्षाः स्थानीय बजारको माग र आवश्यकताअनुरूप प्राविधिक धारका विद्यालयहरूमा व्यावसायिक तालिमका कार्यक्रमहरू थप गर्ने।

६. सिकाइ वातावरणः विद्यालयलाई विभेद र दुर्व्यवहारमुक्त, सिकारूमैत्री एवं प्रविधिमैत्री सिकाइ केन्द्रका रूपमा विकास गर्ने।

७. पाठ्यक्रम र दक्षताः पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्दै विद्यार्थीमा जीवनोपयोगी ज्ञान, सिप र सिर्जनात्मक क्षमताको विकास गर्ने।

८. शिक्षक व्यवस्थापनः व्यावसायिक रूपमा दक्ष शिक्षकहरूको दरबन्दी मिलान र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने।

९. शैक्षिक सुशासनः विद्यालयमा 'सोसल अडिट' र सुशासन कायम गरी पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्ने।

१०. डिजिटल शिक्षाः विद्यालयमा प्रविधिमैत्री पूर्वाधार निर्माण गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई अद्यावधिक र विश्वसनीय बनाउने।

११. आपत्कालीन शिक्षाः विपद् वा सङ्कटको समयमा शिक्षाको निरन्तरताका लागि 'वैकल्पिक सिकाइ कार्ययोजना' (Alternative Learning Plan) तयार गरी लागू गर्ने।

१२. छात्रवृत्ति तथा प्रोत्साहनः प्राविधिक तथा साधारण धारका विद्यार्थीका लागि वस्तुनिष्ठ मापदण्ड बनाई छात्रवृत्ति वितरणलाई पारदर्शी र व्यवस्थित गर्ने।

१३. आवासीय शिक्षाः भौगोलिक रूपमा टाढा रहेका र दुर्गम भेगका विद्यार्थीका लागि सम्भाव्य स्थानमा आवासीय सुविधा वा वैकल्पिक प्रबन्ध गर्ने।

१४. अनुसन्धान र उच्च शिक्षाः स्थानीय स्रोत-साधनको पहिचान र उपयोग गर्दै उच्च शिक्षालाई अनुसन्धान र वैज्ञानिक आधारसँग जोड्न सहजीकरण गर्ने।

## २.३.५ कार्यनीति

नेचासल्यान गाउँपालिकाको शैक्षिक रूपान्तरणका लागि निर्धारित उद्देश्य र रणनीतिक कार्यदिशालाई मूर्तरूप दिनु यस योजनाको मुख्य कडी हो। यी उद्देश्यहरूको प्राप्ति केवल नीतिगत दस्तावेजमा सीमित नभई व्यावहारिक धरातलमा कार्यान्वयन हुनु आवश्यक छ। तसर्थ, पालिकाले उपलब्ध स्रोत-साधनको उच्चतम परिचालन, सरोकारवालाहरूको सहभागिता र जवाफदेही प्रणालीमार्फत शिक्षामा गुणात्मक सुधार ल्याउन देहायका कार्यनीतिहरू अवलम्बन गरिनेछ:

**कार्यनीतिहरूः**

१. **प्रारम्भिक बालविकासः** ४ वर्ष उमेर पुगेका सम्पूर्ण बालबालिकालाई अनिवार्य बालविकास केन्द्रमा भर्ना गर्न 'घरदैलो अभियान' सञ्चालन गरिनेछ। बालविकास सहजकर्ताहरूको क्षमता विकास र बालमैत्री शिक्षण सामग्रीको व्यवस्था गरिनेछ।

२. **अनिवार्य र निःशुल्क आधारभूत शिक्षाः** आधारभूत तहसम्मको शिक्षालाई पूर्ण निःशुल्क र अनिवार्य बनाउन कानुनी आधार तयार गरिनेछ। विद्यालय बाहिर रहेका बालबालिकाको खोजी गरी उनीहरूलाई शिक्षाको पहुँचमा ल्याउन 'शून्य विद्यालय बाहिर बालबालिका' कार्यक्रम सञ्चालन गरिनेछ।

३. **माध्यमिक शिक्षा सुदृढीकरणः** माध्यमिक विद्यालयहरूको शैक्षिक गुणस्तर मापन गरी विषयगत शिक्षकको दरबन्दी मिलान गरिनेछ। विज्ञान, गणित तथा अंग्रेजी विषयमा विशेष शैक्षिक सहयोग र प्रयोगशालाको व्यवस्था गरिनेछ।

४. **समावेशी तथा विशेष शिक्षाः** अपाङ्गता भएका बालबालिकाका लागि सहयोगी सामग्री (Assistive Devices) र विशेष शिक्षकको व्यवस्था गरिनेछ। सिकाइ कठिनाइ भएका बालबालिकाका लागि 'उपचारात्मक कक्षा' (Remedial Classes) सञ्चालन गरिनेछ।

५. **व्यावसायिक तथा प्राविधिक सिप विकासः** स्थानीय बजारको आवश्यकताअनुरूप प्राविधिक धारका विद्यालयहरूमा व्यावसायिक तालिम थप गरिनेछ। स्थानीय उद्यमीहरूसँग सहकार्य गरी विद्यार्थीका लागि 'इन्टर्नसिप' र व्यावहारिक अभ्यासको व्यवस्था मिलाइनेछ।

६. **सिकाइ वातावरण सुधारः** विद्यालयलाई विभेद र दुर्व्यवहारमुक्त (Safe Schools) बनाउन आचारसंहिता कडाइका साथ लागू गरिनेछ। विद्यालयको भौतिक पूर्वाधारलाई अपाङ्गमैत्री र सिकारूमैत्री बनाउन विशेष अनुदान प्रदान गरिनेछ।

७. **पाठ्यक्रम र स्थानीयकरणः** राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ। साथै, स्थानीय भूगोल, कला, संस्कृति र पेशालाई समेटेर 'स्थानीय पाठ्यक्रम' तयार गरी लागू गरिनेछ।

८. **शिक्षक व्यवस्थापन र प्रोत्साहनः** शिक्षकको कार्यसम्पादनलाई प्रोत्साहन प्रणालीसँग जोड्दै 'उत्कृष्ट शिक्षक पुरस्कार' को स्थापना गरिनेछ। पेसागत विकासका लागि नियमित घुम्ती तालिम र कार्यशाला सञ्चालन गरिनेछ।

९. **शैक्षिक सुशासन र पारदर्शिताः** प्रत्येक विद्यालयमा 'सामाजिक परीक्षण' (Social Audit) र सार्वजनिक सुनुवाइलाई नीतिगत रूपमै अनिवार्य गरिनेछ। विद्यालयको शैक्षिक तथा आर्थिक प्रतिवेदन वेबसाइटमार्फत सार्वजनिक गरिनेछ।

१०. **डिजिटल शिक्षाः** विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला स्थापना र स्मार्ट क्लासरुमको व्यवस्था गरिनेछ। शिक्षक र विद्यार्थीलाई डिजिटल साक्षर बनाउन 'डिजिटल साक्षरता तालिम' सञ्चालन गरिनेछ।

११. **आपत्कालीन शिक्षाः** विपद् वा सङ्कटको समयमा शिक्षाको निरन्तरताका लागि 'आपत्कालीन सिकाइ कार्ययोजना' तयार गरी लागू गरिनेछ। यसका लागि 'शैक्षिक आपत्कालीन कोष' खडा गरिनेछ।

१२. **छात्रवृत्ति व्यवस्थापनः** छात्रवृत्ति वितरणका लागि पारदर्शी र वस्तुनिष्ठ मापदण्ड तर्जुमा गरिनेछ। लक्षित वर्गसम्म सहायता पुर्‍याउन बैंकिङ प्रणालीमार्फत छात्रवृत्ति भुक्तानी गरिनेछ।

१३. **आवासीय शिक्षाः** भौगोलिक रूपमा दुर्गम भेगका विद्यार्थीका लागि 'आवासीय विद्यालय' वा 'विद्यार्थी होस्टेल' सञ्चालन गरिनेछ। विद्यालयहरूको समायोजन (Cluster School) गरी शैक्षिक स्रोतको केन्द्रिकरण गरिनेछ।

१४. **अनुसन्धान र उच्च शिक्षाः** स्थानीय स्रोत-साधनको पहिचान र उपयोग गर्न उच्च शिक्षालाई अनुसन्धानमूलक बनाइनेछ। अनुसन्धान गर्ने विद्यार्थी तथा शिक्षकलाई 'अनुसन्धान अनुदान' (Research Grant) प्रदान गरिनेछ।

१५. **अभिभावक-विद्यालय साझेदारी:** विद्यालय व्यवस्थापन समिति र अभिभावक सङ्गलाई सक्रिय बनाउँदै 'एक अभिभावक-एक सरोकार' अभियानमार्फत विद्यालय सुधारमा समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

१६. **शिक्षा शाखाको क्षमता अभिवृद्धि:** गाउँपालिकाको शिक्षा शाखालाई सुदृढ गर्दै विद्यालयहरूको नियमित अनुगमन, निरीक्षण र प्राविधिक सहयोग प्रदान गर्ने संयन्त्रलाई चुस्त बनाइनेछ।

१७. **संस्थागत समन्वय र सहकार्य:** शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग (NGOs/INGOs) सहकार्य गरी शैक्षिक स्रोत, तालिम र प्राविधिक सहयोग जुटाउन 'शैक्षिक साझेदारी मञ्च' निर्माण गरिनेछ।

१८. **साझेदारीको अभिलेख र अनुगमन:** गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमहरूलाई गाउँपालिकाको शिक्षा योजनासँग आबद्ध गरी दोहोरोपना हटाउने र तिनका कार्यक्रमहरूको पालिकाबाटै नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

### २.३.६ अपेक्षित उपलब्धि

नेपालको राष्ट्रिय शिक्षा प्रणालीको मर्मलाई आत्मसात् गर्दै, नेचासल्यान गाउँपालिकाले आफ्नो स्थानीय आवश्यकता र सम्भावनालाई केन्द्रमा राखेर तयार पारेको 'दश वर्षे शिक्षा योजना' एक दूरदर्शी कदम हो। यस योजनाले गाउँपालिकालाई एक नमुना 'शैक्षिक हब' का रूपमा स्थापित गर्ने र विद्यार्थीहरूलाई प्रतिस्पर्धी, सिप युक्त तथा जिम्मेवार नागरिकका रूपमा तयार गर्ने लक्ष्य राखेको छ।

यस योजनाका मुख्य अपेक्षित उपलब्धिहरू निम्नानुसार छन्:

१. **पूर्ण साक्षरता र पहुँच:** ४ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिका प्रारम्भिक बालविकास केन्द्रको पहुँचमा रहनेछन् र 'शून्य विद्यालय बाहिर बालबालिका' को अवस्था सुनिश्चित हुनेछ।

२. **गुणस्तरीय आधारभूत शिक्षा:** आधारभूत तहका सम्पूर्ण विद्यार्थीले तोकिएको न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नेछन् र कक्षा ८ को उत्तीर्ण दर शतप्रतिशतको हाराहारीमा पुग्नेछ।

३. **समावेशी शैक्षिक वातावरण:** अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाहरूको विद्यालयमा उपस्थिति र सिकाइ सहभागितामा उल्लेखनीय सुधार आउनेछ।

४. **प्राविधिक तथा व्यावसायिक सिप :** माध्यमिक तहका विद्यार्थीहरू स्थानीय बजारको मागअनुसार कम्तीमा एउटा व्यावहारिक व्यावसायिक सिप मा दक्ष हुनेछन्, जसले गर्दा माध्यमिक तहको शिक्षा रोजगारमूलक बन्नेछ।

५. **शिक्षक कार्यसम्पादन:** शतप्रतिशत शिक्षकहरू प्रविधिमैत्री शिक्षण विधिमा सक्षम हुनेछन् र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीका कारण शिक्षण सिकाइ क्रियाकलापमा उच्च सक्रियता देखिनेछ।

६. **डिजिटल रूपान्तरण:** गाउँपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा प्रविधिमैत्री पूर्वाधार (स्मार्ट क्लासरुम) र भरपर्दो शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रयोग हुनेछ।

७. **सुशासन र पारदर्शिता:** विद्यालयहरूमा 'सामाजिक परीक्षण' र पारदर्शी प्रशासनिक अभ्यासका कारण अभिभावक र समुदायको विद्यालयप्रति अपनत्व र विश्वासमा वृद्धि हुनेछ।

८. **सुरक्षित र आवासीय शिक्षा:** भौगोलिक रूपमा दुर्गम भेगका विद्यार्थीहरूको विद्यालयको पहुँचमा सहजता आउनेछ र 'आवासीय विद्यालय' तथा 'होस्टेल' को व्यवस्थाका कारण विद्यार्थीहरूको ड्रप-आउट (विद्यालय छाड्ने) दर शून्यमा झर्नेछ।

९. **संस्थागत साझेदारी:** शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूको सहयोग र सहकार्यले पालिकाको स्रोतमाथि थप भार नपरी शैक्षिक गुणस्तरमा प्रत्यक्ष टेवा पुग्नेछ।

१०. **आपत्कालीन सिकाइ निरन्तरता:** कुनै पनि विपद् वा सङ्कटको अवस्थामा वैकल्पिक सिकाइ प्रणालीमार्फत विद्यार्थीको पठनपाठनमा अवरोध नआउने र निरन्तरता कायम रहनेछ।

११. **अनुसन्धानमुखी उच्च शिक्षा:** उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूले स्थानीय स्रोत-साधनको उत्खनन र विकासमा आधारित अनुसन्धानमूलक परियोजनाहरू सञ्चालन गर्नेछन्।

१२. **सांस्कृतिक तथा व्यावहारिक शिक्षा:** स्थानीय पाठ्यक्रमको कार्यान्वयनमार्फत विद्यार्थीहरू आफ्नो भूगोल, कला र संस्कृतिप्रति जानकार र गर्व गर्ने नागरिकको रूपमा तयार हुनेछन्।

## २.३.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

गाउँपालिकाको शैक्षिक वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यकताको पहिचान र प्राथमिकताका आधारमा विभिन्न कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने योजना बनाइएको छ। यस योजना अवधिभर हासिल गर्नुपर्ने उपलब्धिहरूलाई मापन गर्न स्पष्ट कार्यसम्पादन सूचकहरू (Performance Indicators) र तिनका परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन्।

यी सूचकहरू तय गर्दा राष्ट्रिय तथा प्रदेशगत मापदण्ड र गाउँपालिकाको वर्तमान आधार वर्ष (Base Year) को स्थितिलाई आधार लिइएको छ। योजना अवधिभर हासिल हुने सूचाङ्कगत लक्ष्यहरू देहायबमोजिम रहेका छन्:

## प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | लक्ष्य २०९२ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| १. प्रारम्भिक बालविकास तथा शिक्षा | | | | | | | | | | | | | | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८२-०८३ नेचासल्यान गाउँपालिका, फ्ल्यास रिपोर्ट २०८२,विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८३ |
| १.१ | कुल भर्नादर | ९९.९ | १०९.९ | ८९ | ९५.९ | | ९४ | | १०४ | ९५ | ९९ | १०१ | १०० | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | | ९५ | ९० | | ९६ | १०० | | ९७ | | | ९९ | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | | ९५ | १०० | | ९९ | १०० | | १०० | | | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७६.९ | ७६.९ | ९५ | ८६.२ | | ९६ | ९० | ८१ | ९७ | ९५ | ८५ | ९८ | |
| २. आधारभूत शिक्षा | | | | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५.९ | | १०३.९ | १०८ | ११० | १०२ | | १०० | १०० | | | १०० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९५.७ | ९६.१ | ९५.६ | ९६ | ९९ | ९७ | ९८.१ | ९९ | ९९ | | | ९९ | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८२ -०८३ नेचासल्यान गाउँपालिका, फ्ल्यास रिपोर्ट २०८२,विद्यालय शिक्षा क्षेत्र योजना २०७९ -२०८३ |
| २.३ | कक्षा १- ५ मा कुल भर्नादर | १२४.५ | १३०.१ | १०४.४ | ११९ | ११५ | १०२ | ११८ | १०५ | १०१ | | | १०० | |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९५.६ | ९६.१ | ९६.१ | ९५ | १०० | ९८ | १०० | ९८.१ | ९९ | १०० | ९९.५ | १०० | |
| २.५ | कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | | ५.० | ४.१ | ३ | ५ | ४ | ४ | ५ | | | ५ | |
| २.६ | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | | १०.२ | २८.१ | ३० | १५ | ३० | ३० | २० | | | ३० | |
| २.७ | कक्षा १- ८ मा कुल भर्नादर | १२०.४ | १२८.३ | १०५.९ | १११.८ | ११२ | १०२ | १११ | ११० | १०३ | १०० | १०६ | १०० | |
| २.८ | कक्षा १- ८ मा खुद भर्नादर | ९५.१ | ९५.९ | ९६.२ | ९७ | ९९ | ९८ | ९७ | १०० | ९९ | १०० | ९९ | ९९ | |
| २.९ | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १ | ०.९२ | १ | १ | १ | १ | १ | १ | | | १ | |
| २.१ | कक्षा ८ मा टिकाउ दर | ८६.२ | | ८७.३ | ९०.९ | | ९० | ९९.५ | | ९५ | ९९ | | ९८ | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ८०.२ | | ८०.३ | ८६.९ | | ८५ | ९९ | | ९० | ९८ | | ९५ | |
| २.१२ | कक्षा ६-८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | | ६ | | ४ | ७ | | ४ | ८ | | | ८ | |
| २.१३ | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | | २७.७ | | ३० | २८ | | ३० | २९ | | | ३० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१४ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.९ | ५.१ | २.१ | १ | | १.५ | ० | | १ | ० | | १ | |
| ३. | माध्यमिक शिक्षा | | | | | | | | | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९- १० | ९४.६ | | ९५.४ | १०५.६ | ११५. | ९६ | १०९ | ११० | ९८ | १०९ | | १०० | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८२ -०८३ नेचासल्यान गाउँपालिका, फ्ल्यास रिपोर्ट २०८२,विद्यालय शिक्षा क्षेत्र योजना २०७९ -२०८३ |
| ३.२ | खुद भर्नादर कक्षा ९- १० | ७६.५ | ६५.५ | ६७.० | ८१.४ | ७७.५ | ८० | ९६.४ | ९० | ८८ | ९६.५ | | ९२ | |
| ३.३ | कुल भर्नादर कक्षा ९- १२ | ७१.४ | ९९.८ | ७३.९ | ३७.२ | ९०.५ | ८० | ९७ | ९५ | ८५ | ९० | १०० | ९० | |
| ३.४ | खुद भर्नादर कक्षा ९- १२ | ५७.९ | ६१.० | ५५.६ | ५८.१ | ५७.५ | ५८ | ७२.१ | ७० | ६५ | | ६५ | ७७ | |
| ३.५ | कुल भर्नादर कक्षा ११- १२ | ५१.५ | | ५१.८ | ७७.३ | ७७.१ | ६० | ८५.८ | ८५.५ | ७० | | | ७६ | |
| ३.६ | खुद भर्नादर कक्षा ११- १२ | २५.८ | | ३६.६ | ४०.१ | ४२.५ | ४० | ६२.२ | ६५.५ | ५० | ७४.३ | | ७३ | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६९.९ | | ६६ | ९७.९ | | ७५ | ९९ | | ८५ | ८५ | | ९८ | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३७.२ | | ३५ | ४२.७ | | ४५ | ५२.३ | | ५५ | ५५.२ | | ६५ | |
| ३.९ | कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | | २.८ | | ५ | ३.५ | | ६ | ४ | | | ५ | |
| ३.१० | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४० | | २७.५५ | | ३० | ३० | | ३० | ३५ | | | ३६ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.११ | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | | २.२ | | ४ | ३ | | ५ | ४ | | | ४ | |
| ३.१२ | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३ | ७० | ४६ | | ४० | ५० | | ३० | ५५ | | | ६० | |
| **३.१३** | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | ०.९३ | १ | १.०५ | ०.९६ | १ | १ | ०.९८ | | | १ | |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | | | | | | |
| **४.१** | ६ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | ७०.२ | ९६ | ९५ | ७५ | १०० | १०० | ८५ | | | ९९ | |
| **४.२** | १५-२४ वर्षको साक्षरता दर | ९२ | | ९९ | ९९ | | १०० | १०० | ९५ | १०० | | | १०० | |
| **४.३** | १५ वर्ष माथिको साक्षरता दर | ५८ | | ८३ | ९५ | | ८५ | १०० | ७५ | ९० | | | ९८ | |
| ५. महिला शिक्षक प्रतिशत | | | | | | | | | | | | | | |
| ५.१ | आधारभूत तह | ५४. | ३०. | ४३.६६ | ५० | ३७ | ४५ | ५० | ४५ | ५० | | | ५१ | |
| ५.२ | माध्यमिक तह | १९. | १४.१ | ५ | २५ | २० | ८ | ३० | २५ | १० | | | २५ | |
| ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पूरा गरेका विद्यालय प्रतिशत (कम्तिमा ३ सक्षमता) | | | | | | | | | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५२ | | ५० | ६३ | | ६५ | ९० | | ७५ | | | ८५ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **६.२** | आधारभूत विद्यालय | १३.४ | | ४० | ७० | | ४५ | ९५ | | ४८ | | | ७० | |
| **६.३** | माध्यमिक विद्यालय | | | ५० | ६० | | ५५ | ९० | | ६० | | | ७५ | |
| ७. शिक्षामा लगानी | | | | | | | | | | | | | | |
| **७.१** | कुल बजेटमा शिक्षाको बजेटको प्रतिशत | ११.६४ | | ३७ | १७ | | ४० | २० | | ४२ | २० | | ४५ | |
| **७.२** | कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च | १८ ह | | १८ | २१ ह | | २० | २४ ह | | २२ | | | २५ | |
| **७.३** | कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च | ११ ह | | १७ | १५ ह | | १९ | १७ ह | | २० | | | २२ | |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

नेचासल्यान गाउँपालिकाको शैक्षिक रूपान्तरणका लागि तयार पारिएको यस योजनामा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रहरू'प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका आयामहरूको वस्तुनिष्ठ समीक्षा गरिएको छ। यस खण्डले गाउँपालिकाको भौगोलिक विशिष्टता र शैक्षिक धरातलमा विद्यमान अवसर तथा चुनौतीहरूको पहिचान गर्दै सुधारात्मक बाटो तय गरेको छ। योजनाको खाका तयार गर्दा विद्यमान अवस्थाको सूक्ष्म विश्लेषण र स्थानीय आवश्यकतालाई विशेष आधार बनाइएको छ।

यस रणनीतिक दस्तावेजको आधारशिला निर्माण गर्दा नेपालको संविधानद्वारा प्रदत्त मौलिक अधिकार, राष्ट्रिय शिक्षा नीति, र शिक्षासँग सम्बन्धित विद्यमान कानुनी तथा संरचनात्मक प्रबन्धहरूलाई मार्गदर्शनको रूपमा लिइएको छ। साथै, 'दिगो विकास लक्ष्य ४' प्राप्तिका लागि नेपाल सरकारले तय गरेका राष्ट्रिय कार्ययोजनाहरू, अन्तर्राष्ट्रिय शैक्षिक प्रतिबद्धताहरू, र पन्ध्रौं आवधिक योजनाका उद्देश्यहरूलाई नेचासल्यानको स्थानीय परिवेशमा अनुकूलित गरी यस योजनाका प्रमुख सन्दर्भहरूका रूपमा स्थापित गरिएको छ। यस प्रकारको बहुआयामिक र विधिसम्मत विश्लेषणले गाउँपालिकाभित्र गुणस्तरीय, समतामूलक र व्यावहारिक शिक्षाको प्रवर्धन गर्दै शिक्षालाई समृद्धिको मुख्य आधारस्तम्भ बनाउन ठोस आधार प्रदान गरेको छ।

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### १.१ परिचय

निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५  राष्ट्रिय शिक्षा नीति, २०७६ सोह्रौं आवधिक योजना' तथा शिक्षा क्षेत्रका राष्ट्रिय रणनीतिक खाकाहरूमा चार वर्ष उमेर पूरा भएका बालबालिकाका लागि अनिवार्य रूपमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) कार्यक्रम सञ्चालन गर्ने स्पष्ट व्यवस्था गरिएको छ। यो कार्यक्रम बालबालिकाको सर्वाङ्गीण विकास'जसमा शारीरिक तन्दुरुस्ती, मानसिक एवं बौद्धिक क्षमताको विस्तार, सामाजिक अन्तरघुलन र संवेगात्मक परिपक्वता पर्दछन्'को जग बसाल्ने एउटा महत्वपूर्ण शैक्षिक आधार हो। यसले बालबालिकालाई आधारभूत शिक्षामा प्रवेश गर्नका लागि आवश्यक तयारी अवस्थामा पुऱ्याउँछ।

सैद्धान्तिक रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरू विद्यालय र समुदाय दुवै माध्यमबाट सञ्चालन गर्ने नीति भए तापनि, पछिल्लो समय विद्यालय-आधारित (School-based) बालविकास केन्द्रहरूको स्थापना र विस्तार हुने क्रम बढ्दो छ। कानुनी रूपमा यी केन्द्रहरूको व्यवस्थापनका लागि छुट्टै कार्यसमितिको परिकल्पना गरिए पनि, व्यावहारिक रूपमा विद्यालय परिसरमा सञ्चालित केन्द्रहरू सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति (SMC) कै मातहतमा रही सञ्चालन र रेखदेख हुँदै आएका छन्। यो अभ्यासले विद्यालय र बालविकास केन्द्रबीचको समन्वयलाई सहज बनाए तापनि, यसको गुणस्तर अभिवृद्धि, भौतिक पूर्वाधारको विकास र सहजीकरणमा विशेष रणनीतिक ध्यान दिनु आवश्यक छ।

### ३.१.२ वर्तमान अवस्था

नेचासल्यान गाउँपालिकामा प्रारम्भिक बालविकास र शिक्षा (ECED) को सुदृढीकरणका लागि ३४ वटा बालविकास कक्षाहरू सञ्चालनमा रहेका छन् र तिनको सहजीकरणका लागि ३४ जना सहजकर्ताहरू कार्यरत छन्। गाउँपालिकाले राष्ट्रिय नीति तथा मापदण्डअनुरूप २० वटा सक्षमताहरू र विषयगत 'थीम' हरू निर्धारण गरेको छ। दैनिक ४ घण्टा ३० मिनेटको कक्षा सञ्चालन, दिवा खाजाको व्यवस्था, स्वास्थ्य परीक्षण, अभिलेख व्यवस्थापन तथा विद्यालय व्यवस्थापन समितिमार्फत अनुगमनको नीतिगत संरचना तयार छ। केही विद्यालयहरूमा बालविकास कक्षा निकै व्यवस्थित र आकर्षक रहेका छन् भने तालिमप्राप्त सहजकर्ताहरूबाट मापदण्डअनुरूपकै शिक्षण क्रियाकलाप भइरहेका छन्।

१. गाउँपालिकाको शैक्षिक धरातल र विद्यमान अवस्था स्थलगत विश्लेषणबाट देहायबमोजिमका सबल र दुर्वल पक्षहरू पहिचान गरिएको छः

पूर्वाधार र वातावरणः ३४ वटै केन्द्रहरूमा बाल-मैत्री भौतिक पूर्वाधारको अभाव छ। अधिकांश केन्द्रहरूमा घेराबार, बाल-उद्यान र पर्याप्त सिकाइ सामग्री (Learning Materials) को कमी छ। कक्षाकोठामा सिकाइ कुना (Learning Corner) को अवधारणा सबैमा पुग्न सकेको छैन।

शिक्षक/सहजकर्ता र क्षमताः ३४ जना सहजकर्ताहरूमध्ये सबैले आधारभूत तालिम प्राप्त गर्न सकेका छैनन्। तालिम प्राप्त गरेकाहरूबाट पनि सिकेका सिप हरू कक्षाकोठामा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको र वैकल्पिक सहजकर्ताको अभाव रहेको अवस्था छ।

अभिलेख र मूल्याङ्कनः बालबालिकाको व्यक्तिगत पोर्टफोलियो (Portfolio) को अभाव छ। कक्षागत गतिविधिहरूको व्यवस्थित अभिलेख राख्ने र विद्यार्थीको नियमित मूल्याङ्कन गरी अभिभावकलाई रिपोर्ट कार्ड दिने कार्य सबै विद्यालयमा व्यवस्थित छैन।

अभिभावकको संलग्नताः बालबालिकाको सरसफाइ, पोषण र हेरचाहमा अभिभावकको चासो र सहभागिता न्यून छ। विद्यालय र अभिभावकबीच मासिक समीक्षा बैठकको संस्कृति विकास हुन सकेको छैन।

२. समस्या, चुनौती तथा अन्तराल (Identified Gaps) वर्तमान अवस्था र राष्ट्रिय मापदण्डबीचको खाडल (Gap) लाई निम्न बुँदाहरूमा स्पष्ट पारिएको छः

संस्थागत अन्तरालः बालविकासको महत्वलाई सरोकारवालाहरूले कम आँकलन गर्नु, लगानी न्यून हुनु र ३४ जना सहजकर्ताको छनौट तथा व्यवस्थापनमा कार्यदक्षता भन्दा प्रक्रियागत पक्षलाई मात्र जोड दिइनु।

शिक्षण-सिकाइ क्रियाकलापमा कमीः पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, स्थानीय शैक्षिक तथा खेल सामग्रीको अभाव र दैनिक कार्यतालिकाको पूर्ण पालना नहुनु।

पहुँच र भर्ना नीतिः उमेर नपुगेका बालबालिकाको भर्ना हुनु, सबै बालबालिकाको पहुँच सुनिश्चित नहुनु र बालबालिकाको सर्वाङ्गीण विकासका पक्षलाई शिक्षकले बेवास्ता गर्नु।

सुशासन र सेवा सुविधाः ३४ जना सहजकर्ताको न्यून सेवा-सुविधाका कारण जनशक्तिमा अस्थिरता हुनु, नियमित स्वास्थ्य परीक्षणको अभाव हुनु र स्थानीय सरकारबाट अपेक्षित अनुगमन तथा मूल्याङ्कनको कमी रहनु।

### ३.१.३ उद्देश्यहरू

बालबालिकाको मस्तिष्कको तीव्र विकास हुने उमेर समूह (४ वर्ष) मा प्रदान गरिने शिक्षा नै उनीहरूको जीवनको भविष्य निर्माण गर्ने जग हो। बालबालिकाको सर्वाङ्गीण विकास'शारीरिक, मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक'लाई केन्द्रमा राखी उनीहरूलाई आधारभूत शिक्षाका लागि सक्षम र तत्पर बनाउनु प्रारम्भिक बालविकास र शिक्षा (ECDD) को मुख्य मर्म हो। नेचासल्यान गाउँपालिकाभित्र सञ्चालित ३४ वटा बालविकास केन्द्रहरूलाई गुणस्तरीय, प्रविधिमैत्री र बालमैत्री बनाउँदै हरेक बालबालिकाको सिकाइ अधिकार सुनिश्चित गर्नु आजको आवश्यकता हो। यस योजनाले विद्यालय र समुदाय दुवै तहमा उपलब्ध बालविकास सेवालाई सुदृढ तुल्याउँदै शिक्षाको जगलाई बलियो बनाउने लक्ष्य राखेको छ।

उद्देश्यहरू समग्र लक्ष्यलाई साकार पार्न देहायका उद्देश्यहरू तय गरिएको छः

१. पहुँचको सुनिश्चितताः ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकालाई प्रारम्भिक बालविकास सेवाको दायरामा ल्याई आधारभूत शिक्षाका लागि आवश्यक पूर्वतयारी सुनिश्चित गर्ने।

२. शैक्षिक निरन्तरता र तयारीः प्रारम्भिक बालविकासको अनुभवसहित पालिकाका सम्पूर्ण बालबालिकालाई कक्षा १ मा प्रवेश गराउने र उनीहरूमा विद्यालय सिकाईप्रति आवश्यक तत्परता विकास गर्ने।

३. गुणस्तर अभिवृद्धिः प्रारम्भिक बालविकासका सेवा तथा शिक्षण सिकाइ क्रियाकलापमा गुणस्तरीयता कायम गर्दै निर्धारित राष्ट्रिय सक्षमताहरू हासिल गराउने।

४. पूर्वाधारको सुदृढीकरणः बालविकास केन्द्रहरूको भौतिक पूर्वाधारलाई आधुनिक, सुरक्षित र बालमैत्री बनाउँदै सिकाइका लागि अनुकूल वातावरण निर्माण गर्ने।

### ३.१.४ रणनीति तथा कार्यनीतिहरु

प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ :-

| रणनीति | कार्यनीति |
|---|---|
| १. पूर्वाधारको सुदृढीकरण र बालमैत्री वातावरणको विस्तार | १ १.भौगोलिक विकटता, पछाडि परेका क्षेत्र र सीमान्तकृत समुदायका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न विद्यमान बालविकास केन्द्रहरूको वस्तुनिष्ठ नक्साङ्कन, आवश्यक समायोजन र पुनर्वितरण गरिनेछ।<br>१२तोकिएको राष्ट्रिय मापदण्डको पूर्ण परिपालना. गर्दै प्रत्येक सामुदायिक विद्यालयमा बालविकास कक्षा र आवश्यकताअनुसार समुदायमा आधारित 'बालविकास तथा स्याहार केन्द्र' (Daycare Center) को स्थापना र सञ्चालन |

| | |
|---|---|
| | गरिनेछ।<br><br>१३बालबालिकाको सर्वाङ्गीण विकासका लागि स्थानीय तह र समुदायको संयुक्त साझेदारीमा प्रत्येक वडा वा टोलमा बालमनोविज्ञानमा आधारित खेलकुद र मनोरञ्जनका सामग्रीसहितका बालउद्यानहरूको निर्माण गरिनेछ।<br><br>१४औपचारिक विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई लक्षित गरी नजिकका विद्यालयसँगको समन्वयमा समुदायस्तरमा वैकल्पिक बालविकास केन्द्र सञ्चालन गर्न गाउँपालिकाले आवश्यक नीतिगत र व्यावहारिक सहजीकरण गर्नेछ। |
| २. न्यूनतम शैक्षिक मापदण्डको सुनिश्चितता | २.१ प्रारम्भिक बालविकास कक्षामा निर्धारित मापदण्डअनुसारको बसाई व्यवस्था, सरसफाइ, पोषण, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ । |
| ३. बालविकास शिक्षकहरुमा बाल मनोविज्ञान र सिकाइ सिद्दान्तअनुरुप सिकाइ सहजीकरण गर्न सक्षम तुल्याउन | ३.१ बालविकास शिक्षकहरुलाई आवश्यकताअनुसार तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन तथा निरन्तर सहायता प्रदान गर्ने संयन्त्र तयार गरिनेछ ।<br><br>३.२ बालविकास शिक्षकहरुको मनोबल उच्च बनाउन संघीय सरकारबाट प्रदान हुने तलब स्केलमा थप गर्ने लगायतका प्रोत्साहनको व्यवस्था गरिनेछ । |

३.१.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरु

**क. अपेक्षित उपलब्धि**

"गुणस्तरीय प्रारम्भिक बालविकासको सुनिश्चितताः गाउँपालिकाका प्रत्येक बालबालिकालाई आधारभूत शिक्षाको बलियो जगका रूपमा गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको समान अवसर प्रदान गरिनेछ।"।

ख. **नतिजा**

योजनाको कार्यान्वयन अवधिमा प्रारम्भिक बालविकास र शिक्षाको क्षेत्रमा देहायबमोजिमका नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छः

सर्वसुलभ पहुँचको सुनिश्चितताः प्रारम्भिक बालविकासको उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको एक वर्षको पूर्व-प्राथमिक शिक्षा कार्यक्रममा सहज र समान पहुँच सुनिश्चित हुनेछ।

शैक्षिक तत्परताः प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित पालिकाका शतप्रतिशत बालबालिकाहरू कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्।

न्यूनतम मापदण्डको पालनाः गाउँपालिकाका सम्पूर्ण बालविकास केन्द्रहरूले तोकिएबमोजिमको भौतिक, शैक्षिक र व्यवस्थापकीय न्यूनतम मापदण्डहरू अनिवार्य रूपमा पूरा गर्नेछन्।

विकासात्मक आवश्यकताको सम्बोधनः प्रत्येक बालबालिकाको उमेर सुहाउँदो विकासात्मक र सिकाइ सम्बन्धी व्यक्तिगत आवश्यकताहरूलाई शिक्षण क्रियाकलापमार्फत प्रभावकारी रूपमा सम्बोधन गरिनेछ।

नमुना बालविकास केन्द्रको विकासः प्रारम्भिक बालविकास तथा शिक्षालाई थप गुणस्तरीय बनाउन विभिन्न नमुना बालविकास केन्द्रहरूको विकास गरी असल अभ्यासको विस्तार गरिनेछ।

सामूहिक उत्तरदायित्व र साझेदारीः प्रारम्भिक बालविकास तथा शिक्षाको सफल कार्यान्वयनका लागि गाउँपालिका, अभिभावक, स्थानीय समुदाय, गैरसरकारी संस्था र विद्यालयहरू एकताबद्ध भई जिम्मेवार रहनेछन्।

**ग. मुख्य क्रियाकलाप तथा लक्ष्यहरु**

नक्साङ्कन र पुनर्वितरणः भौगोलिक र जनसंख्याको आधारमा बालविकास केन्द्रहरूको वैज्ञानिक नक्साङ्कन गरी आवश्यकताअनुसार पुनर्वितरण गर्ने।

२. बालविकास व्यवस्थापन समिति गठनः प्रत्येक केन्द्रको व्यवस्थापन र अनुगमनका लागि स्थानीयस्तरमा छुट्टै 'बालविकास व्यवस्थापन समिति' गठन गरी परिचालन गर्ने।

३. शतप्रतिशत भर्ना अभियानः ४ वर्ष उमेर समूहका बालबालिकालाई खोजी-खोजी बालविकास केन्द्रमा भर्ना गराउने विशेष अभियान सञ्चालन गर्ने।

४. न्यूनतम मापदण्ड प्रबोधीकरणः सबै विद्यालय र सहजकर्ताहरूलाई तोकिएको न्यूनतम शैक्षिक तथा भौतिक मापदण्डबारे स्पष्ट पार्न अभिमुखीकरण गर्ने।

५. बालउद्यान निर्माणः पालिकाका सबै वडा/केन्द्रमा बाल-मनोविज्ञानमा आधारित खेलकुद सामग्रीसहितको आकर्षक बालउद्यान निर्माण गर्ने।

६. पोषणयुक्त दिवा खाजाको व्यवस्थाः बालबालिकाको स्वास्थ्य र नियमितताका लागि पोषणयुक्त दिवा खाजाको अनिवार्य र गुणस्तरीय व्यवस्था गर्ने।

७. शैक्षिक सामग्रीको उपलब्धताः सबै केन्द्रहरूमा निःशुल्क पाठ्यपुस्तक, खेलौना, र अडियो-भिडियो सामग्री (TV/Computer) उपलब्ध गराउने।

८. सहजकर्ता तालिमः सबै बालविकास सहजकर्ताहरूलाई आधारभूत तालिम र वर्षमा कम्तीमा एकपटक पुनर्ताजगी (Refresher) तालिम दिने।

९. पेसागत अन्तरक्रियाः शिक्षा शाखा र गैरसरकारी संस्थाको समन्वयमा बालविकास सहजकर्ताहरूका लागि नियमित (त्रैमासिक) पेसागत विकास र अन्तरक्रिया कार्यक्रम गर्ने।

१०. पोर्टफोलियो मूल्याङ्कनः बालबालिकाको सिकाइ प्रगतिको अभिलेख राख्न 'पोर्टफोलियो' (Portfolio) प्रणालीको अनिवार्य प्रयोग गर्ने।

११. दैनिक कार्यतालिकाको प्रयोगः पाठ्यक्रमअनुरूप बालमैत्री दैनिक शिक्षण कार्यतालिका अनिवार्य रूपमा लागु गर्ने।

१२. मासिक अभिभावक अन्तरक्रियाः बालबालिकाको सिकाइ र अवस्थाबारे छलफल गर्न हरेक महिना अभिभावकहरूसँग बैठक बस्ने।

१३. त्रैमासिक प्रगति प्रतिवेदनः अभिभावकहरूलाई बालबालिकाको विकास र सिकाइ अवस्थाबारे त्रैमासिक रूपमा प्रगति विवरण (Progress Card) प्रदान गर्ने।

१४. अभिभावक शिक्षा कार्यक्रमः विद्यालयमार्फत अभिभावकलाई बालबालिकाको स्वास्थ्य, सरसफाइ र शिक्षाको महत्वबारे सचेत गराउने कार्यक्रम सञ्चालन गर्ने।

१५. संयुक्त अनुगमन र सुपरिवेक्षणः गाउँपालिका, गैसस र सरोकारवालाको संलग्नतामा केन्द्रहरूको नियमित अनुगमन, सहयोग र सहजीकरण गर्ने।

प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास शिक्षकको १ दिने अन्तरक्रिया सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १ | **पालिका** |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | १ | |
| ३ | प्रत्येक महिना बालबिकासका अभिभावकहरुसँग अन्तरक्रिया गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | अभिभावकले अनिवार्य रुपमा बालबालिकालाई स्कुल पुर्याउन र लिन आउने सरसफाइ, खाजा व्यवस्थापन गर्ने गरी नियम बनाउने । | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | ओटा | | १ | २ | २ | २ | ७ | २० | |
| ६ | सहयोगी कार्यकर्ता र शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | ओटा | ५ | ५ | ५ | ५ | | २० | २० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | सहजकर्ताको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | | |
| १३ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत् स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | | |
| १६ | दैनिक कार्यतालिका अनिवार्य प्रयोगमा ल्याउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | शिक्षक /विद्यालय |
| १७ | बालउद्यान निर्माण गर्ने | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | न्यूनतम मापदण्ड पूरा गरेका नमुना बालविकास केन्द्रहरू स्थापना गर्ने | वडा | ० | ३ | ३ | ३ | ३ | १२ | ३० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

पालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच राख्ने मौलिक हकको सुनिश्चितता गर्दै, यसलाई अनिवार्य र निःशुल्क बनाउने स्पष्ट व्यवस्था गरेको छ। प्रचलित कानुनको परिभाषाअनुसार, कक्षा १ देखि ८ सम्मको शिक्षालाई आधारभूत तहको शिक्षाका रूपमा लिइन्छ, जुन बालबालिकाको शैक्षिक यात्राको आधारशिला हो।

यस हकको प्रभावकारी कार्यान्वयनका लागि 'अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५' ले विशेष भूमिका निर्वाह गरेको छ। उक्त ऐनले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व, आवश्यक व्यवस्थापन र समग्र प्रशासनिक जिम्मेवारी संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारहरूको हुने कुरा स्पष्ट पारेको छ। शिक्षालाई अधिकारका रूपमा मात्र नहेरी यसलाई नागरिकको कर्तव्यसँग पनि जोडिएको छ; त्यसैले निर्धारित उमेर समूहका आफ्ना बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको प्रमुख कर्तव्यका रूपमा स्थापित गरिएको छ।

आधारभूत शिक्षाको महत्त्व केवल साक्षरतामा मात्र सीमित छैन। यसले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनका लागि आवश्यक सिप र दृष्टिकोण प्रदान गर्दछ। यति मात्र नभई, यस तहको शिक्षाले व्यक्तिको जीवनपर्यन्त सिकाइको मार्गलाई फराकिलो बनाउँदै राष्ट्रको समग्र सामाजिक तथा आर्थिक रूपान्तरणमा सक्रिय रूपमा सहभागी हुने अवसरसमेत सिर्जना गर्दछ। तसर्थ, विद्यालय शिक्षाको सुरुवाती विन्दु र भविष्यमा प्राप्त गरिने माध्यमिक शिक्षाको जगका रूपमा आधारभूत तहको शिक्षालाई राष्ट्र निर्माणको सबैभन्दा महत्त्वपूर्ण आधारस्तम्भ मानिन्छ।

### ३.२.२ वर्तमान अवस्था

नेचासल्यान गाउँपालिकाभित्र ३० वटा सामुदायिक विद्यालयमध्ये कक्षा ८ सञ्चालन भएका ८ वटा र कक्षा ५ सम्म सञ्चालित ४ र कक्षा १-३ संचालित १२ ओटा र कक्षा १२ सम्म संचालित ६ वटा विद्यालयहरू रहेका छन्। प्राथमिक तहमा **१२७** स्वीकृत दरबन्दी र ९ राहत तथा निम्नमाध्यमिक तहमा ३३ स्वीकृत दरबन्दी र १५ राहत अनुदान गरी आधारभूत तहमा १४१ शिक्षक दरबन्दी र २४ राहत रहेका छन्। शैक्षिक वर्ष २०८२/८३ को तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म छात्रा ६४३ र छात्र ६१९ गरी जम्मा १२६२ विद्यार्थी अध्ययन गरिरहेका छन् ।

नेचासल्यान गाउँपालिकाको आधारभूत शिक्षा (कक्षा १-८) को शैक्षिक अवस्थाको विश्लेषण गर्दा, यो तह विद्यालय शिक्षाको जगका रूपमा रहेको स्पष्ट हुन्छ। हाल कक्षा १-५ को खुद भर्नादर ९६.१ प्रतिशत र कक्षा १-८ को खुद भर्नादर ९६.२ प्रतिशत रहेको वर्तमान अवस्थाले अधिकांश बालबालिकाको विद्यालयमा पहुँच स्थापित भइसकेको देखाउँछ। पालिकाले २०९२ सम्म खुद भर्नादरलाई १०० प्रतिशतको नजिक पुऱ्याउने र विद्यालय बाहिर रहेका ५-१२ वर्ष उमेर समूहका बालबालिकाको संख्यालाई हालको ५.९ प्रतिशतबाट घटाएर १ प्रतिशतमा झार्ने जुन महत्त्वाकांक्षी लक्ष्य राखेको छ, यसले 'कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहुने' राष्ट्रिय सङ्कल्पलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न खोजेको देखिन्छ। यसका

अतिरिक्त, आधारभूत शिक्षा पूरा गर्ने दरलाई हालको ८०.३ प्रतिशतबाट बढाएर २०९२ सम्म ९८ प्रतिशतको उच्च बिन्दुमा पुऱ्याउने लक्ष्यले सिकाइको निरन्तरता र गुणस्तरीयतालाई विशेष प्राथमिकता दिएको छ।

शिक्षण व्यवस्थापन र गुणस्तरको पाटोबाट हेर्दा, हालको शिक्षक-विद्यार्थी अनुपातलाई व्यवस्थित गरी २०९२ सम्म ३० को अनुपातमा कायम गर्ने पालिकाको योजनाले कक्षाकोठाको सिकाइ वातावरणलाई सुधार्न मद्दत गर्नेछ। विशेष गरी आधारभूत तहको कक्षा ८ मा हालको ८७.३ प्रतिशत टिकाउ दरलाई ९९ प्रतिशतमा पुऱ्याउने लक्ष्यले विद्यालय छाड्ने दरलाई लगभग शून्यमा झार्ने रणनीतिलाई उजागर गर्दछ। साथै, आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्कलाई १ को पूर्ण विन्दुमा कायम राख्ने र महिला शिक्षकको सहभागितालाई हालको ४३.६६ प्रतिशतबाट ५० प्रतिशत पुऱ्याउने योजनाले शैक्षिक समावेशीकरण र सामाजिक सन्तुलन कायम गर्नमा ठूलो भूमिका खेल्नेछ। यी लक्ष्यहरू हासिल गर्नका लागि पालिकाले प्रति विद्यार्थी सरकारी खर्चमा निरन्तर वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेको छ, जसले आधारभूत शिक्षालाई थप सबल, समतामूलक र गुणस्तरीय बनाउन आर्थिक आधार पनि तयार पारेको छ। तसर्थ, पालिकाको यो दीर्घकालीन योजनाले नेचासल्यानका बालबालिकाको सिकाइको बलियो जग बसाल्न र भविष्यको शिक्षाका लागि सक्षम जनशक्ति तयार गर्न कोशेढुङ्गा सावित हुनेछ।

नेचासल्यान गाउँपालिकामा आधारभूत शिक्षाको गुणस्तर सुधार र सुदृढीकरणका लागि देहायका चुनौतीहरू पहिचान गरिएका छन्ः

- विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइ प्रति पूर्ण रूपमा उत्तरदायी तथा जबाफदेही बनाउनु।
- संवैधानिक प्रावधान र ऐनबमोजिम अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।
- आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच, सहभागिता र टिकाउ सुनिश्चित गर्नु।
- विद्यालयमा बालबालिकाका लागि सुरक्षित, बालमैत्री तथा सिकाइ अनुकूल वातावरणको उचित व्यवस्था गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्नुका साथै शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रविधिको प्रभावकारी उपयोग गर्नु।
- भौगोलिक अवस्था र आवश्यकताका आधारमा विद्यालयहरूको पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्ध गर्दै शैक्षिक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका आकस्मिक परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउनु।
- शिक्षकको वृत्ति विकासलाई व्यवस्थित, पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउनु।

### ३.२.३ लक्ष्यः

सबै बालबालिकाहरूका लागि गुणस्तरिय आधारभूत शिक्षा सुनिश्चित गर्ने।

### ३.२.४ उद्देश्यहरूः

आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै सिकाइ गुणस्तरमा गुणात्मक सुधार ल्याउनु यस योजनाको मूल मर्म हो। यस उद्देश्यलाई प्राप्त गर्न देहाय बमोजिमका लक्ष्यहरू निर्धारण गरिएका छन्ः

१. समतामूलक पहुँच र शैक्षिक गुणस्तरको सुनिश्चितता आधारभूत तहका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याई उनीहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउँदै शिक्षाको गुणस्तरलाई सर्वव्यापी बनाउनु।

२. सुशासन, पारदर्शिता र संस्थागत जवाफदेहिता विद्यालयको प्रशासनिक र व्यवस्थापकीय प्रणालीमा आमूल सुधार गर्दै सरोकारवालाहरूको जिम्मेवारी र उत्तरदायित्वलाई संस्थागत गर्नु।

३. लचिलो र समावेशी विद्यालय प्रणालीको विकास सामाजिक तथा भौगोलिक विविधतालाई सम्बोधन गर्दै विषम परिस्थितिमा समेत निरन्तर सञ्चालन हुन सक्ने (Resilient) र जवाफदेही शैक्षिक पद्धतिको स्थापना गर्नु।

४. जीवनोपयोगी र एकीकृत सिकाइ पद्धति विभिन्न विषयवस्तुहरूलाई अन्तर-सम्बन्धित गरी किताबी ज्ञानलाई दैनिक जीवनका व्यावहारिक अभ्यास र सिप सँग जोडेर सिकाइलाई अर्थपूर्ण बनाउनु।

५. बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण भौतिक पूर्वाधार तथा शैक्षिक वातावरणलाई बालबालिकाको अनुकूल, सुरक्षित र समावेशी बनाई उनीहरूको सर्वाङ्गीण विकासका लागि उत्प्रेरक वातावरण तयार पार्नु।

### ३ .५.२.रणनीति तथा कार्यनीतिहरु

माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन | **१.१** अनिवार्य र निःशुल्क शिक्षाको संवैधानिक प्रत्याभूतिका लागि आवश्यक पर्ने कानुनी ढाँचा तयार गर्ने तथा सोको कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको समुचित व्यवस्था गर्ने।<br>**१.२** विद्यालय शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकाहरूको यकिन तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।<br>**१.३** विद्यमान विद्यालयहरूको भौगोलिक अवस्था र विद्यार्थी सङ्ख्याको वस्तुपरक विश्लेषण गरी विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा आवश्यकता अनुसार समायोजन गर्ने। |
| २. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि तथा आन्तरिक सक्षमता विकास गर्ने | **२.१** शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरूको पेसागत क्षमता विकासका लागि निरन्तर तालिम तथा सहयोगमूलक कार्यक्रमहरूको सञ्चालन गर्ने।<br>**२.२** विद्यार्थी मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ र विश्वसनीय बनाई सोको नतिजाप्रति शिक्षक तथा प्रधानाध्यापकलाई उत्तरदायी बनाउने।<br>**२.३** विद्यालयमा स्वच्छ खानेपानी, सुविधायुक्त शौचालय र सरसफाइको प्रबन्ध गर्दै न्यूनतम भौतिक पूर्वाधारसहितको बालमैत्री, समावेशी एवं सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्ने। |

| | |
|---|---|
| | २.४ बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्ने।<br>२.५ विद्यालयको सुशासन र व्यवस्थापनमा सुधार ल्याउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूको नेतृत्वदायी क्षमताको विकास गर्ने। |
| ३. विद्यालयको सिकाइ वातावरणलाई सुरक्षित, सान्दर्भिक तथा व्यावहारिक तुल्याउन सहकार्य र सहजीकरण गर्ने | ३.१ विद्यालयमा बालबालिकाको मनोविज्ञान अनुकूल, समावेशी र सुरक्षित सिकाइ वातावरण निर्माण गर्न आवश्यक पूर्वाधारको विकास र व्यवस्थापन गर्ने।<br>३.२ शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक, प्रभावकारी र पहुँचयोग्य बनाउन विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र विस्तार गर्ने।<br>३.३ प्राकृतिक प्रकोप, सङ्कट तथा महामारी जस्ता विषम परिस्थितिमा समेत पठनपाठन नरोकिने गरी विद्यालय शिक्षालाई उत्थानशील (Resilient) बनाउने कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।<br>३.४ शैक्षिक आवश्यकता र निर्धारित मापदण्डका आधारमा बहुकक्षा शिक्षण, कक्षा शिक्षण तथा सामुदायिक सहभागितामूलक शिक्षण विधिहरूको प्रभावकारी कार्यान्वयन गर्ने।<br>३.५ किताबी ज्ञानलाई व्यावहारिक जीवनसँग जोड्न परियोजनामा आधारित सिकाइ (Project-based Learning) लाई शिक्षण पद्धतिको मुख्य कडीको रूपमा उपयोग गर्ने। |

### ३.२.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

**क. उपलब्धिः**

"अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै सिकाइ गुणस्तरमा गुणात्मक अभिवृद्धि गर्ने।"

**ख. मूख्य नतिजाहरूः**

यस योजनाको कार्यान्वयनबाट आधारभूत शिक्षामा निम्नस्तरीय तथा गुणात्मक नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छः

**१. शैक्षिक पहुँच र सहभागिताः** आधारभूत शिक्षाको उमेर समूहका सम्पूर्ण बालबालिकाको विद्यालयमा शतप्रतिशत भर्ना तथा निरन्तर सहभागिता सुनिश्चित हुनेछ।

**२. सिकाइ वातावरण र पूर्वाधारः** न्यूनतम भौतिक पूर्वाधार, पर्याप्त सिकाइ सामग्री र उत्प्रेरित शिक्षकको व्यवस्थासहित सबै विद्यालयहरू बालमैत्री, समावेशी र गुणस्तरीय सिकाइको केन्द्रका रूपमा स्थापित हुनेछन्।

**३. स्वास्थ्य र पोषणः** विद्यालय दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार भई सिकाइ क्षमतामा वृद्धि हुनेछ।

४. **सिकाइ उपलब्धि र गुणस्तरः** आधारभूत शिक्षा पूरा गर्ने प्रत्येक बालबालिकाले राष्ट्रिय मापदण्ड बमोजिमको अपेक्षित न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नेछन्।

**५. समता र समावेशीकरणः** विद्यालय भर्ना, सहभागिता र सिकाइ उपलब्धिका सूचकहरूमा लैङ्गिक तथा सामाजिक समता कायम हुनेछ।

**६. उत्थानशीलता र प्रणालीगत सुदृढीकरणः** प्राकृतिक प्रकोप, सङ्कट तथा महामारी जस्ता विषम परिस्थितिमा समेत पठनपाठन नरोकिने गरी विद्यालय शिक्षा प्रणाली पूर्ण रूपमा उत्थानशील (Resilient) हुनेछ।

**७. प्रविधिमैत्री सिकाइः** शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको व्यापक विस्तार र सहज पहुँच सुनिश्चित भई सिकाइ प्रक्रिया थप प्रभावकारी र आधुनिक बन्नेछ।

**८. सुशासन र संस्थागत क्षमताः** शैक्षिक जनशक्तिको व्यावसायिक क्षमता विकास भई विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित हुनेछ।

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्यहरुः**

**१. व्यवस्थापकीय सुधारः** विद्यालय नक्साङ्कन, समायोजन र शिक्षक दरबन्दीको पुनर्वितरण गर्ने।

२. **शिक्षक मापदण्डः** शिक्षक योग्यता मापदण्डको कडाइका साथ कार्यान्वयन र सोही अनुरूप शिक्षक व्यवस्थापन गर्ने।

३. **पहुँच सुनिश्चितताः** विद्यालय भर्ना अभियान, घरदैलो कार्यक्रम, स्वागत र प्रोत्साहनमूलक क्रियाकलापमार्फत उमेर समूहका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्ने।

४. **भौतिक पूर्वाधारः** विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, घेरावारा र खाजा घरजस्ता न्यूनतम भौतिक पूर्वाधारको विकास गर्ने।

**५. सिकाइ उपलब्धिः** विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने र नतिजाका आधारमा सुधारात्मक सिकाइ सञ्चालन गर्ने।

६. **पाठ्यक्रम कार्यान्वयनः** राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप तहगत पाठ्यक्रमको पूर्ण कार्यान्वयन र विशिष्टीकरण तालिका बमोजिम दैनिक, साप्ताहिक तथा वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

७. **शिक्षक क्षमता विकासः** शिक्षकहरूको पेसागत विकास सहायता प्रणाली स्थापना गरी व्यवहारकुशल सिप र मूल्याङ्कन पद्धतिमा क्षमता अभिवृद्धि गर्ने।

८. **आपतकालीन योजनाः** प्रकोप, सङ्कट र महामारीको अवस्थामा शिक्षाको निरन्तरताका लागि आपतकालीन योजना तर्जुमा र कार्यान्वयन गर्ने।

९. **प्रविधि विस्तारः** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउन आवश्यक सामग्रीको व्यवस्था र प्राविधिक क्षमता विकास गर्ने।

१०. **शिक्षक कार्यक्षमताः** शिक्षकले शिक्षणमा बिताउने समयसम्बन्धी कार्यविधि पूर्ण रूपमा कार्यान्वयन गर्ने।

११. **दिवा खाजाः** बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन स्वस्थकर र पौष्टिक दिवा खाजाको प्रबन्ध गर्ने।

१२. **निःशुल्क शिक्षाः** निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक, छात्रवृत्ति र सिकाइ सामग्रीको समयमै व्यवस्था गर्ने।

१३. **निरन्तर मूल्याङ्कनः** सुधारात्मक र निरन्तर विद्यार्थी सिकाइ मूल्याङ्कन (CSLE) पद्धतिलाई संस्थागत गर्ने।

१४. **सामुदायिक सहभागिता**ः विद्यालय व्यवस्थापन समिति (विव्यस) र शिक्षक अभिभावक सङ्घ (शिअसं) का पदाधिकारीहरूको क्षमता विकासका साथै अभिभावक सचेतना कार्यक्रम गर्ने।

१५. **नमुना विद्यालय**ः गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा नमुना विद्यालयहरूको विकास गर्ने।

१६. **अभिभावक समन्वय**ः अभिभावक दिवस, सम्मान, अभिमुखीकरण र अन्तरक्रियात्मक कार्यक्रमहरू नियमित सञ्चालन गर्ने।

१७. **स्थानीय स्रोत परिचालन**ः शिक्षण सिकाइलाई व्यावहारिक बनाउन स्थानीय तहमा उपलब्ध कम मूल्यका वस्तुहरूको प्रयोग गरी क्रियाकलाप सञ्चालन गर्ने।

## आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप तहगत पाठ्यक्रम कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २ | दरबन्दि पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | १ | १ | ४ | ८ | |
| ३ | आधारभूत तहका शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | कक्षा ६ देखि ८ का छात्रालाई स्यानिटरी प्याड वितरण | छात्रा | सबै | सबै | सबै | सबै | सबै | | | |
| ७ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ८ | स्वस्थकर एवं पौष्टिक दिवा खाजा व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | सुधारात्मक तथा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १२ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | शैक्षिक सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १४ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | अभिभावक अभिमुखीकरण र सहभागीता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | १ | ३ | ३ | ३ | ५ | १५ | ३० | |
| १८ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाईको अवसर प्रदान | सबै विद्यालयमा | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायतको व्यवस्थापन | विद्यालय | | ३ | ३ | ३ | ३ | १२ | ३० | |
| २० | कक्षा १-५ अध्यापनरत शिक्षकका लागि विद्यार्थी सिकाइ मूल्यांकन सम्बन्धी क्षमता अभिविद्धि र एकीकृत कस्टुमाइज तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.३. माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले माध्यमिक शिक्षालाई निःशुल्क हकको रूपमा सुनिश्चित गर्दै यसको व्यवस्थापनको अधिकार स्थानीय तहलाई सुम्पिएको छ। कक्षा ९ देखि १२ सम्मको यो तहलाई साधारण, व्यावसायिक र संस्कृत गरी तीनवटा विशिष्ट धारमा विभाजन गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले यस तहको शिक्षालाई सिर्जनशीलता, रचनात्मकता, सकारात्मक चिन्तन र सदाचारयुक्त गुणस्तरीय शिक्षाका रूपमा परिभाषित गर्दै प्रतिस्पर्धी तथा सिप युक्त जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ। विद्यालय क्षेत्र विकास कार्यक्रममार्फत प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन गरिएको यस तहले विद्यार्थीहरूलाई श्रम बजारमा प्रवेश गर्न आवश्यक सिप का साथै उच्च शिक्षाका लागि बलियो आधार प्रदान गर्दछ। समग्रमा, माध्यमिक शिक्षाले मानवीय मूल्य-मान्यता, कला, संस्कृति, विज्ञान तथा प्रविधिका क्षेत्रमा सुसूचित र व्यवहारकुशल नागरिक तयार पार्दै राष्ट्र निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

### ३.३.२ वर्तमान अवस्था

नेचासल्यान गाउँपालिकामा कुल ३० वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन्, जसमध्ये ६ वटा विद्यालयहरू माध्यमिक तह (कक्षा १२ सम्म) का रूपमा सञ्चालित छन्। शैक्षिक सत्र २०८२ को तथ्याङ्कअनुसार माध्यमिक तहमा कक्षा ९-१० मा ३५२ जना (छात्रा १७३ र छात्र १७९) तथा कक्षा ११—१२ मा २६८ जना (छात्रा १३० र छात्र १३८) विद्यार्थीहरू अध्ययनरत छन्। माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार आएको छ र खुद भर्नादर ५५.६ प्रतिशत पुगेको छ। तथापि, कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० र १२ सम्म पुग्ने टिकाउ दरमा अझै सुधारको आवश्यकता देखिन्छ। विशेषगरी दलित तथा आर्थिक एवं सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहने वा विद्यालय छाड्ने दर बढी हुनु चुनौतीपूर्ण छ।

विद्यालयमा शिक्षक व्यवस्थापनको अवस्था हेर्दा, कक्षा ९-१० मा २७ जना र कक्षा ११-१२ मा १६ जना शिक्षकहरू कार्यरत रहे पनि माध्यमिक तहमा शिक्षक दरबन्दी अपर्याप्त छ। यस अभावका कारण शैक्षिक गुणस्तरमा सोचेजस्तो सुधार हुन सकेको छैन। विद्यार्थीहरूको सिकाइ स्तरको विश्लेषण गर्दा, कक्षा १०, ११ र १२ का परीक्षाहरूमा ठूलो सङ्ख्यामा विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेको पाइएको छ, जसले गर्दा उनीहरू उच्च शिक्षाको अवसरबाट समेत बञ्चित हुने अवस्था छ। शिक्षकहरूलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अद्यावधिक गराउँदै सिकाइ सहजीकरणमा सक्रिय बनाउनु आजको आवश्यकता हो।

नेचासल्यान गाउँपालिकाको माध्यमिक तहको शिक्षा प्रणालीलाई सुदृढ तुल्याउन तयार गरिएको परिमाणात्मक लक्ष्यहरूले शिक्षामा पहुँच, गुणस्तर र टिकाउ दरको अभिवृद्धि गर्ने सङ्कल्प गरेको छ। हाल कक्षा ९-१० मा ६७.० प्रतिशत र कक्षा ९-१२ मा ५५.६ प्रतिशत रहेको खुद भर्नादरलाई २०९२ सम्म क्रमशः ९२ प्रतिशत र ७५ प्रतिशतमा पुऱ्याउने लक्ष्यले पालिकाले माध्यमिक शिक्षालाई सर्वसुलभ बनाउने रणनीतिक मार्गचित्र कोरेको देखिन्छ। यससँगै कक्षा १२ सम्मको टिकाउ दरलाई हालको ३५ प्रतिशतबाट बढाएर ६० प्रतिशत पुऱ्याउने लक्ष्य निकै चुनौतीपूर्ण रहेकाले यसका लागि गरिब तथा जेहेन्दार विद्यार्थी लक्षित छात्रवृत्ति र प्रविधिमैत्री

सिकाइ वातावरणको सुनिश्चितता अपरिहार्य छ। साथै, माध्यमिक तहमा शिक्षक-विद्यार्थी अनुपातलाई व्यवस्थित गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्ने र हाल ५ प्रतिशत मात्र रहेको महिला शिक्षकको सङ्ख्यालाई २०९२ सम्म २५ प्रतिशतमा पुर्‍याई लैङ्गिक समता सूचकाङ्कलाई १.० को पूर्ण विन्दुमा लैजाने पालिकाको योजनाले शैक्षिक समावेशीकरणलाई थप टेवा पुर्‍याउनेछ। तसर्थ, प्रति विद्यार्थी सरकारी खर्चमा गरिने क्रमशः वृद्धिले यी शैक्षिक सूचकहरूलाई सुधार गरी माध्यमिक शिक्षालाई थप व्यावहारिक र प्रतिस्पर्धी बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने निश्चित छ।

गाउँपालिकामा शिक्षा हेर्ने कर्मचारीको व्यवस्था भए तापनि प्रशासनिक कार्यको चापका कारण विद्यालयहरूको नियमित अनुगमन, सुपरिवेक्षण र शिक्षक सहायता प्रणाली कमजोर देखिएको छ। हालको संरचनाले शिक्षकहरूको पेसागत विकास र सहयोग गर्ने कार्यमा पर्याप्त भूमिका खेल्न सकेको छैन। यसरी गाउँपालिकाको वर्तमान शैक्षिक अवस्था विश्लेषण गर्दा देहायबमोजिमका समस्याहरू विद्यमान देखिन्छन्:

१. ऐन, नियम पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको।
२. २. माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न नसकिएको।
३. विषयगत शिक्षक दरबन्दीको अभाव हुनुका साथै विद्यार्थी, विद्यालय र शिक्षक अनुपात नमिल्दा तल्लो तहका शिक्षकले माथिल्लो तहमा पढाउनुपर्ने बाध्यात्मक अवस्था।
४. शैक्षिक उपलब्धि (सिकाइ स्तर) सन्तोषजनक नहुनु।
५. प्राविधिक तथा व्यावसायिक शिक्षामा पर्याप्त जोड दिन नसकिएको।
६. विद्यार्थी, शिक्षक र अभिभावकमा जिम्मेवारीबोधको कमी हुनु।
७. अनुगमन, मूल्याङ्कन र शिक्षक सहायता संयन्त्र प्रभावकारी नहुनु।
८. तल्लो तहमा पढाइ लब्धि÷ (Learning Proficiency) सुनिश्चित नहुँदै कक्षा बढुवा गर्ने पद्धति हाबी हुनु।
९. विद्यार्थीमा अनियमितता हुनु र पर्याप्त पूर्वतयारी (पूर्वज्ञान) बिना नै माथिल्लो कक्षामा पुग्ने प्रवृत्ति।
१०. बालकेन्द्रित शिक्षण विधिको प्रभावकारी प्रयोग हुन नसक्नु।
११. विद्यार्थीहरूले सामाजिक सञ्जालमा अनावश्यक समय व्यतीत गर्ने गरेका।
१२. अभिभावकमा सचेतनाको कमीले गर्दा घरमा सिकाइ वातावरण तयार गर्न नसकिएको।
१३. विद्यार्थी सङ्ख्या र कक्षाकोठाको आधारमा बालमैत्री भौतिक संरचना पर्याप्त नहुनु।
१४. माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु।
१५. विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था हुन नसक्नु।
१६. विद्यालयमा विज्ञान प्रयोगशाला, आईसीटी (ICT) कक्ष र पुस्तकालयको कमी।
१७. विषयगत पाठ्यक्रम र शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध गराउन नसकिएको।
१८. माध्यमिक तहमा प्राविधिक धारतर्फ सहयोग पुग्ने विषयहरूको पठनपाठनको व्यवस्था न्यून हुनु।
१९. विषयगत सिकाइ उपलब्धिका आधारमा शिक्षक प्रोत्साहन कार्यक्रम कार्यान्वयन हुन नसकेको।

## ३.३ उद्देश्यहरु

१. नीतिगत र संस्थागत सुदृढीकरणः शिक्षा सम्बन्धी ऐन-नियमको पूर्ण कार्यान्वयन गर्दै विद्यालय अनुगमन र शिक्षक सहायता प्रणालीलाई प्रभावकारी बनाउने।

२. समतामूलक पहुँच र निरन्तरताः माध्यमिक तहसम्मको शिक्षालाई पूर्णतः निःशुल्क र अनिवार्य बनाई विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने।

३. शिक्षक व्यवस्थापन र क्षमता विकासः दरबन्दीको न्यायोचित पुनर्वितरण गरी विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गर्ने र शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्ने।

४. सिकाइ गुणस्तरमा सुधारः सुधारात्मक मूल्याङ्कन र बालकेन्द्रित शिक्षण विधिको माध्यमबाट विद्यार्थीहरूको न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने।

५. भौतिक पूर्वाधार विकासः विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, आईसीटी (ICT) कक्ष र बालमैत्री भौतिक पूर्वाधारको विकास एवं स्तरोन्नति गर्ने।

६. व्यावसायिक शिक्षाको प्रवर्द्धनः माध्यमिक तहमा प्राविधिक एवं व्यावसायिक शिक्षाको विस्तार गर्दै विद्यार्थीलाई सिप युक्त र रोजगारमूलक बनाउने।

७. प्रविधिको अधिकतम प्रयोगः शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिने।

८. अभिभावक र समुदायको सहभागिताः घरमा सिकाइ वातावरण तयार गर्न र विद्यालय सुधारमा अभिभावकको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

## ३.३.४ रणनीतिहरु तथा कार्यनीतिहरु

माध्यमिक शिक्षामा देखिएका विद्यमान समस्याहरूको सम्बोधन गर्दै तोकिएका शैक्षिक उद्देश्यहरू हासिल गर्न देहायबमोजिमका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयनमा ल्याइनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत शिक्षा पूरा गरेका बालबालिकाका लागि माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गर्ने | १.१ **अभिभावक सचेतना तथा शिक्षाः** माध्यमिक शिक्षाको महत्त्व र अनिवार्यताबारे अभिभावकहरूलाई सुसूचित गराउन तथा घरमा सिकाइमैत्री वातावरण निर्माण गर्न लक्षित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>१.२ **शिक्षक दरबन्दी तथा व्यवस्थापनः** विद्यालयको आवश्यकता र विद्यार्थी सङ्ख्याका आधारमा विषयगत रूपमा योग्य शिक्षकहरूको पदपूर्ति र न्यायोचित व्यवस्थापन गर्ने।<br>१.३ **वैकल्पिक सिकाइ कार्यक्रमः** विद्यालयमा भौतिक उपस्थिति हुन नसक्ने वा विशेष अवस्थामा रहेका विद्यार्थीहरूका लागि दूरशिक्षा वा वैकल्पिक माध्यमका सिकाइ कार्यक्रमहरू सञ्चालन गर्ने। |

| | |
|---|---|
| | **१.४ सिकाइ वातावरणको सुदृढीकरणः** प्रत्येक विद्यालयमा पठनपाठनका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, शैक्षिक सामग्री र सिकाइमैत्री वातावरण सुनिश्चित गर्ने।<br>**१.५ लक्षित समूहका लागि छात्रवृत्तिः** अपाङ्गता भएका, दलित, विपन्न तथा जोखिमपूर्ण अवस्थामा रहेका विद्यार्थीहरूको तथ्याङ्क अद्यावधिक गरी उनीहरूलाई लक्षित छात्रवृत्ति तथा प्रोत्साहनको व्यवस्था गर्ने। |
| २.माध्यमिक शिक्षाको सान्दर्भिकता सुदृढीकरण तथा गुणस्तर अभिवृद्धि | **२.१ शिक्षण-सिकाइ रूपान्तरणः** शिक्षक तालिम, पेसागत सहयोग र निरन्तर मार्गनिर्देशनका माध्यमबाट शिक्षणकलामा आधुनिकता ल्याउने तथा सिकाइ सहजीकरणका विधिहरूलाई प्रविधिमैत्री र बालमैत्री बनाउने।<br>**२.२ स्व-सिकाइ संस्कृतिको विकासः** शिक्षक तथा विद्यार्थीमा ुस्व-अध्ययनु र ुस्व-मूल्याङ्कनु को बानी बसाल्ने, जसले उनीहरूलाई आफैं सिक्ने र आफ्ना कमजोरी पत्ता लगाउन सक्ने क्षमतावान बनाउनेछ।<br>**२.३ मेधावी विद्यार्थी प्रतिभा प्रवर्द्धनः** वडा तहबाटै उत्कृष्ट तथा प्रतिभाशाली विद्यार्थीहरूको छनोट गरी उनीहरूको उच्च शिक्षाका लागि विशेष शैक्षिक छात्रवृत्ति र सहयोगको व्यवस्था गर्ने, साथै भविष्यमा उनीहरूलाई गाउँपालिकाको विकास प्रक्रियामा जोड्ने कार्ययोजना तयार गर्ने।<br>**२.४ विद्यार्थी केन्द्रित परामर्श र सिकाइ सहजीकरणः** प्रत्येक माध्यमिक विद्यालयमा मनोवैज्ञानिक तथा शैक्षिक परामर्श सेवालाई संस्थागत गर्ने र विद्यार्थीको रुचि, क्षमता तथा आवश्यकताको पहिचान गरी सोहीबमोजिम सिकाइको वातावरण निर्माण गर्ने। |
| ३. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणको समुचित सुदृढीकरण | **३.१ शैक्षिक योजनाबद्ध व्यवस्थापनः** विद्यालयको समग्र पठनपाठनलाई व्यवस्थित बनाउन वार्षिक कार्यतालिका र कार्यपात्रोको निर्माण तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई अनिवार्य नीतिगत व्यवस्थाको रूपमा लागू गर्ने।<br>**३.२ नमुना विद्यालय विकास रणनीतिः** प्रत्येक वडामा कम्तीमा एक ुनमुना माध्यमिक विद्यालयु विकास गर्ने लक्ष्यका साथ भौतिक, शैक्षिक र प्रविधिमैत्री पूर्वाधारको विकास गरी उत्कृष्ट सिकाइको केन्द्रको रूपमा स्थापित गर्ने।<br>**३.३ स्रोतसाधनको व्यवस्थापनः** माध्यमिक तहको सञ्चालन तथा गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा थप बजेट तथा स्रोतसाधन सुनिश्चित गर्ने।<br>**३.४ प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारः** माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधारको स्तरोन्नति गर्दै स्थानीय श्रमबजारको आवश्यकता अनुकूल |

| | |
|---|---|
| | प्राविधिक विषयहरूको पठनपाठन आरम्भ गर्न प्रोत्साहित गर्ने।<br>**३.५ डिजिटल शिक्षण सिकाइ प्रणाली**ः सूचना तथा सञ्चार प्रविधि (क्ष्ऋत्० को उपयोगलाई शिक्षण सिकाइको अभिन्न अङ्ग बनाउँदै विद्यालयहरूमा डिजिटल पूर्वाधार तथा प्रविधिमैत्री कक्षाकोठाको प्रवर्द्धन गर्ने। |
| ४.माध्यमिक विद्यालयहरूको व्यवस्थापकीय दक्षता र सुशासन अभिवृद्धि | **४.१ नेतृत्व विकास र कार्यसम्पादनमा आधारित व्यवस्थापन**ः प्रधानाध्यापक छनोटका लागि वैज्ञानिक एवं वस्तुगत मापदण्ड (Performance-based criteria) तर्जुमा गर्ने र नतिजामुखी विद्यालय सञ्चालनका लागि उनीहरूलाई पूर्ण जवाफदेही र जिम्मेवार बनाउने।<br>**४.२ तथ्यमा आधारित योजनाबद्ध विकास**ः विद्यालय सुधार योजना (SIP) लाई वस्तुगत तथ्याङ्क तथा प्रमाणमा आधारित बनाउने र त्यसको पूर्ण पालना एवं प्रभावकारी कार्यान्वयनलाई अनिवार्य नीतिगत व्यवस्था गर्ने।<br>**४.३ सिकाइ उपलब्धि वृद्धि योजना (Learning Achievement Plan):** प्रत्येक विद्यालयले आफ्नो विशिष्ट अवस्था र सिकाइ स्तर विश्लेषण गरी सिकाइ उपलब्धि वृद्धि योजना तयार गर्ने र यसको कार्यान्वयनबाट विद्यार्थीको नतिजामा गुणात्मक सुधार ल्याउने।<br>**४.४ सङ्कटकालीन व्यवस्थापन र उत्थानशीलता**ः सङ्घीय, प्रदेश सरकार, दातृ निकाय तथा गैरसरकारी संस्थाहरूसँगको समन्वयमा प्रकोप, विपद्, महामारी वा कुनै पनि सङ्कटपूर्ण अवस्थामा शैक्षिक गतिविधि अवरुद्ध नहुने गरी उत्थानशील विद्यालय प्रणाली (Resilient School System) को निर्माण तथा कार्यान्वयन गर्ने। |

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

### क उपलब्धि

सबैका लागि निःशुल्क तथा समतामूलक पहुँच, गुणस्तरीय सिकाइ र व्यावहारिक सिप मार्फत सक्षम एवं संस्कारयुक्त माध्यमिक शिक्षाको विकास गर्ने।

### ख. नतिजा

योजनाको कार्यान्वयनपश्चात् माध्यमिक शिक्षा क्षेत्रमा देहायबमोजिमका नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छः

१. पहुँच र टिकाउ दरमा वृद्धिः माध्यमिक शिक्षामा सबै बालबालिकाको निःशुल्क र अनिवार्य पहुँच सुनिश्चित हुनेछ, जसबाट खुद भर्ना दर र विद्यार्थी टिकाउ दरमा उल्लेख्य वृद्धि हुनेछ।

२. न्यूनतम मापदण्डको सुनिश्चितताः सम्पूर्ण माध्यमिक विद्यालयहरूले तोकिएका आधारभूत भौतिक तथा शैक्षिक मापदण्डहरू पूर्ण रूपमा पूरा गर्नेछन्।

३. गुणस्तर र सान्दर्भिकताको अभिवृद्धिः माध्यमिक शिक्षाको शैक्षिक सान्दर्भिकता र गुणस्तरमा व्यापक सुधार भई शिक्षा जीवनोपयोगी बन्नेछ।

४. शैक्षिक वातावरणको सुदृढीकरणः पाठ्यक्रम तथा पाठ्यसामग्रीको सहज उपलब्धता, शिक्षकको उच्च उत्प्रेरणा, प्रविधिको समुचित प्रयोग र सिकाइमैत्री वातावरण निर्माण हुनेछ।

५. न्यूनतम सिकाइ उपलब्धि हासिलः माध्यमिक तह पूरा गरेका प्रत्येक विद्यार्थीले राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेबमोजिमको न्यूनतम सिकाइ उपलब्धि (Learning Proficiency) सुनिश्चित गर्नेछन्।

६. समतामूलक सहभागिताः शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिका सन्दर्भमा लैङ्गिक, भौगोलिक, सामाजिक र आर्थिक आधारमा विद्यमान असमानता हटी समतामूलक सुधार हुनेछ।

७. उत्थानशील शैक्षिक प्रणालीः माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका विषम परिस्थितिमा समेत शिक्षण सिकाइलाई निरन्तरता दिन सक्ने गरी 'उत्थानशील' (Resilient) बन्नेछन्।

८. प्रविधिमैत्री सिकाइः शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोगमार्फत विद्यार्थीहरूको सिकाइ क्षमतामा थप प्रभावकारिता आउनेछ।

९. शैक्षिक सुशासन र पारदर्शिता माध्यमिक तहको व्यवस्थापनमा चुस्तता, पारदर्शिता र जवाफदेहितासहितको संस्थागत सुशासन कायम हुनेछ।

१०. संस्कारयुक्त गुणस्तरीय शिक्षा प्रवाहः माध्यमिक तहमा केवल प्राज्ञिक मात्र नभई नैतिक, सामाजिक र मानवीय मूल्य मान्यतायुक्त 'संस्कारयुक्त गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित हुनेछ।

### ग.प्रमुख क्रियाकलाप

१. **शिक्षक दरबन्दी मिलानः** वैज्ञानिक मापदण्ड तयार गरी विद्यालयहरूको विद्यार्थी सङ्ख्या र आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान गर्ने।

२. **विद्यालय भौतिक तथा शैक्षिक मापदण्डः** प्रत्येक विद्यालयमा न्यूनतम भौतिक पूर्वाधारको विकास र सुधारका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने।

३. **योजना तर्जुमाः** प्रत्येक विद्यालयमा 'विद्यालय सुधार योजना' (SIP) र 'सिकाइ उपलब्धि वृद्धि योजना' (LAP) निर्माण गरी कार्यान्वयनलाई अनिवार्य गर्ने।

४. **कार्यतालिका र अनुगमनः** वार्षिक शैक्षिक कार्यतालिका र कार्यपात्रोको कडाइका साथ पालना गराउने तथा विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने।

५. **नमुना विद्यालय विकासः** पालिकाका प्रत्येक वडामा कम्तीमा एक 'नमुना माध्यमिक विद्यालय' विकास गर्ने।

६. **प्राविधिक तथा व्यावसायिक शिक्षाः** माध्यमिक तहमा स्थानीय आवश्यकताअनुसार प्राविधिक धारको शिक्षा विस्तार गर्ने।

७. **प्रविधिमैत्री शिक्षणः** प्रत्येक विद्यालयमा इन्टरनेट, कम्प्युटर ल्याब र प्रत्येक कक्षाकोठामा स्मार्ट बोर्डको व्यवस्था गर्ने।

८. **ICT शिक्षकको व्यवस्थाः** सूचना तथा सञ्चार प्रविधिको सही उपयोगका लागि विद्यालयमा सूचना प्रविधि शिक्षकको व्यवस्था गर्ने।

९. **अंग्रेजी, गणित र विज्ञानमा सहयोगः** विद्यार्थीको सिकाइमा सुधार ल्याउन अंग्रेजी, गणित र विज्ञान जस्ता विषयको पठनपाठनमा पालिकाबाट विशेष अनुदानको व्यवस्था गर्ने।

१०. **शिक्षण-सिकाइ र मूल्याङ्कनः** शिक्षण-सिकाइ र मूल्याङ्कन पद्धतिबीच सामञ्जस्यता कायम गरी एकीकृत प्रणाली लागू गर्ने।

११. **क्षमता विकासः** विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक लगायतका सरोकारवाला पदाधिकारीहरूको पेसागत क्षमता विकास गर्ने।

१२. **विपद् तथा उत्थानशीलताः** प्रकोप, सङ्कट र महामारी जस्ता परिस्थितिलाई मध्यनजर गर्दै विद्यालयलाई उत्थानशील (Resilient) बनाउने योजना निर्माण र कार्यान्वयन गर्ने।

१३. **अतिरिक्त क्रियाकलाप र खेलकुदः** अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि बजेटको व्यवस्था गर्ने र खेल प्रशिक्षकको उपलब्धता सुनिश्चित गर्ने।

१४. **विद्यार्थी प्रोत्साहनः** पाठ्यपुस्तकको उपलब्धताका साथै विद्यार्थीहरूलाई छात्रवृत्ति र अन्य प्रोत्साहनमूलक कार्यक्रममार्फत शिक्षाप्रति उत्प्रेरित गर्ने।

## माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेराबार, शौचालय) | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | सङ्घ र स्थानीय तह |
| ५ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | | २० | २० | ३० | ३० | १०० | | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विव्यस, शिअसङ्घ पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | प्रदेश तथा स्थानीय तह |
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | १ | १ | स्थानीय तह |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | सङ्घ र स्थानीय तह |
| ९ | गाउँपालिका स्तरीय शैक्षिक क्यालेण्डर निर्माण तथा कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ तथा स्थानीय तह |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| १२ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |

## ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### ३.४.१ परिचय

सिप युक्त जनशक्तिलाई राष्ट्रिय विकासको मेरुदण्ड र आधारस्तम्भका रूपमा आत्मसात् गर्दै वि.सं. २०३७ सालमा प्राविधिक शिक्षालय योजनाको थालनीसँगै नेपालमा प्राविधिक शिक्षाको औपचारिक यात्रा आरम्भ भएको हो, जसलाई थप सुदृढ, स्वायत्त र व्यवस्थित बनाउने उद्देश्यले वि.सं. २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना गरियो । आधुनिक विकासका लागि साधारण र प्राविधिक जनशक्तिबीचको सन्तुलन अपरिहार्य रहेको यथार्थलाई मनन् गर्दै, "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्न सरकारले माध्यमिक तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारमा विशेष जोड दिँदै प्रत्येक स्थानीय तहमा कम्तीमा एक प्राविधिक धारको विद्यालय स्थापना गर्ने नीतिगत प्रतिबद्धता व्यक्त गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षाको तल्लो तहदेखि नै प्राविधिक तथा व्यावसायिक विधालाई आत्मसात् गर्दै श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्ने नीति लिएको सन्दर्भमा, नेचासल्यान गाउँपालिकाले पनि माध्यमिक शिक्षालाई समतामूलक, निःशुल्क, गुणस्तरीय र प्रविधिमैत्री बनाउने लक्ष्य राखेको छ । यसैका लागि गाउँपालिकाले भौतिक पूर्वाधारको स्तरोन्नति, शिक्षक व्यवस्थापन, सुशासन र सुदृढ शैक्षिक योजनाको माध्यमबाट विद्यालयहरूलाई नतिजामुखी एवं उत्थानशील शैक्षिक केन्द्रका रूपमा विकास गर्दै, विद्यार्थीहरूमा नैतिक, सामाजिक तथा मानवीय मूल्य-मान्यतासहितको संस्कारयुक्त शिक्षा प्रदान गरी उनीहरूको चौतर्फी व्यक्तित्व विकासमा केन्द्रित भई यो बृहत् शैक्षिक कार्ययोजना अघि सारेको हो ।

### ३.४.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को सञ्जालमार्फत मुलुकभर प्राविधिक शिक्षाको प्रवाह भइरहेको सन्दर्भमा, नेचासल्यान गाउँपालिकामा यसको प्रभावकारी कार्यान्वयन र विस्तारका लागि केही गम्भीर चुनौतीहरू विद्यमान छन्। हाल गाउँपालिकाको केदार माध्यमिक विद्यालयमा प्राविधिक धारतर्फ इन्जिनियरिङ विषयको पठनपाठन सञ्चालन भइरहेको भए तापनि, अभिभावकहरूको उत्साहजनक चासोका बाबजुद विद्यार्थीको रुचि र क्षमताअनुसार विषयवस्तुको छनोट हुन नसक्दा निर्धारित सिट सङ्ख्यासमेत पूर्ति हुन सकिरहेको छैन। साथै, पाठ्यक्रमको सैद्धान्तिक बोझ, दक्ष जनशक्तिको अभाव, प्रयोगशाला तथा उच्चगतिको इन्टरनेटको कमी, र उच्च लागतजस्ता समस्याहरूले प्राविधिक शिक्षाको गुणस्तरीय पहुँचमा बाधा पुऱ्याइरहेका छन्। तसर्थ, केदार मा.वि. को पठनपाठनलाई थप व्यवस्थित गर्दै स्थानीय श्रम बजार र विद्यार्थीको आवश्यकताअनुसार प्राविधिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न गाउँपालिकाको तर्फबाट 'अफलाइन डिजिटल लाइब्रेरी' जडान गर्ने, विद्यालयलाई 'डिजिटल हब' का रूपमा विकास गर्ने तथा शिक्षकहरूलाई डिजिटल पेडागोजी तालिम प्रदान गर्नेजस्ता विशेष नीतिगत पहलकदमी लिनु अपरिहार्य देखिन्छ।

### ३.४.३ उद्देश्यहरु

१. समतामूलक पहुँचको विस्तारः प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका कार्यक्रमहरूमा लैङ्गिक, सामाजिक र भौगोलिक रूपमा पछाडि परेका वर्ग तथा समुदायको समतामूलक पहुँच सुनिश्चित गर्नु।

२. संस्थागत संयन्त्रको विकासः प्राविधिक शिक्षा र सिप विकासका अवसरहरू सिर्जना गर्न, नियमन गर्न र कार्यान्वयनलाई चुस्त बनाउन प्रभावकारी संस्थागत संयन्त्रको विकास एवं सुदृढीकरण गर्नु।

३. गुणस्तर र सान्दर्भिकताको अभिवृद्धिः प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका कार्यक्रमहरूलाई स्थानीय श्रम बजारको माग, समयानुकूल प्रविधि र गुणस्तरीय मापदण्डसँग आबद्ध गरी जीवनोपयोगी बनाउनु।

४. सिप मूलक तालिमको प्रवर्द्धनः स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा छोटो अवधिका व्यावहारिक सिप मूलक तालिम कार्यक्रमहरू सञ्चालन गरी स्वरोजगारी तथा आयआर्जनका अवसरहरू प्रवर्द्धन गर्नु।

### ३.४.४ रणनीतिहरु तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्राविधिक शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्दै शैक्षिक गुणस्तरको अभिवृद्धि गर्ने | **१.१ शैक्षिक विस्तार एवं पहुँचः** स्थानीय आवश्यकता, भौगोलिक अवस्था र मागको आधारमा प्राविधिक धारका शिक्षण संस्थाहरूको चरणबद्ध विस्तार गर्ने र पहुँचलाई फराकिलो बनाउने।<br>**१.२ श्रम बजारसँगको एकीकरण** (ष्लपबनभ०ऱ प्राविधिक शिक्षालाई आधुनिक श्रम बजारको मागसँग प्रत्यक्ष आबद्ध गर्दै, विद्यार्थीहरूको रोजगारी र स्वरोजगारीलाई सुनिश्चित गर्ने।<br>**१.३ दिगो वित्तीय व्यवस्थापनः** प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (त्खभ्त० कार्यक्रमहरूको सञ्चालनका लागि आवश्यक पर्ने वित्तीय स्रोत सुनिश्चित गर्न 'प्राविधिक शिक्षा विकास कोष÷ को स्थापना गर्ने।<br>**१.४ विषयगत विविधीकरणः** स्थानीय सम्भावना र प्राथमिकतालाई दृष्टिगत गर्दै कृषि, ऊर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा-संस्कृति, खेलकुद र जलवायु परिवर्तनजस्ता क्षेत्रहरूमा केन्द्रित भई व्यावहारिक र सिप मूलक कार्यक्रमहरू सञ्चालन गर्ने। |
| २. छोटो अवधिका तालिमहरूलाई सिप मूलक, नतिजामुखी र रोजगारमैत्री बनाउँदै तिनको प्रभावकारिता | **२.१ रोजगारीको सुनिश्चितता (Employment Linkage):** तालिममा सहभागी व्यक्तिहरूलाई सिप हासिल गरेपश्चात् उनीहरूको दक्षताअनुसारको रोजगारी वा स्वरोजगारीका अवसरहरू सुनिश्चित गर्न आवश्यक सहजीकरण गर्ने।<br>**२.२ तालिम, उत्पादन र बजारको सन्तुलनः** तालिमको विषयवस्तुलाई |

| | |
|---|---|
| अभिवृद्धि गर्ने | बजारको मागसँग प्रत्यक्ष जोड्दै'तालिम (Training), उत्पादन (Production) र बजार (Market) बीचको अन्तर्सम्बन्ध र तालमेललाई मजबुत बनाउने। |

### ३.४.५ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रभावकारी कार्यान्वयनबाट सिप युक्त जनशक्ति उत्पादन हुनेछ। यसबाट औद्योगिक उत्पादन एवं उत्पादकत्वमा वृद्धि हुनुका साथै रोजगारी र स्वरोजगारीका अवसर सिर्जना भई समग्र गाउँपालिकावासीको जीवनस्तरमा गुणात्मक सुधार आउनेछ।

### ख. नतिजा

यस कार्ययोजनाको सफल कार्यान्वयनबाट देहायका उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छः

- प्राविधिक पूर्वाधारको विस्तारः पालिकाभित्र थप बहुप्राविधिक शिक्षालय तथा प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना र सञ्चालनमार्फत प्राविधिक शिक्षामा पहुँच विस्तार हुने।
- गुणस्तर र सान्दर्भिकतामा अभिवृद्धिः सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप मूलक कार्यक्रमहरू थप सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बन्ने।
- आर्थिक उपार्जनसँग आबद्धताः प्राविधिक शिक्षा र सिप विकासका कार्यक्रमहरूलाई उत्पादन र आर्थिक उपार्जनका क्रियाकलापसँग प्रत्यक्ष जोडी आत्मनिर्भरता प्रवर्द्धन गर्ने।
- परम्परागत सिप को संरक्षणः स्थानीयस्तरमा रहेका परम्परागत सिप हरूको पहिचान, प्रमाणीकरण र संरक्षण गर्दै तिनलाई आधुनिक बजारसँग जोड्ने।
- अनुभव र सिप को सदुपयोगः वैदेशिक रोजगारीबाट प्राप्त सिप , ज्ञान र अनुभवको खोजी, प्रमाणीकरण तथा उचित उपयोग गर्ने वातावरणको सिर्जना हुने।
- नवप्रवर्तन र उद्यमशीलताः खोज, नवप्रवर्तन (Innovation) र व्यावसायिक उद्यमशीलतालाई प्रोत्साहन गरी नयाँ अवसरहरूको विकास हुने।
- जीवनस्तरमा गुणात्मक सुधारः उत्पादनशील जनशक्तिको उत्पादन, रोजगारी तथा स्वरोजगारीका अवसरहरूमा वृद्धि भई नागरिकको जीविकोपार्जन र जीवनस्तरमा सकारात्मक परिवर्तन आउने।

### ग. प्रमुख क्रियाकलाप

१.गाउँपालिकाको प्राविधिक शिक्षा र सिप विकास लक्ष्यलाई प्राप्त गर्न देहायका मुख्य क्रियाकलापहरू सञ्चालन गरिनेछः

**२. छात्रवृत्ति तथा शैक्षिक अनुदानः** प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण र पहुँच बढाउन जेहेन्दार तथा आर्थिक रूपले विपन्न विद्यार्थीहरूका लागि छात्रवृत्ति र विशेष शैक्षिक अनुदानको व्यवस्था गर्ने।

**३. भर्ना तथा जनचेतना अभियानः** प्राविधिक शिक्षामा न्यून भर्ना दरलाई सुधार गर्न र विद्यार्थी तथा अभिभावकमा प्राविधिक शिक्षाको महत्त्वबारे जानकारी दिन बृहत् प्रचार-प्रसार तथा भर्ना प्रोत्साहन अभियान सञ्चालन गर्ने।

**४. नियमित अनुगमन तथा मूल्याङ्कनः** प्राविधिक शिक्षालयहरूको पठनपाठन, पूर्वाधार र गुणस्तरको सुनिश्चितता गर्न सम्बन्धित निकायबाट नियमित अनुगमन तथा प्रभावकारी मूल्याङ्कन प्रणाली लागू गर्ने।

**५. 'पढ्दै कमाउँदै' कार्यक्रमः** व्यावहारिक ज्ञान र सिप विकासलाई प्रवर्द्धन गर्न 'पढ्दै कमाउँदै' **(Earn and Learn)** मोडेलमा आधारित कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूलाई उद्यमशीलता र आयआर्जनतर्फ आकर्षित गर्ने।

**६. प्रशिक्षक प्रोत्साहन तथा वृत्ति विकासः** दक्ष प्रशिक्षकहरूलाई टिकाउन र उत्प्रेरित गर्न तोकिएको तलबबाहेक विशेष प्राविधिक प्रोत्साहन भत्ताको व्यवस्था गर्ने तथा उनीहरूका लागि अतिरिक्त आयआर्जनका अवसरहरू सिर्जना गर्ने।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचावेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | प्राविधिक विद्यालयको प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | २ | | | | २ | २ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | विद्यालयमा प्राविधिक शिक्षा (बाली विज्ञान, पशु विज्ञान, सिभिल इञ्जिनियरिङ इत्यादि) कार्यक्रम सञ्चालन | विद्यालय | १ | | | १ | | २ | २ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | न्युन विद्यार्थी भर्ना दर वृद्धि, सुधार गर्न विज्ञापन, अभियान सञ्चालन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | गाउँपालिकाबाट प्राविधिक शिक्षा अध्ययनको लागि अनुदान र छात्रवृत्तिको व्यवस्था गर्ने | आवश्यकता अनुअसार | | | | | | | | |
| ६ | पढदैं कमाउदै कार्यक्रम सञ्चालन गरी विद्यार्थीलाई आयआर्जन तर्फ आकर्षित गर्ने । | निरन्तर | | | | | | | | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

## ३.५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको निश्चित संरचना, पाठ्यक्रम र समयसीमाभन्दा बाहिर रही मानव जीवनका लागि आवश्यक पर्ने व्यावहारिक ज्ञान, सिप र जीवनोपयोगी प्रक्रियाहरूको निरन्तर प्रशोधन गर्ने पद्धति नै अनौपचारिक शिक्षा हो। यो शिक्षा मानिसको जन्मदेखि मृत्युपर्यन्त अविच्छिन्न रूपमा चलिरहने 'आजीवन सिकाइ' को एक अपरिहार्य र गतिशील अङ्ग हो। अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न वर्ग, समूह र तहका नागरिकहरूका आवश्यकतालाई सम्बोधन गर्दै उनीहरूको जीवनपद्धतिमा सकारात्मक परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसको व्यापक दायरा अन्तर्गत निरक्षर नागरिकहरूलाई साक्षर बनाउने आधारभूत साक्षरता अभियानदेखि लिएर, साक्षर भइसकेका व्यक्तिहरूको निरन्तर सिकाइलाई सुनिश्चित गर्ने साक्षरोत्तर कार्यक्रमहरू र व्यक्तिगत तथा सामाजिक आवश्यकताका आधारमा उनीहरूको शैक्षिक र बौद्धिक स्तरवृद्धि गर्ने अवसरहरू समावेश हुन्छन्।

वर्तमान समयमा अनौपचारिक शिक्षाको औचित्य केवल साक्षरतामा मात्र सीमित छैन; यसले शिक्षालाई सिप र आयआर्जनसँग जोड्दै नागरिकलाई आर्थिक रूपमा स्वावलम्बी र सामाजिक रूपमा सचेत बनाउन उत्प्रेरकको काम गरिरहेको छ। औपचारिक शिक्षाको दायरामा नअटेका वा अवसरबाट वञ्चित समूहहरूलाई सशक्तिकरण गर्दै सिप युक्त समाज निर्माण गर्नु नै यसको मूल मर्म हो। विशेषतः द्रुत गतिमा परिवर्तन भइरहेको विश्व परिवेशमा सिप र ज्ञानको अद्यावधिक रहन आजीवन सिकाइ प्रणालीको विकल्प छैन। यसर्थ, औपचारिक शिक्षा र अनौपचारिक/आजीवन सिकाइ प्रणालीलाई परिपूरकका रूपमा विकास गर्दै, शिक्षालाई श्रम, सिप , आम्दानी र उद्यमशीलतासँग जोड्न सकेमा मात्र एउटा समृद्ध, शिक्षित र व्यावसायिक समाजको परिकल्पनालाई साकार तुल्याउन सकिन्छ। अनौपचारिक शिक्षाले अवसरको खोजीमा रहेका नागरिकहरूलाई नयाँ मार्ग प्रशस्त गर्दै उनीहरूको आत्मविश्वास बढाउने र राष्ट्रिय विकासको मूल प्रवाहमा सरिक गराउने एक सशक्त माध्यमको रूपमा कार्य गर्दछ।

### ३.५.२ वर्तमान अवस्था

अनौपचारिक तथा व्यावसायिक शिक्षा एवं आजीवन सिकाइको माध्यमबाट समुदायका प्रत्येक नागरिकलाई शिक्षाको उज्यालो घाम प्रदान गर्ने र जीवनयापनलाई सहज बनाउने उद्देश्यसहित राज्यको नीति परिलक्षित छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वाचनालय, पुस्तकालय, डिजिटल साक्षरता, व्यावसायिक शिक्षा तथा खुला सिकाइको प्रवर्द्धन गर्ने अधिकार क्षेत्र स्थानीय सरकारलाई प्रदान गरेको छ। यसै सन्दर्भमा, समुदायको आवश्यकतालाई मध्यनजर गर्दै साक्षरता, निरन्तर शिक्षा, आजीवन सिकाइ र सामुदायिक विकास कार्यक्रमहरूको पहिचान, व्यवस्थापन, कार्यान्वयन र समन्वय गर्न नेचासल्यान गाउँपालिकाभित्र 'सामुदायिक सिकाइ केन्द्र' हरू स्थापना गरिएका छन्।

सामुदायिक सिकाइ केन्द्रहरूले साक्षरता र निरन्तर सिकाइका अवसरहरू प्रदान गर्न प्रौढ शिक्षा कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। यसका अतिरिक्त, विभिन्न समूह गठन गरी आयआर्जनका लागि आर्थिक लगानी जुटाउने र सामूहिक प्रणालीमा व्यावसायिक कार्यहरू सञ्चालन गर्ने कार्य भइरहेको छ। हाल गाउँपालिकाभित्रका

३ वटा वडामा १-१ वटाका दरले कुल ३ वटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन्। यी केन्द्रहरूमा कर्मचारीको व्यवस्था गरी सरसफाइ अभियान, साक्षरता कक्षा, महिला बचत तथा दैनिक जीवनमा आइपर्ने विभिन्न समस्यामा परेका व्यक्तिहरूलाई सहयोग प्रदान गर्ने कार्यसमेत भइरहेको छ।

माथि उल्लेखित कानुनी व्यवस्था र हालको धरातलीय यथार्थको विश्लेषण गर्दा नेचासल्यान गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका क्षेत्रमा देहायका अन्तरहरू (Gaps) विद्यमान छन्ः

- **पूर्ण साक्षरताको चुनौतीः** गाउँपालिका पूर्ण साक्षर घोषणा भइसकेको भए तापनि साक्षरताको दरलाई दिगो बनाइराख्न र साक्षरता पश्चात्को निरन्तर सिकाइका लागि आवश्यक पर्ने थप कार्यक्रमहरूको अभाव छ।
- **पूर्वाधार र स्रोतको कमीः** वाचनालय, पुस्तकालय, व्यावसायिक शिक्षा र खुला सिकाइका लागि आवश्यक पर्ने पूर्वाधार तथा स्रोत-साधनहरूको पर्याप्त व्यवस्था हुन सकेको छैन।
- **डिजिटल साक्षरताको अभावः** सूचना प्रविधिको बढ्दो प्रयोगसँगै अत्यावश्यक बनेको 'डिजिटल साक्षरता' (Digital Literacy) प्रवर्द्धन गर्ने उद्देश्यले कुनै पनि कार्यक्रमहरू सञ्चालनमा छैनन्।
- **सामुदायिक सिकाइ केन्द्रको प्रभावकारितामा कमीः** प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना नहुनु र भएका केन्द्रहरूले पनि आफ्नो कार्यक्षेत्र, कर्तव्य र जिम्मेवारीलाई पूर्णरूपमा आत्मसात् गरी प्रभावकारी ढंगले सञ्चालन गर्न नसक्नु प्रमुख चुनौतीका रूपमा देखिएको छ।
- **सिप र आयआर्जनसँगको कमजोर आबद्धताः** अनौपचारिक शिक्षा कार्यक्रमहरूले सहभागीहरूलाई जीवनयापनका लागि आवश्यक पर्ने व्यावहारिक ज्ञान र व्यावसायिक सिप प्रदान गर्न सकेका छैनन्, जसले गर्दा शिक्षालाई श्रम र आम्दानीसँग जोड्न सकिएको छैन।

### ३.५.३ उद्देश्यहरु

१. जीवनोपयोगी शिक्षा र सिप को प्रवर्द्धनः निरन्तर शिक्षा, आजीवन सिकाइ, खुला शिक्षा तथा आयमूलक र सिप मूलक कार्यक्रमहरू सञ्चालन गरी नागरिकको दैनिक जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान र सिप को सुनिश्चितता गर्ने।

२. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकासः सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत, संरचनागत र कार्यगत क्षमता अभिवृद्धि गर्दै तिनलाई सिकाइको प्रभावकारी केन्द्रका रूपमा विकास गर्ने।

३. समावेशी र समतामूलक पहुँचः शिक्षामा सबै नागरिकको समान र समावेशी पहुँच सुनिश्चित गर्दै, उनीहरूका लागि साक्षरता तथा आजीवन सिकाइका अवसरहरू सुलभ तुल्याउने।

४. शिक्षा प्रणालीबीचको आबद्धताः औपचारिक (Formal), अनौपचारिक (Non-formal) र खुला (Open) शिक्षा प्रणालीबीचको समन्वय र अन्तरसम्बन्धलाई बलियो बनाउँदै सिकाइको निरन्तरतालाई सुनिश्चित गर्ने।

### ३.५.४. रणनीतिहरु तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. पूर्ण साक्षर गाउँपालिकाको दिगोपना र आजीवन | **१.१ तथ्यांक अद्यावधिकः** गाउँपालिकाका साक्षर र निरक्षर जनसंख्याको यकिन तथ्यांक अद्यावधिक गर्दै लक्षित कार्यक्रमहरू तर्जुमा गर्ने। |

| | |
|---|---|
| सिकाइको सुनिश्चितता | **१.२ सिप र आयआर्जनमूलक कार्यक्रमः** समुदायमा आधारित साक्षरता कार्यक्रम, जीवनोपयोगी सिप विकास र आयआर्जनमा केन्द्रित विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।<br>**१.३ विविधतापूर्ण सिकाइ सामग्रीः** सिक्ने व्यक्तिहरूको आवश्यकता, शैक्षिक तह र भाषिक विविधतालाई ध्यानमा राख्दै उपयुक्त पाठ्यक्रम, सिकाइ मोडेल र सन्दर्भ सामग्रीहरूको निर्माण एवं प्रयोग गर्ने। |
| २. सामुदायिक सिकाइ केन्द्र (CLC) को संस्थागत सुदृढीकरण | **२.१ न्यूनतम मापदण्डअनुरूप पूर्वाधार विकासः** सामुदायिक सिकाइ केन्द्रहरूलाई आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधार तथा स्रोत-साधनको विकास गरी व्यवस्थित गर्ने।<br>**२.२ वडागत सञ्जाल विस्तारः** प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी तिनलाई क्रियाशील र नतिजामुखी बनाउने।<br>**२.३ छोटो अवधिको व्यावसायिक तालिमः** सिप मूलक र रोजगार केन्द्रित छोटो अवधिका तालिमहरू सामुदायिक सिकाइ केन्द्रहरूमार्फत सञ्चालन गरी स्थानीयलाई आत्मनिर्भर बनाउने। |

### ३.५.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य,

### क. उपलब्धी

सबैका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सिकाइका अवसरहरूको सुनिश्चितता गर्दै एक शिक्षित, सिप युक्त र आत्मनिर्भर समाजको निर्माण गर्ने

### ख. नतिजा

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ प्रणालीको सुदृढीकरणबाट देहायका उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छः

- सर्वसुलभ अवसरको सुनिश्चितताः गाउँपालिकाका सम्पूर्ण नागरिकहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सिकाइका अवसरहरूमा सहज र समान पहुँच सुनिश्चित हुने।
- संस्थागत र संरचनागत विकासः अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक पर्ने संगठनात्मक संरचना र व्यवस्थापकीय ढाँचा तयार भई प्रभावकारी कार्यान्वयन हुने, साथै सिकाईकर्ताको माग र आवश्यकताका आधारमा जीवनोपयोगी सिकाइ सामग्रीहरू व्यावहारिक रूपमा लागू हुने।
- सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नतिः सामुदायिक सिकाइ केन्द्रहरूलाई आजीवन सिकाइको मुख्य केन्द्र (Hub) का रूपमा विकास गरी स्थानीय स्तरमा सिकाइ संस्कृतिलाई प्रवर्द्धन गर्ने।

- सिप को प्रमाणीकरण र मान्यताः अनौपचारिक शिक्षा र आजीवन सिकाइको माध्यमबाट आर्जित ज्ञान र सिप को वैज्ञानिक तवरले पहिचान, मूल्याङ्कन तथा प्रमाणीकरण (Certification) गरी सो सिप लाई औपचारिक मान्यता प्रदान गरिने।

## ग. क्रियाकलाप

**अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई प्रभावकारी बनाउन गाउँपालिकाले देहायका कार्यक्रमहरू सञ्चालन गर्नेछः**

१. साक्षरता तथा साक्षरोत्तर कार्यक्रमः नागरिकको आधारभूत साक्षरता सुनिश्चित गर्दै साक्षर भइसकेकाहरूका लागि निरन्तर शिक्षा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने।

२. सामुदायिक सिकाइ केन्द्र सञ्चालनः गाउँपालिकाका वडाहरूमा सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना र प्रभावकारी सञ्चालन गरी सिकाइको पहुँच विस्तार गर्ने।

३. पुस्तकालयका रूपमा रूपान्तरणः सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना केन्द्रका रूपमा विकास गर्न स्थानीय पुस्तकालयको अवधारणासहित व्यवस्थित र प्रविधिमैत्री बनाउने।

४. संस्थागत सुदृढीकरणः सामुदायिक सिकाइ केन्द्रहरूको भौतिक पूर्वाधार, मानव संशाधन र व्यवस्थापकीय क्षमताको विकास गर्दै तिनलाई सक्षम बनाउने।

५. साझेदारी र सहकार्यः प्रादेशिक तथा संघीय सरकार, विभिन्न गैरसरकारी संस्था र सरोकारवाला निकायहरूसँग समन्वय र साझेदारी गरी स्रोत र साधनको अधिकतम परिचालन गर्ने।

६. परम्परागत ज्ञानको दस्तावेजीकरणः स्थानीय स्तरमा रहेका मौलिक तथा परम्परागत ज्ञान, सिप र अनुभवहरूलाई संकलन गरी सिकाइ सामग्रीको रूपमा विकास गर्ने।

७. प्रविधिको प्रयोगः सूचना तथा सञ्चार प्रविधिको (ICT) उच्चतम प्रयोग गर्दै डिजिटल साक्षरता र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्ने।

८. सिप को प्रमाणीकरणः अनौपचारिक माध्यमबाट आर्जित ज्ञान र सिप को पहिचान, मूल्यांकन तथा प्रमाणीकरण (Certification) गरी त्यसलाई औपचारिक मान्यता दिने व्यवस्था मिलाउने।

## अनौपचारिक शिक्षा र आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसका आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गर्ने | पटक | | १ | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कहरूको डाटाबेस तयार गर्ने | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने | सङ्ख्या | | | १ | | | १ | १ | सङ्घ |
| ४ | कम्तिमा बाल कक्षा देखि कक्षा ३ सम्म अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ५ | सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | | | | | १ | १ | |
| ६ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ७ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना, संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | ओटा | | १ | १ | | | २ | ४ | सङ्घ |
| ८ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानीय तह | | १ | १ | १ | १ | १ | ५ | ५ |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

नेचासल्यान गाउँपालिकाको शैक्षिक विकासलाई सर्वव्यापी र प्रभावकारी बनाउने क्रममा समतामूलक पहुँच तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा सरसफाइ, आपत्कालीन तथा विपत्को अवस्थामा शिक्षा, भौतिक पूर्वाधार विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि जस्ता अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूलाई केन्द्रविन्दुमा राखिएको छ। यद्यपि यी विषयहरू अघिल्ला परिच्छेदहरूमा पनि समाहित छन्, तथापि तिनको विशिष्ट महत्त्व र प्रभावलाई थप गहिराइमा पुगी सम्बोधन गर्न, तिनलाई एकीकृत प्राथमिकताका साथ कार्यान्वयन गर्न र विभिन्न क्षेत्रगत निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्ने उद्देश्यले यस परिच्छेदमा विशेष विश्लेषणात्मक प्रस्तुति गरिएको छ।

यस खण्डमा समावेश प्रत्येक विषयवस्तुको सैद्धान्तिक अवधारणा र वर्तमान धरातलीय यथार्थको वस्तुनिष्ठ विश्लेषण गरिएको छ। सोही विश्लेषणका आधारमा विद्यमान समस्या र चुनौतीहरूलाई उजागर गर्दै आगामी कार्यदिशा तय गरिएको हो। यसअन्तर्गत प्रत्येक विषयगत क्षेत्रका लागि स्पष्ट रणनीतिक उद्देश्य, अपेक्षित नतिजा (Expected Outcomes) तथा यो योजना अवधिभर सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरू समावेश गरिएको छ। यस प्रकारको एकीकृत र विश्लेषणात्मक दृष्टिकोणले शिक्षालाई केवल ज्ञान आर्जनको थलो मात्र नभई, समग्र गाउँपालिकाको सामाजिक-आर्थिक रूपान्तरणको एउटा बलियो आधारस्तम्भका रूपमा स्थापित गर्न थप सहयोग पुग्ने विश्वास लिइएको छ।

## ४.१.पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षण-सिकाइ प्रक्रियालाई व्यावहारिक, प्रभावकारी र विद्यार्थीमैत्री बनाउन पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन पद्धति एकअर्काका आधारस्तम्भका रूपमा रहेका हुन्छन्। पाठ्यपुस्तकले राष्ट्रिय पाठ्यक्रमले निर्दिष्ट गरेका शैक्षणिक उद्देश्यहरूलाई व्यवस्थित गरी कक्षाकोठाको शिक्षणलाई एउटा निश्चित मार्गचित्र प्रदान गर्दछ। यद्यपि, पाठ्यपुस्तक मात्र सिकाइको पूर्ण स्रोत हुन सक्दैन; तसर्थ, सिकाइलाई रोचक, सरल र अर्थपूर्ण बनाउन विभिन्न प्रकारका शैक्षणिक सामग्रीहरूको भूमिका अपरिहार्य हुन्छ। स्थानीय परिवेश, संस्कृति, भाषा र उपलब्ध स्रोत-साधनहरूबाट तयार पारिएका सिकाइ सामग्रीहरूले जटिल र अमूर्त अवधारणाहरूलाई समेत मूर्त रूप दिँदै विद्यार्थीहरूको सिकाइ क्षमतालाई उच्च बनाउन मद्दत गर्दछन्।

यस समग्र शैक्षिक प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्ने कडीका रूपमा 'मूल्याङ्कन' पद्धति रहेको छ। मूल्याङ्कनले विद्यार्थीले कति ज्ञान र सिप आर्जन गरे भन्ने कुराको मात्र मापन गर्दैन, बरु शिक्षण पद्धतिमा रहेका कमी-कमजोरीहरूलाई पहिचान गरी सुधारको बाटो पहिल्याउन समेत सहयोग पुऱ्याउँछ। निरन्तर र बहुआयामिक मूल्याङ्कन पद्धतिमार्फत प्राप्त हुने पृष्ठपोषण (Feedback) ले शिक्षकलाई आफ्ना विद्यार्थीहरूको सिकाइ स्तरअनुसार शिक्षण विधि परिमार्जन गर्न र विद्यार्थीलाई आफ्ना कमजोरी सुधार्दै थप प्रगति गर्न प्रेरित गर्दछ। तसर्थ, स्थानीय तहको शैक्षिक योजनामा स्तरीय पाठ्यपुस्तकको सुनिश्चितता, स्थानीय स्रोत-साधनमा आधारित सिकाइ सामग्रीको व्यापक प्रयोग र निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई एकीकृत रूपमा कार्यान्वयन गर्नु नै विद्यार्थीको सर्वाङ्गीण

विकासका लागि अपरिहार्य आवश्यकता हो। यसरी, यी तीनवटै पक्षको व्यवस्थित संयोजनबाट मात्र शैक्षिक प्रणालीलाई थप प्रतिस्पर्धी र नतिजामुखी बनाउन सकिन्छ।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ नेपालको शैक्षिक रूपान्तरणको एउटा महत्वपूर्ण कोसेढुङ्गाका रूपमा स्थापित छ। शैक्षिक सत्र २०७७ बाट प्रारम्भ भएको यस प्रारूपको कार्यान्वयन यात्रा शैक्षिक सत्र २०८० सम्म आइपुग्दा कक्षा १ देखि १२ सम्म पूर्णरूपमा लागू भइसकेको छ। यसले विद्यालय शिक्षालाई परम्परागत ज्ञान केन्द्रित ढाँचाबाट माथि उठाई सक्षमतामा आधारित (Competency-based) र व्यावहारिक सिकाइमा रूपान्तरण गरेको छ। शैक्षिक संरचनाअन्तर्गत आधारभूत तहको कक्षा १-३, ४-५ र ६-८ लाई क्रमशः तह १, २ र ३ तथा माध्यमिक तहको ९-१० र ११-१२ लाई तह ४ र ५ गरी पाँचवटा सिकाइ स्तरमा विभाजन गरिएको छ। कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणा लागू गरी विद्यार्थीको सर्वाङ्गीण विकास, व्यवहारकुशल र जीवनोपयोगी सिप लाई मूलप्रवाहमा ल्याइएको छ भने स्थानीय पाठ्यक्रम वा मातृभाषामा शिक्षा प्रदान गर्ने अधिकारमार्फत स्थानीय परिवेश, सांस्कृतिक मौलिकता र दैनिक जीवनसँग शिक्षालाई जोड्ने कार्यलाई संस्थागत गरिएको छ।

मूल्याङ्कन पद्धतिलाई शिक्षण-सिकाइको अभिन्न अङ्ग बनाउने उद्देश्यका साथ कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) र सम्पूर्ण कक्षा १ देखि १२ सम्म अक्षराङ्कन पद्धति (Letter Grading System) को अभ्यास गरिएको छ। परीक्षा व्यवस्थापनको सन्दर्भमा कक्षा ८ को परीक्षा स्थानीय तहबाट, र कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय स्तरबाट सञ्चालन गर्ने परिपाटी स्थापित छ। पाठ्यक्रमले परियोजना कार्य, बाल-केन्द्रित क्रियाकलाप र 'गरेर सिक्ने' (Learning by doing) विधिलाई विशेष जोड दिएको छ, साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रका पोर्टलहरूबाट डिजिटल सिकाइ सामग्रीको पहुँच विस्तार गरिएको छ।

यद्यपि, यतिका प्रयासका बाबजुद पनि विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सुधारको सशक्त औजारका रूपमा कार्यान्वयन गर्न अझै केही चुनौतीहरू विद्यमान छन्। विशेषगरी 'लिबरल प्रमोसन' नीतिलाई 'विद्यार्थीलाई अनुत्तीर्ण गर्न नहुने' एउटा बाध्यकारी नियमका रूपमा बुझ्दा निरन्तर मूल्याङ्कन पद्धतिले आफ्नो वास्तविक सार्थकता पाउन सकिरहेको छैन। मूल्याङ्कनका साधन र विधिहरू अधिकांशतः त्रैमासिक वा वार्षिक औपचारिक लिखित परीक्षामा मात्र सीमित हुँदा विद्यार्थीको सिकाइमा निरन्तर पृष्ठपोषण (Feedback) प्रदान गरी सिकाइस्तर सुधार गर्ने कार्य ओझेलमा परेको छ। साथै, विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण, प्रबोधीकरण र बाह्य परीक्षाको विश्वसनीयता बढाउनु वर्तमान शैक्षिक व्यवस्थापनको प्रमुख कार्यभार हो। तसर्थ, सिकाइलाई नतिजामुखी र वैज्ञानिक बनाउन पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, प्रविधिमैत्री सिकाइ सामग्रीको व्यापक उपयोग र मूल्याङ्कनलाई औपचारिकताबाट माथि उठाई सिकाइ सुधारको संवाहकका रूपमा विकास गर्नु नै आजको आवश्यकता हो।

यस गाउँपालिका भित्र विद्यालय शिक्षामा पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा निम्नानुसारको अवस्था विद्यमान देखिन्छः

गाउँपालिकाभित्र विद्यालय शिक्षाको पाठ्यक्रम कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनको अवस्था निम्नानुसार छः

- **प्रबोधिकरणको अभावः** पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक शिक्षक अभिमुखीकरण (प्रबोधिकरण) कार्यक्रम सञ्चालन हुन सकेको छैन।
- **निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS):** मूल्याङ्कनका लागि आवश्यक सामग्री वितरण गरिए तापनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।
- **लेटर ग्रेडिङ प्रणालीः** सबै विद्यालयमा लेटर ग्रेडिङ प्रणालीको समान र पूर्ण कार्यान्वयन हुन सकेको छैन।
- **स्थानीय पाठ्यक्रमः** स्थानीय मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरिए पनि तिनको कार्यान्वयन पक्ष अगाडि बढ्न सकेको छैन।
- **डिजिटल सिकाइमा चुनौतीः** इन्टरनेटको असहज पहुँचका कारण डिजिटल सामग्रीहरूको प्रयोगमा समस्या देखिएको छ।
- **शिक्षण पद्धतिः** कक्षाकोठामा विद्यार्थी केन्द्रित सिकाइ गतिविधिहरू न्यून रहेका छन्।
- **पाठ्यपुस्तकको उपलब्धताः** शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तकको सुनिश्चितता हुन सकेको छैन।
- **बहुपाठ्यपुस्तक नीतिः** बहुपाठ्यपुस्तकको अवधारणा व्यावहारिक रूपमा नभई नीतिगत तहमा मात्र सीमित रहेको छ।
- **तादात्मयताको कमीः** पाठ्यक्रमका विभिन्न तह र विषयहरूका बीचमा हुनुपर्ने तार्किक तादात्मयता (**Alignment**) कमजोर छ।

**नीतिगत व्यवस्था र वर्तमान अवस्थाबीच पहिचान गरिएका मुख्य अन्तर (Gap Analysis)**

मौजुदा नीतिगत व्यवस्था र व्यवहारमा देखिएका मुख्य अन्तरहरू यस प्रकार छन्:

- **कार्यान्वयनको खाडलः** समयसापेक्ष पाठ्यक्रमको विकास भए पनि प्रबोधिकरणको अभावले गर्दा कक्षाकोठामा अपेक्षित कार्यान्वयन हुन सकेको छैन।
- **मूल्याङ्कन साधनको अपयोगः** निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि सामग्री उपलब्ध भए पनि तिनको व्यवस्थित प्रयोग र अभिलेखीकरणको अभाव छ।
- **दक्ष जनशक्ति र व्यवस्थापनः** एकीकृत पाठ्यक्रमलाई आत्मसाथ गरी कार्यान्वयन गर्न सक्ने दक्ष जनशक्तिको अभाव छ।
- **प्राविधिक पहुँचः** इन्टरनेटको अभावमा सूचना तथा सञ्चार प्रविधि (**ICT**) आधारित सिकाइ सामग्रीको उपयोग न्यून छ।

- **मूल्याङ्कनको संकुचित दायराः** परीक्षाबाहेकका अन्य मूल्याङ्कनका साधनहरूको प्रयोग गर्ने र त्यसको अभिलेख राख्ने परिपाटीको विकास हुन सकेको छैन।
- **पाठ्य घण्टा र पूर्णाङ्कको विरोधाभासः** नीतिगत रूपमा पाठ्य घण्टाको व्यवस्था गरिए पनि व्यावहारिक रूपमा परम्परागत पूर्णाङ्क प्रणाली नै बढी हाबी छ।
- **व्यावहारिक सिकाइको कार्यान्वयनः** परियोजना कार्य, ICT को प्रयोग र अनुसन्धानात्मक कार्यहरूलाई व्यावहारिक रूपमा कक्षाकोठामा उतार्न सकिएको छैन।
- **मूल्याङ्कनको असन्तुलनः** प्रयोगात्मक परीक्षा र व्यावहारिक सिप को मूल्याङ्कनभन्दा लिखित परीक्षालाई मात्र बढी प्राथमिकता दिने परम्परा कायमै छ।

### ४.१.३ उद्देश्यहरु

पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी राष्ट्रिय नीतिको मर्म र भावनालाई आत्मसाथ गर्दै विद्यालय शिक्षालाई सिकाइमैत्री बनाउनु यस योजनाको समग्र उद्देश्य रहेको छ। यस उद्देश्य प्राप्तिका लागि देहायका विशिष्ट लक्ष्यहरू निर्धारण गरिएका छन्:

- पाठ्यक्रम कार्यान्वयनः निर्धारित पाठ्यक्रमलाई विद्यालय तहमा पूर्ण रूपमा कार्यान्वयन गरी सिकाइ उपलब्धिलाई सुनिश्चित गर्नु।
- पृष्ठपोषण प्रणालीः पाठ्यक्रमको विकास, परिमार्जन र शिक्षण विधिको सुधारका लागि विद्यालयहरूबाट निरन्तर र रचनात्मक पृष्ठपोषण प्राप्त गर्ने संयन्त्र निर्माण गर्नु।
- जीवनोपयोगी सिकाइः किताबी ज्ञानलाई मात्र प्राथमिकता नदिई सिकाइलाई दैनिक जीवनका समस्या र व्यवहारसँग प्रत्यक्ष रूपमा जोड्नु।
- ज्ञान, सिप र व्यवहारको सन्तुलनः स्थानीय परिवेश र विश्वव्यापी आधुनिक परिवेशको तालमेल मिलाउँदै सिकारुमा सर्वाङ्गीण ज्ञान, व्यावहारिक सिप र सकारात्मक बानीको विकास गर्नु।
- वैज्ञानिक मूल्याङ्कन पद्धतिको प्रयोगः विद्यार्थीको सिकाइमा देखिने समस्याको तत्काल पहिचान र समाधानका लागि 'निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धति' को प्रभावकारी कार्यान्वयन गर्नु।
- स्थानीय विशिष्टताको सम्बोधनः गाउँपालिकाको स्थानीय आवश्यकता, भाषा र संस्कृतिलाई समेट्ने गरी स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण गरी तिनको व्यवहारिक कार्यान्वयन गर्नु।

### ४.१.४ रणनीतिहरु तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धी | **१.१ पाठ्यक्रम प्रबोधिकरण (अभिमुखीकरण)ः** पाठ्यक्रमको मर्म र विधिबारे शिक्षकहरूमा रहेको अन्योल चिर्न र शिक्षण क्षमता अभिवृद्धि गर्न सबै विद्यालयका शिक्षकहरूका लागि नियमित पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| कार्ययोजना | **१.२बाल-केन्द्रित शिक्षण विधिः** शिक्षण सिकाइ प्रक्रियालाई शिक्षक-केन्द्रितबाट रूपान्तरण गरी सबै विद्यालयमा अनिवार्य रूपमा ुबाल-केन्द्रितु र ुक्रियाकलापमा आधारितु शिक्षण विधि अवलम्बन गर्न लगाउने।<br>**१.३ पाठ्यसामग्रीको उपलब्धताः** शैक्षिक सत्रको सुरुवातसँगै सबै विद्यालयमा आवश्यक तहका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको निर्बाध उपलब्धता सुनिश्चित गर्ने।<br>**१.४ बहुभाषिक सिकाइको प्रवर्द्धनः** प्रारम्भिक कक्षाका विद्यार्थीहरूको सिकाइ सहज बनाउन र मातृभाषाको संरक्षण गर्न बहुभाषिक सिकाइ (Multilingual Education) पद्धतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने। |
| २. मूल्याङ्कन पद्धतिको सुदृढीकरण र सिकाइको अभिन्न अङ्गका रूपमा विकास | **२.१ क्षमता विकास र कार्यशालाः** शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन (CSLE) विधि, लेटर ग्रेडिङ प्रणाली र आधुनिक मूल्याङ्कनका साधनहरूबारे दक्ष बनाउन निरन्तर कार्यशाला र गोष्ठी सञ्चालन गर्ने।<br>**२.२ मूल्याङ्कन प्रणालीको मानकीकरणः** परीक्षा र मूल्याङ्कनका लागि प्रयोग गरिने साधनहरू (प्रश्नपत्र, चेकलिष्ट, रुब्रिक्स आदि) लाई थप स्तरीय, विश्वसनीय र व्यवस्थित बनाउने।<br>**२.३ नतिजा विश्लेषण र पारदर्शिताः** आवधिक परीक्षाको नतिजालाई वैज्ञानिक तवरले विश्लेषण गर्ने, नतिजाको वस्तुनिष्ठ प्रकाशन गर्ने र शिक्षक-अभिभावकबीच नियमित छलफल गरी विद्यार्थीको प्रगति विवरण (Progress Report) उपलब्ध गराउने कार्यलाई अनिवार्य र व्यवस्थित गर्ने।<br>**२.४ अक्षराङ्कन पद्धति (Letter Grading) को पूर्ण कार्यान्वयनः** सबै विद्यालयहरूमा मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धति (Letter Grading System) मा आधारित भई पूर्ण रूपमा कार्यान्वयन गर्ने। |

### ४.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क.उपलब्धि

यस योजनाको सफल कार्यान्वयनबाट गाउँपालिकाको विद्यालय शिक्षामा गुणात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ। विशेषगरी, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत विद्यार्थीहरूमा दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता, सृजनशीलता र सकारात्मक सोचको विकास हुनेछ। यसले विद्यार्थीहरूलाई निरन्तर सिकाइप्रति प्रतिबद्ध र भविष्यमा श्रम बजारमा प्रतिस्पर्धी तथा रोजगार-उन्मुख सक्षम नागरिकका रूपमा तयार गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ।

**ख.नतिजा**

योजनाको कार्यान्वयनपश्चात् देहायका नतिजाहरू प्राप्त हुनेछन्:

१. कार्यान्वयनमा प्रभावकारिताः पाठ्यक्रमको पूर्ण र प्रभावकारी कार्यान्वयन सुनिश्चित हुनेछ।

२. सुधारको संयन्त्रः पाठ्यक्रम विकास तथा परिमार्जनका लागि विद्यालय स्तरबाट नियमित र रचनात्मक पृष्ठपोषण प्राप्त हुनेछ।

३. जीवनोपयोगी सिकाइः शिक्षण सिकाइ प्रक्रिया सैद्धान्तिक ज्ञानमा मात्र सीमित नभई व्यावहारिक र दैनिक जीवनसँग प्रत्यक्ष जोडिनेछ।

४. सर्वाङ्गीण विकासः पाठ्यक्रममा आधारित शिक्षण क्रियाकलापद्वारा स्थानीय परिवेश र आधुनिक विश्वपरिवेश अनुकूल सिकारुमा ज्ञान, सिप र व्यावहारिक सक्षमताको विकास हुनेछ।

५. वैज्ञानिक मूल्याङ्कनः विद्यार्थीका सिकाइ समस्याहरू पहिचान गरी तिनको समाधान गर्न 'निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धति' को पूर्ण कार्यान्वयन हुनेछ।

६. स्थानीयकरणः स्थानीय आवश्यकता र विशिष्टतालाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण र प्रभावकारी कार्यान्वयन हुनेछ।

**ग.प्रमुख क्रियाकलाप र लक्ष्य**

१. सबै विद्यालयका शिक्षकहरूका लागि पाठ्यक्रम प्रबोधिकरण तालिम सञ्चालन गर्ने र नयाँ पाठ्यक्रममा आधारित तालिम प्रदान गर्ने।

२. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा तहगत पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन/निरीक्षण गर्ने।

३. कक्षागत र विषयगत शिक्षक निर्देशिकाको प्रयोग भए/नभएको सुनिश्चित गर्न अनुगमन गर्ने।

४. बहुपाठ्यपुस्तक नीतिको व्यावहारिक कार्यान्वयन गर्ने।

५. प्रश्नपत्र निर्माण कार्यशाला सञ्चालन गरी मूल्याङ्कनलाई स्तरीय बनाउने।

६. निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) र लेटर ग्रेडिङ प्रणालीको अभिमुखीकरण तथा पूर्ण कार्यान्वयन गर्ने।

७. कक्षा शिक्षणमा आधारित परीक्षण तथा मूल्याङ्कनसम्बन्धी नमुना विकास र प्रबोधीकरण गर्ने।

८. आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन, व्यवस्थापन र नियमन गर्ने।

९. कक्षा १०, ११ र १२ को परीक्षा सञ्चालनमा सहजीकरण तथा अनुगमन गर्ने।

१०. आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र त्यसको प्रबोधीकरण गर्ने।

११. स्थानीय विज्ञ सम्मिलित प्राविधिक संयन्त्र विकास गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने।

१२. शिक्षण सिकाइमा बहुभाषिक नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

१३. शैक्षिक सत्रको सुरुवातसँगै निःशुल्क पाठ्यपुस्तक तथा आवश्यक शैक्षिक सामग्रीको समयमै उपलब्धता सुनिश्चित गर्ने।

१४. शिक्षकको स्वमूल्याङ्कनका लागि प्रत्येक वर्ष विद्यालय स्तरमा कम्तीमा तीनवटा अनुसन्धानात्मक कार्य (Action Research) गराउने।

१५. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गरी प्रोत्साहन गर्ने।

पाठ्यक्रम र पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | सङ्ख्या | १८ | ३० | | | ३० | ७८ | ९० | स्थानीय तह,शिविसइ |
| २ | पाठ्यक्रमको बारेमा शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | १८ | ३० | ३० | ३० | ३० | १३८ | २२१ | स्थानीय तह, शिक्षा तालिम केन्द्र |
| ३ | शिक्षक पेसागतसहयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | ओटा | ६ | ५ | ५ | ५ | ९ | ३० | ३० | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, विद्यालय |
| १० | सुपरिवेक्षण तथा अनुगमन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ११ | सबै बालबालिकालाई पाठ्यपुस्तक | विद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | | | | | | | | | |
| १२ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १३ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक व्यवस्थापन शैक्षिक प्रणालीको आधारस्तम्भ हो। गुणस्तरीय शिक्षाका लागि शिक्षकहरू योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति पूर्ण जवाफदेही हुनु अनिवार्य छ। कुनै पनि शिक्षा प्रणालीको सफलता त्यहाँ कार्यरत शिक्षकहरूको अवस्था र उनीहरूको कार्यदक्षतामा निर्भर रहन्छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण विधिको प्रयोगमा निपुणता र उदाहरणीय व्यक्तित्वले विद्यार्थीको सिकाइमा प्रत्यक्ष र सकारात्मक प्रभाव पार्दछ। हाल प्राथमिक तहमा विद्यार्थी संख्याका आधारमा तथा निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत रूपमा शिक्षक व्यवस्थापन गर्ने नीतिगत एवं कानुनी व्यवस्था विद्यमान छ।

नेपालमा विगतदेखि सञ्चालित विभिन्न शिक्षा योजना तथा कार्यक्रमहरूले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गर्ने र बालमैत्री वातावरण सिर्जना गर्ने जस्ता प्रयासहरू गर्दै आएका छन्। विशेषगरी 'विद्यालय क्षेत्र विकास योजना' अन्तर्गत शिक्षकको क्षमता अभिवृद्धि गर्न 'शिक्षक पेसागत विकास (TPD) प्रमाणीकरण तालिम' तथा आवश्यकतामा आधारित अल्पकालीन तालिमहरू सञ्चालन गरी शिक्षण अभ्यासमा सुधार ल्याउने प्रयत्न गरिएको छ। शिक्षकको पेसागत विकासलाई थप गतिशील बनाउन तालिम, कार्यशाला, सेमिनार, क्रियात्मक अनुसन्धान, शिक्षक सिकाइ सञ्जाल, अवलोकन भ्रमण र मेन्टरिङ जस्ता विधिहरूलाई निरन्तरता दिनु आवश्यक छ।

तसर्थ, शिक्षण पेशालाई थप आकर्षित बनाउन शिक्षकहरूका लागि सूचना प्रविधि तथा पेसागत विकासका विविध मोडालिटीहरू, र प्रधानाध्यापक तथा लेखापालहरूका लागि विद्यालय लेखा व्यवस्थापन, सार्वजनिक खरिद एवं जिन्सी व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्नु आजको आवश्यकता हो। कक्षाकोठाको शिक्षण सिकाइलाई थप गुणस्तरीय बनाउन शिक्षक सहयोग प्रणालीलाई सुदृढ गर्दै शिक्षकको व्यावसायिक विकास गर्ने र विद्यार्थीको सिकाइ उपलब्धिप्रति शिक्षकहरूलाई थप जिम्मेवार र जवाफदेही बनाउने कार्यलाई यस योजनाले उच्च प्राथमिकता दिएको छ।

### ४.२.२ वर्तमान अवस्था

मापदण्ड अनुसार प्रत्येक विद्यालयमा एक जना सहयोगी कर्मचारी, आधारभूत तह कक्षा १—५ सञ्चालित विद्यालयमा कम्तीमा ३ जना शिक्षक, कक्षा ६ देखि ८ सञ्चालित विद्यालयमा कम्तीमा ४ जना शिक्षक, कक्षा ६ देखि १० सम्म सञ्चालन भएको विद्यालयमा कम्तीमा ९ जना शिक्षक, कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयमा कम्तीमा ८ जना शिक्षक रहने व्यवस्था रहेको छ । यसैगरी शिक्षक विद्यार्थी अनुपातसमेत तोकेको छ, जस अनुसार हिमालमा १:१५, पहाडमा १:२५ र तराईमा १:५० तोकिएको छ । नेचासल्यान गाउँपालिकामा शिक्षक व्यवस्थापनका सम्बन्धमा निम्न अवस्था विद्यमान देखिन्छः

- सबै विद्यालयमा **ECED** शिक्षक रहेको ।
- कक्षा १ देखि ५ सञ्चालित विद्यालयमा ३ जना शिक्षक मात्र हुँदा विषयगत शिक्षक व्यवस्था हुन नसकेको ।

- न्यून विद्यार्थी सङ्ख्या र अपर्याप्त शिक्षक दरबन्दी रहेको ।
- शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने गरी शिक्षक दरबन्दी मिलान गर्न नसकिएको ।
- कक्षा ११ र १२ सञ्चालन भएका सबै विद्यालयले शिक्षक दरबन्दी प्राप्त नगरेको, तल्लो तहका शिक्षकले माथिल्लो कक्षा सञ्चालन गर्नुपरेको ।
- गाउँपालिकाको अनुदानमा केही शिक्षक व्यवस्थापन गरिएको ।

शिक्षक दरबन्दी मिलान, थप शिक्षकको व्यवस्था, सुदृढ पेसागत सहयोग प्रणाली, क्षमता विकासका अवसरजस्ता पक्षहरू शिक्षक व्यवस्थापन र विकासअन्तर्गतका कार्यहरू हुन् । नेचासल्यान गाउँपालिकाअन्तर्गतको शिक्षक व्यवस्थापन र विकाससम्बन्धी वर्तमान अवस्था र व्यवस्थाको विश्लेषण गर्दा निम्न समस्या, चुनौती तथा अन्तर (**Gap**) देखिन्छन्:

- शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन नसकिनु र तालिममा सिकेको ज्ञान तथा सिप को कक्षाकोठामा प्रयोग नहुनु ।
- दरबन्दी मिलान कार्यलाई व्यवस्थित र यथार्थपरक बनाउन नसक्नु ।
- शिक्षण पेशालाई रोजाइको पेशाको रूपमा विकास गर्न नसक्नु ।
- कार्यसम्पादनका आधारमा शिक्षकको मूल्याङ्कन र प्रोत्साहन गर्न नसक्नु ।
- बालमनोविज्ञान बुझेर सहजीकरण गर्न सक्ने तालिमप्राप्त **ECED** शिक्षकको अभाव ।
- विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयमा शिक्षक अभाव ।
- विषयगत शिक्षकको अभावमा सिकाइ उपलब्धिमा कमी ।
- विद्यालय सञ्चालन अनुमति दिएको तर सो अनुसार विद्यालय स्वीकृति नहुँदा सहजै शिक्षक दरबन्दी सिर्जना हुन नसकेको ।
- योग्यता र क्षमताका आधारमा प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनोट गर्ने कार्य हुन नसकेको ।

४.२.३ उद्देश्य

१. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।

२. वैज्ञानिक आधार तयार गरी प्रतिस्पर्धी, क्षमतावान, सक्षम प्रधानाध्यापक छनोट गर्ने ।

३. आवश्यकताका आधारमा प्रत्येक शैक्षिक सत्र सुरु हुनुपूर्व दरबन्दी मिलान गर्ने ।

४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको व्यवस्था गर्ने ।

५. सुपरीवेक्षण,शिक्षक तालिम, शिक्षक क्षमता विकासका कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

६. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्ने ।

### ४.२.४ रणनीतिहरु तथा कार्यनीतिहरु

उद्देश्यहरु पुरा गर्न देहायअनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु सञ्चालन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षक विद्यार्थी अनुपात मिलाउने | १.१ प्रत्येक शैक्षिक सत्र शुरु हुनु अगाडि औचित्यको आधारमा दरवन्दी मिलान गर्ने<br>१.२ विद्यार्थी सँख्या कम भएका विद्यालयलाई नजिकको विद्यालयमा गाभ्ने<br>१.३ गाउँपालिकाको अनुदान शिक्षक वितरण गर्दा विद्यार्थी धेरै भएका विद्यालयलाई प्राथमिकता दिने |
| २. शिक्षकको निरन्तर पेसागत विकासको व्यवस्था गर्ने | २.१ सबै बालबिकास सहयोगी कार्यकर्तालाई छोटो अवधिको मन्टेश्वरी तालिम सञ्चालन गर्ने ।<br>२.२ शिक्षकको निरन्तर पेसागत विकासको लागि संघीय र प्रदेश सरकार तथा शिक्षा तालिम केन्द्रहरूसँग समन्वय गर्ने ।<br>२.३ विषयगत शिक्षक समूह (सञ्जाल) निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गर्ने। |
| ३. शिक्षकलाई पेसाप्रति प्रतिवद्ध, उत्प्रेरित र जिम्मेवार बनाउने पद्धति विकास गर्ने | ३.१ उपस्थिति, नियमितता र शिक्षकले शिक्षणमा विताउने समयावधि वृद्धि गरी शिक्षकको कार्यसम्पादनमा सुधार गर्ने ।<br>३.२ सिकाइ उपलब्धिका आधारमा शिक्षकको मूल्याङ्कन गरी मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन प्रदान गर्ने<br>३.३ नियमित अनुगमन तथा निरिक्षणका लागि संयन्त्र विकास गर्ने<br>३.४ प्रतिशपर्धाका आधारमा प्रधानाध्यापक छनोट गर्ने र कार्यसम्पादन करार गर्ने |

### ४.२.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

#### क. उपलब्धि

"दक्ष, योग्य, समर्पित र अभिप्रेरित शिक्षकको व्यवस्थापन गरी कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने।

#### ख .नतिजा

१. शिक्षण पेशाको गरिमा र प्रतिस्पर्धात्मक क्षमताः शिक्षण पेशा थप मर्यादित, सम्मानित र व्यावसायिक रूपमा प्रतिस्पर्धी बन्नेछ।

२. पेसागत विकासको सुदृढीकरणः शिक्षकहरूको पेसागत विकाससम्बन्धी प्रावधानहरूको थप विस्तार, व्यवस्थित र सुदृढीकरण हुनेछ।

३. शिक्षक सहयोग प्रणालीको प्रभावकारिताः 'शिक्षक पेसागत सहयोग प्रणाली' मार्फत शिक्षकहरूले निरन्तर रूपमा व्यावसायिक मार्गदर्शन र सहयोग प्राप्त गर्नेछन्।

४. शिक्षण अभ्यासमा गुणस्तरीय सुधारः शिक्षकको नियमित उपस्थिति, आधुनिक शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादन क्षमतामा उल्लेखनीय सुधार हुनेछ।

५. सन्तुलित शिक्षक व्यवस्थापनः शिक्षक-विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दीको वैज्ञानिक मिलान तथा पुनर्वितरण सुनिश्चित हुनेछ।

**ग. क्रियाकलाप**

शिक्षक व्यवस्थापनलाई थप व्यवस्थित, पारदर्शी र नतिजामूलक बनाउन देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछन्:

१. दरबन्दी व्यवस्थापनः शिक्षक विद्यार्थी अनुपातका आधारमा वैज्ञानिक ढङ्गले शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने।

२. स्वयंसेवक परिचालनः शिक्षक अभाव भएका विद्यालयहरूमा आवश्यकताका आधारमा स्वयंसेवक शिक्षक परिचालन गर्ने।

३. पाठ्यक्रम अभिमुखीकरणः शिक्षकहरूका लागि पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

४. प्रश्नपत्र बैंक निर्माणः अस्थायी तथा राहत शिक्षक नियुक्ति प्रक्रियामा एकरूपता कायम गर्न प्रश्नपत्र बैंकको विकास गर्ने।

५. सेवा प्रवेश तालिमः नवनियुक्त शिक्षकहरूका लागि सेवा प्रवेश तालिमको व्यवस्था गर्ने।

६. शिक्षण समयको सदुपयोगः शिक्षण सिकाइमा शिक्षकले बिताउने समयसम्बन्धी कार्यविधिको कार्यान्वयनमा प्रधानाध्यापकलाई सक्रिय बनाउने।

७. अनुगमन र पृष्ठपोषणः शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार ल्याउन नियमित अनुगमन गर्ने र पृष्ठपोषण आदान प्रदान गर्ने।

८. शैक्षिक सामग्री व्यवस्थापनः प्रति विद्यार्थी लागतका आधारमा प्राप्त अनुदानबाट आवश्यक शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने।

९. विषयगत समूह परिचालनः विषयगत शिक्षक समूहहरू गठन गरी तिनीहरूलाई परिचालन गर्ने। १०. मेन्टरिङ र सुपरिवेक्षणः अनुभवी वा समकक्षी शिक्षकहरूबाट शिक्षण कार्यमा सुपरिवेक्षण र मेन्टरिङको व्यवस्था गर्ने।

११. कार्यमूलक अनुसन्धानः शिक्षकहरूलाई शिक्षण सिकाइसँग सम्बन्धित विषयमा कार्यमूलक अनुसन्धान गर्न प्रोत्साहन गर्ने।

१२. प्रधानाध्यापकबाट कक्षा अवलोकनः प्रधानाध्यापकले प्रत्येक महिना प्रत्येक शिक्षकको कम्तीमा एक पटक कक्षा अवलोकन गर्ने।

१३. नियमित अनुगमन भ्रमणः गाउँपालिकाका शिक्षा शाखाका कर्मचारी, समितिका पदाधिकारी, अनुभवी वा समकक्षी शिक्षकहरूबाट प्रत्येक महिना विद्यालयको कक्षा अवलोकन तथा अनुगमन गर्ने।

शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | अस्थायी/राहत शिक्षक नियुक्तिमा एकरूपता कायम गर्न प्रश्नपत्र बैंक निर्माण | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| २ | शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्न नियमित अनुगमन तथा पृष्ठपोषण आदान प्रदान | निरन्तर | | | | | | | | स्थानीय |
| ३ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ४ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ सञ्जाल बनाउने | ओटा | | १ | | | | | १ | |
| ५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह |
| ६ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ, स्थानीय तह |
| ७ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ | पटक | ५ | १० | १० | १० | १० | ४५ | ८० | स्थानीय तह तथा अन्य |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | | | | | | | | | निकाय |
| ८ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | १८ | ३० | ३० | ३० | ३० | १३८ | १५० | सङ्घ, प्रदेश र स्थानीय तह |
| ९ | शिक्षिक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |
| १० | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत् सिकाइ उपलव्धिमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ११ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | १ | १ | | | | २ | ४ | |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई साक्षरता तथा गणितीय सिप एकीकृत तालिमको व्यवस्था | जना | १८ | ३० | ३० | ३० | ३० | १३८ | १५० | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | ओटा | | १ | | १ | | २ | ४ | |
| १५ | एकीकृत पाठ्यक्रममा पठन तत्त्व तथा एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालिमको व्यवस्था | पटक | | १ | | | १ | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | | | १ | | | १ | | |
| १७ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास गर्ने (जस्तै)<br>प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन<br>विज्ञ समूह गठन र परिचालन<br>शिक्षक सिकाइ समूह गठन र परिचालन<br>वैकल्पिक विधिको प्रयोग | सबै विद्यालय र पालिकामा/ पटक | १ | | १ | | १ | ३ | ५ | |
| १९ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि निम्न काम गर्ने<br>शिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने<br>प्राविधिक सहयोगकर्ताका लागि तालिमको व्यवस्था गर्ने<br>प्राविधिक सहयोगकर्ताबाट नियमित कक्षा | सबै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अवलोकनको व्यवस्था गर्ने<br>शिक्षकहरूको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको व्यवस्था गर्ने<br>दिगो र प्रभावकारी रूपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्नेप्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | | | | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

पालको संविधानले समानुपातिक समावेशिताको सुनिश्चितता गर्दै शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क बनाएको छ। साथै, अपाङ्गता भएका तथा आर्थिक रूपले विपन्न नागरिकले कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि स्पष्ट मार्गनिर्देशन तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक—सामाजिक रूपले पछाडि परेका समुदायका लागि छात्रवृत्ति एवं तोकिएका शैक्षिक संस्थाबाट निःशुल्क विद्यालय, उच्च र प्राविधिक शिक्षाको व्यवस्था गरेको छ। विद्यालय शिक्षामा 'एकीकृत समता रणनीति, २०७१' को कार्यान्वयनमार्फत बहुबञ्चितीकरणमा परेका बालबालिकाहरूलाई विशेष शैक्षिक अवसर र सहयोग प्रदान गर्दै आएको छ।

अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका लागि प्रदान गरिएको छात्रवृत्ति र आरक्षणको व्यवस्थाले उनीहरूको शैक्षिक पहुँच र सहभागितामा उल्लेखनीय वृद्धि गरेको छ। यद्यपि, वर्तमान तथ्याङ्कले शिक्षाको पहुँचमा सुधार देखिए पनि सहभागिताको निरन्तरता र गुणस्तर अभिवृद्धिका क्षेत्रमा अझै थप प्रभावकारी कार्यहरू गर्नुपर्ने आवश्यकता देखिएको छ। नेचासल्यान गाउँपालिका यस संवैधानिक एवं कानुनी दायित्वलाई उच्च प्राथमिकता दिँदै सबै बालबालिकाका लागि समतामूलक र समावेशी शिक्षा सुनिश्चित गर्न कटिबद्ध छ।

### ४.३.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष आवश्यकता भएका बालबालिकालाई सिकाइका लागि सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्था गर्न, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्न, विद्यालयका पूर्वाधारहरूलाई सिकाइमैत्री र अपाङ्गमैत्री बनाउन तथा स्रोतसाधनको सञ्चालन र व्यवस्थापनमा प्रभावकारिता वृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन्।

बालमैत्री विद्यालय, विविधताको सम्बोधन, मातृभाषामा शिक्षण, माध्यम भाषाका रूपमा मातृभाषा, विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू, छात्रा शौचालय जस्ता नीतिगत र कार्यक्रमगत प्रयासहरू शिक्षामा समता र समावेशीकरणका लागि गरिएका सकारात्मक कदमहरू हुन्। नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपाङ्ग बालबालिकाहरूलाई उच्च शिक्षासम्म निःशुल्क पाउने व्यवस्था, छात्रा, दलित एवं सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्ने, विद्यालय एवं कक्षाकोठामा विविधता व्यवस्थापनको खाका बलियो बन्दै जानु, गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुऱ्याउन भूमिका बढाउनु, शिक्षकलगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागू हुनु आदि यस क्षेत्रका अवसरहरू रहेका छन्।

नेचासल्यान गाउँपालिकामा निम्न अवस्था विद्यमान देखिन्छः

- पुरुष प्र अ शिक्षक २८ जना र महिला प्र अ शिक्षक ७ जना रहेका छन्।
- विद्यालयमा राष्ट्रिय मापदण्ड अनुसार शिक्षक र शिक्षिकाको नियुक्ति भएको छ, तर करारमा नियुक्ति गर्दा समावेशी पक्षलाई ध्यान दिन सकिएको छैन।
- विद्यालयमा लैङ्गिक समानतामूलक वातावरण रहेको छ।
- दलित, छात्रा र अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ।
- केही विद्यालयमा छात्रा मैत्री शौचालय रहेका छन्।
- विद्यालयका हरेक क्रियाकलापमा बालबालिकाहरूलाई सहभागिता गराइएको छ।
- नेचासल्यान गाउँपालिकामा छात्र र छात्राको अनुपात लगभग १:१ रहेको छ।
- मातृभाषामा शिक्षण गर्ने विद्यालयहरू न्यून रहेका छन्।
- विद्यालय व्यवस्थापन समिति (विव्यस) तथा शिक्षक अभिभावक सङ्घ (अभिभावक सङ्घ) मा समावेशी प्रतिनिधित्व रहेको छ, तर निर्णय तहमा महिला सहभागिता अझै कम छ।

**समस्या**

१. बालविवाहः बालविवाहका कारण विद्यालय छाड्ने दर (Drop-out rate) अझै उच्च रहेको।

२. पूर्वाधारको अभावः आर्थिक स्रोतको अभावले गर्दा सबै भौतिक संरचनाहरूलाई बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री बनाउन नसकिएको।

३. सिकाइ व्यवस्थापनः कक्षाकोठाको सिकाइ व्यवस्थापनलाई बालबालिकाको विविधता र फरक—फरक सिकाइ आवश्यकताअनुसार उपयुक्त बनाउन नसकिएको।

४. समता र समावेशीकरणको कमीः समता र समावेशीकरणलाई साझा मुद्दाको रूपमा स्थापित गर्न नसकिएको।

५. कार्यक्रमको प्रभावकारिताः लक्षित वर्गसम्म तालिम, गोष्ठी र जनचेतनामूलक कार्यक्रमहरू प्रभावकारी रूपमा पुर्‍याउन नसकिएको।

६. जिम्मेवारीको अभावः सूचना वा जानकारी राख्ने व्यक्तिलाई स्पष्ट जिम्मेवारी दिएर कार्य गर्ने परिपाटीको विकास हुन नसकेको।

७. एजेन्डाको कमीः विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा 'समता र समावेशीकरण' मुख्य एजेन्डाका रूपमा समावेश हुन नसकेको।

८. परम्परागत सोचः समाजमा विद्यमान पुराना सामाजिक मूल्य मान्यताहरू कायमै रहनु र परिवर्तनमुखी हुन नसक्नु।

९. महिला सहभागिताः निर्णय गर्ने तहमा महिलाहरूको सहभागिता न्यून रहेको।

### ४.३.३ उद्देश्यहरु

१. लक्षित समूहका बालबालिकाहरूको शिक्षामा पहुँच तथा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु
२. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्नु
३. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु
४. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु

### ४.३.४ रणनीतिहरु तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै समुदायका बालबालिकाहरुलाई शिक्षामा पहुँच र सहभागिता सुनिश्चत गर्ने | १.१ बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सोअनुरूप पहुँच र सहभागिताको प्रबन्ध गर्ने ।<br>१.२ समुदायमा पछाडि परेका बालबालिकाहरुलाई विद्यालय ल्याउन अभिभावकहरुसँग सहकार्य गर्ने |
| २. बालमैत्री सिकाइ वातावरण सिर्जना गरी सबैले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने वातावरण तयार गर्ने | २.१ समावेशी कक्षा कोठा व्यवस्थापन गर्ने<br>२.२ सिकाइ विविधतालाई मध्येनजर गर्दै समावेशी सिकाइ विधिको प्रयोग गर्ने<br>२.३ दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा प्रदान गर्ने ।<br>२.४ आधारभूत तहमा बहुभाषिक माध्यमबाट सिकाइको अवसर प्रदान गर्नुका साथै स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान र सिप समावेश गरी स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउने |
| ३. विद्यालयका भौतिक संरचनाहरु समावेशी बनाउने | ३.१ छात्रामैत्री शौचालय निर्माण गर्ने<br>३.२ बालकालिकाको उच्चाइ वा उमेर अनुसारका हात धुने धारा, शौचालयलगायत विकास गर्ने<br>३.३ खेल सामग्रीहरु व्यवस्थापन गर्दा छात्र र छात्रा दुबैको आवश्यकता सम्बोधन हुने गरी व्यवस्था गर्ने |

### ४.३.५. उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

सबैका लागि विद्यालय शिक्षामा समतामूलक एवम समावेशी पहुँच तथा समावेशी सहभागिताको सुनिश्चितता भई गुणस्तरीय शिक्षा प्राप्त हुने

## ख. मुख्य नतिजा

१. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने ।
२. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने ।
३. जनशक्तिको दक्षता र सक्षमता सुधार हने ।
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने ।
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने ।
६. सबै विद्यालयहरू बालमैत्री हुने ।

## ग. प्रमुख क्रियाकलाप

१. विद्यालयबाहिरका बालबालिकाहरू रहेका गाउँ, टोल, वस्तीमा विव्यस, शिअसं, अभिभावक, शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रम सञ्चालन गर्ने ।
२. वडा, गाउँपालिका र विद्यालयको सक्रियतामा व्यक्ति वा बालबालिकाको अवस्था र सिकाइ आवश्यकता पहिचान गर्ने ।
३. निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
४. विद्यालय भवन, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी जस्ता भौतिक एवम् शैक्षिक पूर्वाधारहरू अपाङ्गमैत्री, लैङ्गिकमैत्री र बालमैत्री बनाउने ।
५. विद्यालयमा बालकेन्द्रित सिकाइ, बालमैत्री सिकाइ वातावरण, सम्मानपूर्ण व्यवहार अवलम्बन गर्ने ।
६. शिक्षकको पेसागत विकास कार्यक्रममा समावेशीकरणको अवधारणा समावेश गरिने ।
७. सिकाइ आवश्यकता अनुरूपको शैक्षिक सामग्री विकास र उपयोग गरिने ।
८. स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयन गर्ने ।
९. बहुभाषिक शिक्षण पद्धति अवलम्त्रन गर्ने ।
१०. विद्यालयमा हुने सबै प्रकारको हिंसा, विभेद र दूर्व्यवहार हटाउन विद्यालय परिवारलाई जवाफदेही बनाउने ।
११. विद्यालयमा विभिन्न प्रकारका बालक्लब गठन, लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवार बनाउने ।
१२. सबै सरोकारवालाहरुको प्रतिनिधिव हुनेगरी शैक्षिक समता र समावेशीकरण सम्बन्धी कार्यशाला आयोजना मार्फत आवश्यकता पहिचान गरी योजना बनाउने ।
१३. शैक्षिक समता र समावेशीकरण सम्बन्धमा संघीय र प्रदेशले बनाएका नीतिहरु अबलम्बन गर्दै स्थानीय आवश्यकता अनुसारको नीति निर्माण गर्ने (स्थानीय तहले)
१४. योजना कार्यन्वयन गर्नका लागि स्थानीय सरकारले आवश्यक बजेट विनियोजन गर्ने ।
१५. योजनालाई पूर्णरुपमा कार्यन्वयन गर्नका लागि उक्त विषयसँग सम्बन्धित जानकार रहेका जनप्रतिनिधी, कर्मचारी र शिक्षकलाई जिम्मेवारी तोक्ने, तोकिएको कार्यक्षेत्रमा खटाउने ।
१६. जिम्मेवार व्यक्तिले आफ्नो कार्यक्षेत्रमा गई योजना अनुसार तथा तोकिएको जिम्मेवार अनुसार तालिम गोष्ठी वा जनचेतनामूलक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन वा कार्यन्वयन गर्ने ।

१७. स्थानीय सरकार तथा सम्बन्धित पक्षले उक्त योजना अनुगमन गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन कार्यन्वयन र यसको प्रभावकारी सम्बन्धमा मूल्याङ्कन गर्ने

शिक्षामा समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | स्थानीय तहमा विद्यार्थीको शैक्षिक स्तर र सिकाइ आवश्यकताहरूको वस्तुनिष्ठ पहिचान गर्न उपयुक्त संयन्त्रको तर्जुमा गर्ने | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शैक्षिक वञ्चितीकरणका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसार वैकल्पिक शैक्षिक कार्यक्रम र सहायता प्रणाली कार्यान्वयन गर्ने। | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालयबाहिरका बालबालिकाको पहुँच र निरन्तरता सुनिश्चित गर्न जनसहभागितामूलक कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ५ | सबै आधारभूत विद्यालयका भौतिक तथा शैक्षिक पूर्वाधारलाई अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने। | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | दिवा खाजा र प्रोत्साहनसहित बालमैत्री, सिकाइमुखी र सम्मानपूर्ण शैक्षिक वातावरण निर्माण गरी विद्यार्थीको पढाइमा निरन्तरता सुनिश्चित गर्ने। | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह तथा विद्यालय |
| ७ | स्थानीय आवश्यकता पहिचान गरी पाठ्यक्रमको स्थानीयकरण गर्न सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने। | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय |
| ९ | आजीवन सिकाइका लागि सामग्री व्यवस्था गर्ने तथा सरोकारवालाको क्षमता विकास गर्ने। | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | सङ्घ र स्थानीय तह |
| ११ | विद्यालयमा विभेद र दुर्व्यवहाररहित वातावरण सुनिश्चित गर्न सचेतना र अनुगमन संयन्त्र स्थापना गर्ने। | निरन्तर | | | | | | | | स्थानीय |
| १२ | पहुँचयुक्तता परीक्षण र आवश्यकता पहिचान गरी उपयुक्त सहायक सामग्री उपलब्ध गराउने। | पटक | १ | | | १ | | १ | १ | स्थानीय |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको विकास नै शिक्षा हो ।न्युनतम पोषण प्राप्त गर्न नसकेका वालवालिकाहरुको सिकाइ अन्य वालवालिकाहरुको भन्दा कमजोर रहने अनुसन्धानहरुले देखाएकाछन् ।विद्यालय शिक्षा नै असल र सफल जीवन यापनका लागि आधारशिला समेत भएको हुँदा सर्वाङ्गीण विकासका लागि पोषण अत्यन्त जरुरी विषय हो ।

सरसफाई मानव सभ्यताको पहिचान हो । हाम्रो चेतना र विकासको अवस्था कस्तो छ भन्ने कुरा सरसफाईको अवस्थाले इङ्कित गर्दछ । घर पछाडी सबै भन्दा बढी समय विताउने स्थल विद्यालय भएको हुँदा स्वस्थ, स्वच्छ एवम् सरसफाईयुक्त हरियाली वातावरणले सिकारुलाई सिकाइ अनुकुल वातावरण मात्र प्रदान गर्दैन कि जीवन यात्रामा पनि अमिट छाप छोडेको हुन्छ । वातावरण र जीवनपद्धतिसँग सामिप्यता कायम राख्न अभिप्रेरित गरिरहेको हुन्छ ।

### ४.४.२ वर्तमान अवस्था र चुनौतीहरु

स्वच्छ र सफा वातावरणमा शिक्षा प्राप्त गर्नु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो। उपयुक्त सिकाइ वातावरणले बालबालिकाको अन्तर्निहित क्षमताको विकास गर्न मद्दत गर्दछ। 'हरित विद्यालय' (Green School) को अवधारणाले विद्यालयको वातावरणलाई सिकाइमैत्री बनाउन जोड दिन्छ। त्यसैगरी, दिवा खाजाको व्यवस्थाले बालबालिकामा पोषणको सुनिश्चितता गर्दै सिकाइलाई सक्रिय बनाउँछ। विभिन्न अध्ययनहरूले दिवा खाजा कार्यक्रमले विद्यार्थीको कक्षामा उपस्थिति बढाउने र विद्यालय छाड्ने दर (Drop-out rate) घटाउनुका साथै आन्तरिक क्षमता अभिवृद्धिमा सहयोग पुग्ने देखाएका छन्।

यसका अतिरिक्त सेनेटरी प्याडको व्यवस्था, छात्रामैत्री शौचालय, पिउने पानीको सुविधा, फोहोरमैलाको उचित व्यवस्थापन र विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण जस्ता विषयहरू विद्यालय शिक्षासँग प्रत्यक्ष रूपमा जोडिएका छन्। यी पक्षहरूको उचित प्रवर्द्धनमार्फत स्वच्छ, सफा र सुरक्षित विद्यालय वातावरण निर्माण गरी बालबालिकालाई सिकाइका लागि थप उत्प्रेरित गर्न सकिन्छ।

नेचासल्यान गाउँपालिकाको विद्यालय शिक्षामा स्वास्थ्य र पोषणको वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न स्थिति देखिएको छः

- दिवा खाजा कार्यक्रमः कक्षा ६ सम्मका विद्यार्थीहरूका लागि सङ्घीय सरकारको अनुदानमा गाउँपालिकाले प्रतिविद्यार्थी दैनिक थप १० रूपैयाँ थप गरी कुल २५ रूपैयाँको दरले दिवा खाजाबापतको रकम उपलब्ध गराउँदै आएको छ।
- सरसफाइ मापदण्डः मापदण्ड बमोजिम स्थानीय स्तरमा दिवा खाजाको व्यवस्था मिलाइएको छ।
- सेनेटरी प्याडः छात्राहरूका लागि सेनेटरी प्याडको व्यवस्था गरिएको छ।

- खानेपानी र शौचालयः केही विद्यालयहरूमा खानेपानीको उचित प्रबन्ध नभएको र कतिपय विद्यालयमा पूर्णरूपमा छात्रामैत्री शौचालयको अभाव देखिएको छ।

- स्वास्थ्य उपचारः कतिपय विद्यालयहरूमा प्राथमिक उपचार बाकस (First Aid Box) को व्यवस्था समेत नभएको पाइएको छ।

- औषधि वितरणः जुकाको औषधि र आइरन चक्की आवश्यकताका आधारमा विद्यार्थीहरूलाई वितरण गरिँदै आएको छ।

- लैङ्गिक शौचालयः केही विद्यालयहरूमा छात्रा र छात्रका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ।

- सरसफाइको अवस्थाः कक्षाकोठा, विद्यालय परिसर र शौचालय नियमित रूपमा सफा हुने गरेका छैनन्। विद्यालयको सरसफाइको कार्य अधिकांशतः विद्यार्थी र कार्यालय सहयोगीको भरमा मात्र हुने गरेको छ।

**समस्या**

१. स्वास्थ्य सामग्रीको अभावः नेचासल्यान गाउँपालिकाका १ वटा विद्यालय बाहेक अन्य विद्यालयहरूमा विद्यालय नर्स (School Nurse), औषधिको व्यवस्था, र प्राथमिक उपचारसम्बन्धी आवश्यक प्रबन्ध नभएको।
२. भौतिक पूर्वाधारको कमीः सबै विद्यालयहरूमा सिकाइमैत्री उपयुक्त कक्षाकोठा, स्वच्छ र सफा वातावरण, तथा विद्यालयको कम्पाउन्ड वा पर्खालको अभाव रहेको।
३. खानेपानी र शौचालयको चुनौतीः कतिपय विद्यालयमा पर्याप्त मात्रामा पिउने पानीको सुविधा नभएको र छात्रा तथा छात्रका लागि छुट्टाछुट्टै सुरक्षित शौचालयको व्यवस्था नभएको।
४. स्थानीय पोषण व्यवस्थापनः दिवा खाजा कार्यक्रममा स्थानीय स्तरमा उत्पादन हुने ताजा खानेकुराको प्रबन्ध मिलाउन अभिभावकहरूसँग प्रभावकारी सहकार्य गर्न नसकिएको।

### ४.४.३ उद्देश्यहरु

१. विद्यालय उमेर समूहका सबै वालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरी न्युनतम पोषणको सुनिश्चितता गर्नु
२. प्रत्येक विद्यालयलाई हरित विद्यालय बनाउनु
३. फोहोरमैलाको समुचित व्यवस्थापन गरी प्रदुषण रहित स्वच्छ, हराभरा विद्यालय वातावरण निर्माण गर्नु
४. सबै बालबालिकाहरुको स्वास्थ्य परीक्षण गर्नु

### ४.४.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सफा, स्वच्छ, स्वस्थ्य हरियालीयुक्त विद्यालय वातावरणको निर्माण गर्ने । | १.१ विद्यार्थीहरुलाई विद्यालय परिसर सरसफाइमा परिचालन गर्ने<br>१.२ हरित विद्यालय विकास गर्न फुलबारी र बगैंचा निर्माण गर्ने<br>१.३ स्थान अभाव भएको विद्यालयमहरुमा बोटल गार्डेन तयार गर्ने |

| | |
|---|---|
| २. विद्यार्थीहरुलाई पोषणयुक्त खाजाको प्रबन्ध गरी विद्यालय आउने दर वृद्धि गर्ने | २.१ स्थानीय क्षेत्रमा उत्पादन हुने खाद्यान्नबाट दिवा खाजा तयार गर्न अभिभावक तथा उत्पादनहरुसँग सहकार्य गर्ने<br>२.२ दिवा खाजा व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा छुट्टै समिति बनाइ जिम्मेवारी दिने |
| ३. एक शैक्षिक बर्षमा कम्तिमा दुईपटक सबै बालबालिकाहरुको आधारभूत स्वास्थ्य परीक्षण गर्ने | ३.१ हरेक विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गर्दै जाने<br>३.२ बालबालिकाहरुको स्वास्थ्य परीक्षण, खोप, जुकाको औषधी तथा आइरन चक्की वितरण लगायतका कार्यहरु नियमित गर्ने |

### ४.४.५ उपलब्धीहरु, नतिजाहरु, मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण

**क. उपलब्धि**

पोषणयुक्त सक्रिय सिकारु र हरियाली स्वच्छ वातावरण सहितको सिकाइ स्थल विद्यालय हुने

**ख. नतिजाहरु**

१. सबै बालबालिकाहरुलाई पोषणयुक्त दिवा खाजा प्राप्त हुने तथा  नियमित र सक्रिय सिकाइमा सहभागिता हुने
२. सबै विद्यालयमा वाल उद्यान तथा बगैचा निर्माण हुने
३. सबै बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण हुने

**ग. मुख्य क्रियाकलापहरु**

४. विद्यालयमा बालउद्यान तथा बगैचा निर्माण गर्ने
५. स्वच्छ खानेपानी सफा लैङ्गिक मैत्री शौचा,लय सफा कक्षा कोठा र विद्यालय परिसर व्यवस्थापन
६. विद्यालय नर्स, औषधि उपचार तथा प्राथमिक उपचार सेवाको प्रवन्ध
७. स्थानीय तहमा उत्पादित षोषणयुक्त दिवा खाजाको व्यवस्थापन तथा नपुग रकममा लागत साझेदारी
८. प्राथमिक स्वास्थ्य सेवाको व्यवस्थापन तथा नियमित स्वास्थ्य परीक्षण ।
९. आवश्यकतानुसार जुकाको औषधी, आइरन चक्की तथा स्यानीटरी प्याडको व्यवस्थापन गर्ने।
१०. नियमित स्वास्थ्य परीक्षणको व्यवस्था

विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक तथा परिमार्जन गर्ने। | पटक | | १ | | १ | | २ | २ | |
| २ | प्रत्येक माध्यमिक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था गर्ने। | विद्यालय | | १ | २ | २ | १ | ६ | ६ | |
| ३ | निर्देशिकासहितको प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने। | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ३० | स्थानीय तह तथा अन्य |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा समावेश गर्ने | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा अन्य |
| ५ | विद्यालयहरूमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | १ | | १ | | २ | ४ | प्रदेश |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | | १ | १ | १ | १ | १ | १ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | ६ | ६ | ६ | ६ | २४ | ३० | |
| ८ | अभिभावक आमा समूह दिवा खाजा तथा सचेतना कार्यक्रम | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २० | ३० | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बन्धित व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालीन तथा संकटपूर्णअवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ । जोखिमको पूर्व तयारी (Preparedness), क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) समेटिएको हुन्छ । विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप. कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी ५ वर्षका लागि उद्देश्य, रणनीति, प्राथमिकता र मुख्य क्रियाकलाप समावेश गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएकाहरूलाई निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिकामाथि हुने विभेद, सजाय र दूराचारलाई निषेध गरेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय (Corporal Punishment), शारीरिक तथा मानसिक उत्पीडन र हेपाइ (Bulling) र यौन दूराचार (Sexual Harassment) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दूर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ ।

यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षणसिकाइ प्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता ९ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपदकालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक

अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण र सङ्कटापन्न समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् बीचैमा विद्यालय छाड्नेदरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरूसहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ ।

त्यस्तै बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ ले विपद जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षाका न्यूनतम मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना, बृहत् विद्यालय सुरक्षा गुरूयोजना तथा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने अपेक्षा, दिगो विकास लक्ष्य ४ ले समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुरक्षित गर्न सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपदको पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुनसक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलगायतका गैरसंरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिने उल्लेख गरिएको छ ।

### ४.५.३ उद्देश्यहरु

१. सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।
३. प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
४. अल्पकालीन र दीर्घकालीन पुर्नस्थापना गर्नु ।

### ४.५.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्भावित विपतमा पनि विद्यालय शिक्षा निरन्तर हुने अवस्थाका लागि उचित तयारी गर्ने | १.१ शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपदहरूको पूर्वानुमान र त्यसको मात्राको मूल्याङ्कन एवम् विश्लेषण गर्ने ।<br>१.२ विपत प्रतिरोधी भौतिक पूर्वाधार निर्माण तथा पुनर्स्थापना गर्ने। |
| २. बृहत विद्यालय सुरक्षाका लागि सरोकारवालाहरुसँग सहकार्य गर्ने | २.१ प्रतिकार्य योजना तयार गरी विद्यालयहरूको विद्यालय सुधार योजनामा समावेश गर्न लगाउने।<br>२.२ शिक्षक तालिम र अभिभावक सचेतना कार्यक्रममा विपत पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापन सम्बन्धी विषय समावेश गर्ने ।<br>२.३ गैरसरकारी संघसंस्थाहरूको सहभागिता र सहयोगको परिचालन |

| | |
|---|---|
| | गर्ने। <br> २.४ विपत व्यवस्थापनका परम्परागत ज्ञान, सिप र अनुभवहरूलाई प्रयोगमा ल्याउने । <br> २.५ आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, लत्ताकपडा तथा अन्य राहत सामग्री उपलब्ध गराउने। |
| ३. विपत प्रतिरोधी शिक्षा संरचना तयार गरी विपतको समयमा पनि सिकाइ निरन्तरता हुने वातावरण तयार गर्ने | ३.१ वैकल्पिक सिकाइका माध्यमहरूको प्रयोग गर्नका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने। <br> ३.२ विपत व्यवस्थापनसम्बन्धी पाठ्यसामग्रीहरूको पठनपाठनलाई प्रभावकारी बनाउने |

### ४.५.५ मुख्य उलब्धि, क्रियाकलाप र लक्ष्य,

### क. मुख्य उपलब्धि

१. विपद् व्यवस्थापन प्रतिकार्यको कार्यविधि तयार संयन्त्र र कार्यढाँचा तयारी अवस्थामा रहेको हुनेछ।

२. आवश्यक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

३. बालबालिकाको सिकाइको निरन्तरताको वातावरण बनिसकेको हुनेछ।

### ख. क्रियाकलाप

१. प्रत्येक दिन विहान राष्ट्रिय विपद प्राधिकरणको website खोली मौसम सम्बन्धी जानकारी लिने, सो जानकारी विद्यार्थी, शिक्षक तथा जनसाधरणमा सूचित गर्ने ।
२. विपदबाट सुरक्षित हुनका लागि पूर्व तयारी सम्बन्धी अभिमुखरिकरण तथा अभ्यासका कार्यक्रम विद्यालयमा सञ्चालन गर्ने ।
३. भौतिक निर्माण गर्न अघि भविष्यमा हुने प्राकृतिक प्रकोप सम्बन्धी स्थान विशेष अध्ययन गर्ने र मापदण्ड अनुसार संरचना निर्माण गर्ने ।
४. प्रत्येक विद्यालयमा प्राथमिक उपचार बाकसको उपयुक्त व्यवस्थापन गर्ने ।
५. विद्यालय परिसरमा अग्ला रुखहरु हटाउने ।
६. प्रत्येक विद्यालयमा अर्थिङ गर्ने ।
७. विपद फोकल पर्शन तोक्ने ।
८. विपद जोखिम न्युनिकरणका उपायहरु सहित सरोकार वर्गमा अभिमुखिकरण कार्यक्रम गर्ने ।
९. Rescue Team गठन गर्ने ।
१०. विपदको समयमा नभै नहुने न्युनतम उद्धार साम्रगी सहितको झटपट झोला पहुँच योग्य सुरक्षित स्थानमा व्यवस्था गर्ने ।
११. विपद सम्बन्धी जनाउ घन्टी (साइरन) को व्यवस्था गर्ने ।
१२. भौतिक संरचना विपद् प्रतिरोधी निर्माण गर्ने ।

१३. विपद व्यवस्थापन समिति क्रमश गा.पा, वडा र प्रत्येक टोल र विद्यालयमा गठन गर्ने ।

१४. विपद पूर्वानुमान गरी जोखिम क्षेत्रका विद्यार्थी र अभिभावकहरुलाई जानकारी गराउने ।

१५. भौतिक संरचनाको अवस्था अवलोकन गरी पुनः निर्माण र मर्मत संभार गर्ने ।

१६. उद्धारका सामग्रीहरुको उचित तरिकाले व्यवस्थापन गर्ने र चाहिएको समयमा सजिलै उपलब्ध होस् ।

१७. प्राथमिक उपचार सम्बन्धी बक्स र तालिम सञ्चालन गर्ने ।

१८. विपद सम्बन्धी आवश्यक सन्देशमूलक सामग्री तयार तथा प्रकाशन प्रसारण गर्ने

विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलताका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | उत्थानसिलताका लागि सचेतना विकास गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | शिक्षक तथा विव्यस तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | | | | | १ | १ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर. शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्याललाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा-पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

### ४.६.२ वर्तमान अवस्था

१. **बालमैत्री तथा शिक्षकमैत्री पूर्वाधारको अभावः** प्रायः विद्यालयमा भवन पर्याप्त भए तापनि बालबालिका र शिक्षकमैत्री वातावरणको अभाव रहेको।

२. **खेलमैदानको अवस्थाः** अधिकांश विद्यालयका खेलमैदानहरू साँघुरो, अपर्याप्त र जोखिमयुक्त अवस्थामा रहेका।

३. **शौचालयको चुनौतीः** छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भए तापनि ती संरचनाहरू अपाङ्गतामैत्री (Disable-friendly) नभएको।

४. **आधारभूत शैक्षिक सुविधाको कमीः** खानेपानी, छात्रवास (छात्राबास), पुस्तकालय र प्रयोगशालाको उचित व्यवस्थापन हुन नसकेको।

५. **कक्षाकोठाको व्यवस्थापनः** शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने फर्निचर र कक्षाकोठाको आन्तरिक व्यवस्थापन तथा रङरोगनको कमी रहेको।

**समस्याहरु**

१. सरसफाइ र स्वच्छताको कमीः अधिकांश विद्यालयका शौचालयहरूमा पानीको उचित व्यवस्था नहुँदा सरसफाइ कायम राख्न कठिनाइ भएको।
२. भौतिक स्रोत र विद्यार्थी सङ्ख्याको असन्तुलनः कतिपय विद्यालयमा विद्यार्थी नभए पनि भवन संरचना रहेको, तर केही विद्यालयमा विद्यार्थी चापअनुसार कक्षाकोठाको अभाव रहेको (स्रोतको असन्तुलन)।
३. सिकाइमैत्री फर्निचरको अभावः विद्यालयका कक्षाकोठा र फर्निचरहरू विद्यार्थीको उमेर र सिकाइ प्रक्रियाअनुरूप उपयुक्त (सिकाइमैत्री) नभएको।
४. स्रोत वितरणमा असमानताः विद्यालयका भौतिक पूर्वाधारहरूको निर्माण र वितरण वैज्ञानिक तथा आवश्यकताको आधारमा नभई असन्तुलित रूपमा भएको।

५. प्रविधिमैत्री सिकाइको अभावः सूचना तथा सञ्चार प्रविधि (ICT) मा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार, प्रविधि र उपकरणहरूको अभाव रहेको।

### ४.६.३ उद्देश्यहरु

१. मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका गर्नु/गराउनु,
२. संघीय सरकार, प्रदेश सरकार, स्थानीय गैससहरूसँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गरी भौतिक पूर्वाधारको विकास गर्नु।
३. सुरक्षित विद्यालयको अवधारणाअनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,

### ४.६.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवश्यकता र प्राथमिकताका आधारमा भौतिक संरचनामा लगानी गर्ने | १.१ कक्षाकोठा अभाव भएको विद्यालयको भौतिक पूर्वधार विकासका लागि पहिलो प्राथमिकता दिने<br>१.२ न्युनतम भौतिक पूर्वाधार सुनिश्चित भएपछि विकासका मापदण्ड निर्धारण गर्ने |
| २. प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री, अपाङ्गमैत्री तथा उत्थानशील भौतिक पूर्वाधार विकास गर्ने | २.१ जोखिमयुक्त संरचनाहरु पहिचान गरी पुनर्निर्माण तथा पुनरुस्थापना गर्ने<br>२.२ नयाँ बनाइने संरचनाहरु प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री, तथा अपाङ्गमैत्री बनाउने |

### ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने ।

### ख. नतिजा

- आवश्यता पहिचान तथा प्राथमिकीकरणको आधारमा विद्यालयहरुको भौतिक पूर्वाधार विकास भएको हुने
- राज्य तथा गैर राज्यबीचमा पूर्वाधार विकासका लागि लागत साझेदारी भएको हुने
- तोकिएको मापदण्ड बमोजिम पूर्वाधार निर्माण भई सुरक्षित वातावरणमा सिकाइ भएको हुने

### ग. क्रियाकलाप

- विज्ञ टोली सहितको विद्यालयगत अभिभावक भेला गराई संस्थागत, व्यक्तिगत र प्रणालीगत समस्या पहिचान, विश्लेषण गरी आवश्यकता पहिचान तथा प्राथमिकीकरण गर्ने
- मापदण्ड बमोजिम भौतिक पुर्वाधार विकासको सुनिश्चितता गर्ने

- राज्य तथा गैर राज्य निकाय समेतको लागत साझेदारी गर्ने
- स्थानीय प्राविधिक, प्रविधि विज्ञहरुलाई विद्यालयको भौतिक निर्माण कार्यान्वयन एवम् मूल्यांकनको समिक्षात्मक टिप्पणी सहित पृष्ठपोषण अदान प्रदान गर्ने वातावरण सिर्जना गर्ने ।

विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | पूर्वाधार बिकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह र विद्यालय |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्द्धन | निरन्तर | | | १ | | | १ | १ | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | √ | √ | √ | √ | √ | | | स्थानीय तह, विव्यस |
| ५ | अपाङगता मैत्री, लैङगिक मैत्री संरचनाको विकास | विद्यालय | | ३ | ३ | ३ | ३ | १२ | ३० | विद्यालय |
| ६ | विद्यालय भवन मर्मत | आवश्यक | | १ | १ | १ | १ | ४ | ८ | विद्यालय |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीतिगत व्यवस्था गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ ।

डिजिटल नेपालको कार्य ढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने, सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्तिको संरचना तयार गर्ने विषय उल्लेख गरिएको छ ।

त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षणसिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान/गणित/अंग्रेवी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षणसिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने मुख्य क्रियाकलापहरू रहेका थिए ।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली वेवमा आधारित बनाइए पनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री वा इन्टर्नेट कनेक्टिभिटीको अभावले पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन ।

### ४..७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रभावकारी प्रयोगले विद्यार्थीहरूबीच विद्यमान डिजिटल विभेद (Digital Divide) कम गर्न, शिक्षण सिकाइलाई थप प्रविधिमैत्री बनाउन र शैक्षिक व्यवस्थापन एवं प्रशासनिक प्रणालीलाई पारदर्शी र चुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ।

नेचासल्यान गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार, जनशक्ति र प्रयोगको अवस्थालाई विश्लेषण गर्दा देहायका तथ्यहरू देखिएका छन्:

- इन्टरनेट उपलब्धता: अधिकांश विद्यालयहरूमा इन्टरनेटको सुविधा उपलब्ध भए तापनि कक्षाकोठाको सिकाइमा त्यसको सहज पहुँच र प्रयोग हुन सकेको छैन।
- प्रविधि सामग्रीको सदुपयोग: धेरैजसो विद्यालयमा कम्प्युटर र स्मार्ट टिभी उपलब्ध रहे पनि तिनको प्रभावकारी र सिकाइमैत्री प्रयोगमा कमी देखिएको छ।
- फोटोकपी मेशिन: माध्यमिक र केही आधारभूत विद्यालयहरूमा फोटोकपी मेशिनको व्यवस्था रहेको छ।

- प्रविधिको सीमित प्रयोगः सूचना तथा सञ्चार प्रविधिका सामग्रीहरू मुख्यतया प्रशासनिक कार्य र परीक्षा सञ्चालनका लागि बढी प्रयोग हुने गरेका छन्, जबकि विद्यार्थीको सिकाइमा यिनको प्रयोग अत्यन्त न्यून छ।

- EMIS व्यवस्थापनः केही विद्यालयहरूले आफैंले शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) अपडेट गर्ने गरे तापनि कतिपय विद्यालयहरूले यसका लागि बाह्य जनशक्तिको सहयोग लिनुपर्ने बाध्यता रहेको छ।

- शिक्षक क्षमताः अत्यन्त न्यून सङ्ख्यामा मात्र शिक्षकहरू प्रविधिमैत्री (ICT-literate) रहेका छन्, जसले गर्दा प्रविधिको पूर्ण लाभ लिन सकिएको छैन।

- प्राविधिक समस्याः विद्यालयमा ICT उपकरणहरूको सामान्य मर्मत सम्भार गर्न सक्ने प्राविधिक सिप भएका जनशक्तिको अभावमा सानातिना प्राविधिक समस्या आउँदा पनि उपकरणहरू प्रयोगविहीन हुने गरेका छन्।

### ४.७.३ उद्देश्यहरु

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा पहुँच विस्तार गरी सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनु ।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउनु
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सहज र छिटोछरितो शैक्षिक सेवा प्रवाह गर्नु

### ४.७.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिपूर्वाधार विकास गर्ने | १.१ विद्यालयको आवश्यकता अनुसार कम्प्युटर, इन्टरनेट, फोटोकपि, प्रिन्टर लगायतका क्ष्क्ष्त् साधनहरु उपलब्ध गराउने<br>१.२ क्ष्क्ष्त् साधनहरुको समुचित प्रयोग गर्न क्रमशः प्रशासनिक कार्यहरु कागजविहिन (Paperless) बनाउँदै लैजाने<br>१.३ विद्यालयलाई ICT साधनहरु को मर्मत गर्न प्राविधिक जनशक्ति गाउँपालिकाले उपलब्ध गराउने<br>१.४ इन्टरनेट प्रदायक संस्थाहरुसँग सहकार्य गरी विद्यालयहरुमा उच्च गतिको इन्टरनेट सेवा प्रदान गने |
| २. प्रविधिमैत्री शिक्षणसिकाइमा जोड दिने | २.१ शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।<br>२.२ शिक्षणसिकाइमा प्रविधिको प्रयोग सम्बन्धी शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गर्ने<br>२.३ विद्यालयहरूमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराई उचित प्रयोग गर्ने व्यवस्था मिलाउने । |

| | |
|---|---|
| ३. IEMIS प्रयोग प्रभावकारी बनाउने | ३.१ प्रत्येक विद्यालयलाई समयमा नै IEMIS अध्यावधिक गर्न प्रोत्साहित गर्ने<br>३.२ IEMIS तथ्याङ्कलाई शैक्षिक नीति, योजना, कार्यक्रम तथा बजेट निर्माणमा प्रयोग गर्ने |

### ४.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

सबै विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच र प्रयोगमा विस्तार भई शिक्षण सिकाइ सान्दर्भिक, उद्देश्यमूलक एवम गुणस्तरीय हुने तथा विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुशासन प्रवर्धन हुने

### ख. नतिजा

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
- अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।

### ग. प्रमुख क्रियाकलाप

- हरेक वर्ष पुर्नताजगि तालिमको व्यवस्था गर्ने ।
- एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्ने ।
- कक्षकोठामा प्रविधिको प्रयोग गरी शिक्षण गर्न प्रोत्साहन गर्ने ।
- विद्यालय समय बाहिर कम्प्युटर कक्षा सञ्चालन गरी आर्थिक स्रोत जुटाउने ।
- गा.पा मा एक जना (कम्तिमा) दक्ष ICT प्राविधिकको व्यवस्था गरी महिनामा एक पटक घुम्ती सेवा सेवा विद्यालयमा) उपलब्ध गराउने ।
- विद्यालयहरूमा ICT in Education को सुविधा विस्तार गर्ने ।
- प्रत्येक विद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने ।
- विभिन्न कक्षा र विषयको अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराउने ।
- सबै विद्यालयको IEMIS Excel-based Software प्रणाली सुदृढीकरण गर्ने ।
- सूचना प्रविधिमा आधारित विद्यार्थी प्रगति विवरण र प्रमाणीकरणको व्यवस्था मिलाउने ।
- विद्यालय शिक्षा सम्बन्धी सबै गतिविधि वेबसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाउने ( गाउँपालिका र क्रमशः सबै विद्यालय) ।
- शिक्षणसिकाइमा Online र Offline प्रविधिको प्रयोगमा जोड दिने ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (ICT) पूर्वाधारको सुदृढीकरण तथा शैक्षिक आधुनिकीकरण | ओटा | | ३ | ३ | ३ | ३ | १२ | ३० | |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट सञ्जालको सुव्यवस्थित पहुँच | ओटा | ६ | ५ | ५ | ५ | ९ | ३० | ३० | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | | ३० | ३० | ३० | ३० | १२० | १७५ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | १ | ३ | ३ | ४ | ४ | १५ | ३० | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालयमा विद्युतीय हाजिरी (E-Attendance) व्यवस्थापन। | ओटा | | ६ | ६ | ६ | ६ | २४ | ३० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर तथा इन्टरनेट लगायतका उपकरणहरूको लागत साझेदारीमा व्यवस्थापन। | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ३० | |

## परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । यसमा संरचना र प्रक्रिया दुवै पर्दछन्। योजनाको प्रभावकारी र कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न संरचना, भूमिका र कार्यप्रक्रिया आवश्यक हुन्छन् ।

विद्यालय सञ्चालनार्थ लिइने निर्णय, निर्णयको कार्यान्वयन, कार्य एवम् नतिजा प्रतिको जबाफदेहिता, समग्र प्रक्रियामा हुने सरोकारित पक्षको सहभागिता, स्वीकारोक्ति एवम् अपनत्वले विद्यालय शासनको अवस्था र व्यवस्थाको झल्को दिने गर्दछ। विद्यालय सञ्चालनमा अधिकारको निरुपण, विन्यास, र प्रयोग एवम् उत्तरदायित्वलाई कसरी विभिन्न सरोकारवालाहरु बीचमा पुनवितरण गर्ने भन्ने विषय मुख्य सरोकार हो । संरचना स्वरुप र शक्तिको अभ्यासले विद्यालय सञ्चालन र नियन्त्रणमा भूमीका खेल्दछ ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास समेतलाई बिश्लेषण गर्ने हो भने विद्यालय शासन बिकेन्द्रीकरण तथा असल शासनकै मान्यतासँग आवद्धता भएको भेटिन्छ । विद्यालयले तोकिएको मानक बमोजिमको विद्यार्थी उपलब्धि प्रति जबाफदेही बन्नु पर्दछ । निर्णय प्रक्रियामा, शिक्षण सिकाइ क्रियाकलाप, स्रोत र साधनको प्रयोगमा र शिक्षक व्यवस्थापनमा स्वायत्तता, स्रोत पहिचान, प्राप्ति, विनियोजन र खर्चमा, पाठ्यक्रम विकास, पाठ्यपुस्तकको छनौट, विकास र प्रयोग, विद्यालयको कार्यकारी कार्य, कानूनी कार्य, शैक्षिक व्यवस्थापन सम्बन्धी कार्य, सुपरिवेक्षण र अनुगमन सम्बन्धी कार्य विद्यालय शासनसँग जोडिएर आउँछन् ।

यस परिच्छेदमा योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संरचना, क्षमता विकास, योजना कार्यान्व र अनुगमन तथा मूल्याङ्कन प्रणालीका सम्बन्धमा समीक्षा गरिएको छ । वर्तमान समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

## ५.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शिक्षामा तीनै तहका सरकार, विद्यालय, समुदाय तथा गैरसरकारी संघसंस्थाहरूको भूमिकाबाट मात्र सुशासन कायम गर्न सकिन्छ । शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, कार्य जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ हुनुपर्दछ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापन हुने व्यवस्था गरेको छ । यस सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्ट प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकता पर्छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग,

समता र समावेशिताको प्रवर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्त्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्दछ ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको सेवा प्रवाहलाई प्रभावकारी बनाउन केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न संरचनाहरू कार्यरत छन्। सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्डलगायतका निकायहरू छन् भने प्रदेश तहमा शिक्षा विकास निर्देशनालय तथा शिक्षा तालिम केन्द्रहरू रहेका छन्। स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयहरू मुख्य सेवा प्रदायकका रूपमा क्रियाशील छन्। यसका अतिरिक्त, विद्यालय व्यवस्थापन समिति (विव्यस), शिक्षक अभिभावक सङ्घ (अभिअस) र सामुदायिक विकास समिति जस्ता संस्थागत व्यवस्थाहरूले शैक्षिक सुशासनमा भूमिका खेल्दै आएका छन्। यी सम्पूर्ण संरचनामा आबद्ध जनशक्तिको क्षमता विकास र प्रभावकारी परिचालनले नै शैक्षिक सेवालाई गुणस्तरीय र नतिजामूलक बनाउन सकिन्छ।

नेचासल्यान गाउँपालिकामा शैक्षिक संस्थागत संरचना र सुशासनको वर्तमान अवस्थाः

- संस्थागत सक्रियताः नियमअनुसार विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र सामुदायिक विकास समितिहरू गठन भई क्रियाशील रहेका छन्।
- पारदर्शिताः विद्यालयहरूमा लेखापरीक्षण र सार्वजनिक सुनुवाइ गर्ने कार्यहरू सञ्चालन भइरहेका छन्।
- अनुगमनः गाउँपालिकाका विभिन्न निकायहरूबाट विद्यालयहरूको नियमित अनुगमन र अनुगमन भ्रमण हुने गरेको छ।
- नीतिगत रिक्तताः स्थानीय शिक्षा ऐन, नियमावली र स्पष्ट शैक्षिक नीति निर्माण हुन नसक्दा संस्थागत कार्यसम्पादनमा केही अस्पष्टता देखिएको छ।
- डिजिटल सुशासनको कमीः सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट हुनुपर्ने 'इलेक्ट्रोनिक गभर्नेन्स' (e-Governance) को अवस्था कमजोर रहेको छ।
- विश्वासको संकटः विविधतायुक्त समाजमा एकै प्रकारको सेवा प्रवाह प्रणालीले गर्दा राजनीतिक नेतृत्वप्रतिको शैक्षिक विश्वासमा कमी देखिएको छ।
- राजनीतिक हस्तक्षेपः विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकको नियुक्ति वा चयन प्रक्रियामा राजनीतिक हस्तक्षेप हुने गरेको छ।
- सुशासनको अभावः शैक्षिक सुधार, सुशासन र व्यवस्थापनका लागि राजनीतिक दलहरूसँग स्पष्ट साझा दृष्टिकोण र प्रतिबद्धताको अभाव छ।
- नेतृत्व चयनमा चुनौतीः राजनीतिक हस्तक्षेपका कारण योग्य, सक्षम र व्यावसायिक नेतृत्व समितिमा आउन कठिनाइ भइरहेको छ।

### ५.१.३ उद्देश्यहरु

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पारदर्शिता, प्रभावकारिता, कार्यकुशलता एवम् जवाफदेहिता सुनिश्चित गरी सुशासन अभिवृद्धि गर्नु
- कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको सुदृढीकरण गर्नु,
- आवश्यक कानुन तर्जुमा र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत बनाउनु,
- विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु,
- प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु,

### ५.१.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. आगामी २ वर्षभित्र शिक्षा क्षेत्रमा आवश्यक ऐन, नीति तथा कानुनहरु निर्माण गर्ने | १.१ शिक्षा ऐन, नीति तथा कानुन तयार गर्न सरोकारवालाहरुसँग सहकार्य गर्ने<br>१.२ शिक्षा नीति तथा कानुन तयार गर्दा संघीय तथा प्रादेशिक नीति तथा कानुनी प्रावधानहरुसँग उचित सहसम्बन्ध कायम गरी स्थानीय आवश्यकतालाई प्राथमिकता दिने |
| २. वित्तिय सुशासनका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोग र संस्थागत क्षमता विकास गर्ने | २.१ विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिने<br>२.२ शैक्षिक सुचनाहरु तथा महत्वपूर्ण जानकारी नियमित वेवसाइटमा अध्यावधिक गरी पारदर्शिता कायम गर्ने |
| ३. विद्यालय तथा गाउँपालिकाको शैक्षिक सेवा सञ्चालन र व्यवस्थापनमा सुधार ल्याउने | ३.१ प्रधानध्यापक तथा शिक्षकहरुसँग कार्यसम्पादन करार सम्झौता गर्ने,<br>३.२ कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कृत तथा दण्डित हुने व्यवस्था लागु गर्ने,<br>३.३ प्रधानध्यापक, शिक्षक, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>३.४ प्रत्येक पदाधिकारीहरुको आचार सहिंता बनाई कार्यान्वयन गर्ने |

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिबृद्धि भई विद्यालय सञ्चलनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जबाफदेहिता प्रवर्धन मार्फत सुशासन कायम भएको हुने

### ख. मुख्य नतिजा

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह हुने
- सबै प्रधानध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौत भएको हुने
- आचार संहिता तयार भई कार्यान्वयन भएको हुने
- कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कार तथा दण्ड दिने प्रणाली कार्यान्वयन भएको हुने

## ग. क्रियाकलाप

- प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाउने
- शिक्षक सहायता प्रणाली विकास तथा परिचालन
- विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास
- आवश्यकता, क्षमता र व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- अधिकार, जिम्मेवारी र कामको बाँडफाँड

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध एवं मापदण्डको तर्जुमा | सङ्ख्या | | १ | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचनाको निर्माण एवं क्षमता विकास। | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | | १ | १ | १ | १ | १ | ५ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | | १ | | | | १ | १ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

### ५.२.१ परिचय

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसैगरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालय अन्तर्गत समग्र विद्यालय क्षेत्रका रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीहरूको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसाग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्दती, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका लागि मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय निकायहरू रहेका छन् ।

शिक्षक छनौट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तिभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि सङ्घिय मामला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत शिक्षक किताबखाना रहेको छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० र कक्षा १२ मा सार्वजनिक परीक्षा सञ्चालन गरीरहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकऔटा शिक्षा विकास निर्देशनालय र एकएकओटा शिक्षा तालिम केन्द्र रहेका छन् । स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षा सम्बन्धी काम गरिरहेको अवस्था छ । यसका अत्तिरिक्त सङ्घिय शिक्षा मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लामा एकओटाका दरले ७७ ओटा जिल्लामा शिक्षा विकास तथा समन्वय इकाईहरू रहेका छन् ।

सङ्घीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थपान विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ । विभिन्न गाउँपालिकाहरूले शिक्षकहरूलाई ल्यएर काम लगाएको अवस्था छ । शिक्षका कतिपय ससर्त अनुदानका बजेट र कार्यक्रमहरू स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने, विद्यालयलाई दिएपनि समयमा नदिने जस्ता समस्याहरू सबैतिर बल्झिएका छन् । आर्थिक वर्ष २०७७/०७८ देखि सबै विद्यालयका बालविकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाको दिवा खाजा वापतको रकम दिन थालिएको अवस्था रहेको छ । कक्षा १० परीक्षासम्बन्धी कामका लागि सेवाग्राहीहरू परीक्षाबोर्डको शाखा र प्रदेश कार्यालयहरूमा आउने गर्दछन् जबकि त्यो कामको बारेमा शाखा र प्रदेश कार्यालयहरू अनभिज्ञ छन् । त्यसैले यतिवेला योजना र कार्यक्रमको कार्यान्वयनको सवालमा केही द्विविधाहरू देखिएको अवस्था छ । गाउँपालिकाहरूमा प्राप्त हुने योजना कार्यान्वयनको आवश्यक बजेट समेत समयमा फुकुवा नहुनाले तोकिएको समयमा योजना कार्यान्वयन हुन सकिरहेको छैन । कतिपय योजनाको बजेट आर्थिक वर्षको अन्तमा मात्र निकास हुने हुँदा सोही आर्थिक वर्षमा काम हुन सकेको छैन ।

### ५.२.२ वर्तमान अवस्था

कुनै पनि योजनाको सफलता त्यसको प्रभावकारी कार्यान्वयनमा निहित हुन्छ। योजनाको प्रभावकारिताका लागि आवश्यक संस्थागत संरचना, सिप युक्त मानव संसाधन, तथा वित्तीय र भौतिक स्रोत-साधनको समुचित प्रबन्ध अनिवार्य सर्त हुन्। योजना वास्तविक आवश्यकता र धरातलीय यथार्थमा आधारित भएर तर्जुमा गरिएमा मात्र अपेक्षित लक्ष्य प्राप्ति सम्भव हुन्छ। नेचासल्यान गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी शैक्षिक सुधारका लागि निरन्तर प्रयास गर्दै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही गाउँपालिकाले स्थानीय शिक्षा ऐन, नियमावली र कार्यविधि तर्जुमा गरी शैक्षिक सुशासन र गुणस्तर अभिवृद्धिमा अग्रसरता लिएको छ। यो शिक्षा योजना सोही प्रतिबद्धताको एक महत्त्वपूर्ण कडी हो।

विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारमा हस्तान्तरण भएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि विद्यमान संस्थागत संरचनाहरूको सुदृढीकरण तथा कार्यरत जनशक्तिको क्षमता, उत्प्रेरणा, मनोबल र कार्यदक्षतामा अभिवृद्धि गर्नु आजको मुख्य आवश्यकता हो। विशेष गरी गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, वडा कार्यालय, वडा शिक्षा समिति, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकहरूको संस्थागत तथा कार्यगत क्षमता अभिवृद्धि गर्दै उनीहरूलाई आफ्नो काम, कर्तव्य र नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउन सकेमा मात्र यो योजनाको कार्यान्वयन सफल हुन सक्दछ।

योजना निर्माण, कार्यान्वयन र प्रतिफल वितरणको हरेक चरणमा सरोकारवाला पक्षहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित भएमा मात्र कार्यक्रमप्रति स्वामित्व र अपनत्वको भावना जागृत भई दिगोपना कायम गर्न सकिन्छ। विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षा प्रशासन र जनप्रतिनिधिहरूको एकीकृत एवं समन्वयात्मक प्रयासबाट नै नेचासल्यान गाउँपालिकाको शैक्षिक क्षेत्रमा अपेक्षित सुधार सम्भव छ। यही भावना र स्पिरिटलाई आत्मसात् गर्दै नेचासल्यान गाउँपालिकाले यो शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

### ५.२.३ उद्देश्यहरु

- शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गरी विद्यालय शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु
- गाउँपालिका क्षेत्र भित्र रहेका शिक्षासँग सम्बन्धित संस्थागत संरचनाहरुको सुदृढीकरण गर्नु
- शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नु
- कार्यान्वयनका चरणमा देखा पर्ने समस्याहरुको समयमै पहिचान गरी समाधान गर्नु

### ५.२.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन | १.१ योजना कार्यान्वयन योजना तयार पार्ने<br>१.२ सरोकारवालमाझ योजनाको प्रवोधिकरण गर्ने |

| | |
|---|---|
| गर्ने | १.३ कार्यान्वयन संयन्त्रको संस्थागत क्षमताको सुदृढीकरण गर्ने |

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

दश वर्षको योजनाका आधारमा पाँच वर्षे शिक्षा क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भई विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि भएको हुने

### ख. प्रमुख नतिजा

- योजना कार्यानव्यन गर्ने संयन्त्रहरुको संस्थागत क्षमतामा अभिवृद्धि भई शिक्षा क्षेत्रको योजना प्रभावकारी रुपमा कार्यान्वयन् भएको हुने
- कार्यन्वयन योजना तयार भएको हुने
- अनुगमन सूचक सहित अनुगमन तथा मूल्याङन भएको हुने
- कार्यरत जनशक्तिको क्षमता विकास भई शैक्षिक सेवा प्रवाह छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी भएको हुने
- समयमै प्रतिवेदन प्राप्त भई पृष्ठपोषण प्रदान भएको हुने

### ग. प्रमुख क्रियाकलाप

- गाउँ शिक्षा समिति, सामाजिक समिति, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रअ, शिक्षकहरुको क्षमता विकास
- आचार संहिता निर्माण गरी कार्यान्वयन
- उपलब्धिको सार्वजनिकीकरण, सामाजिक परीक्षण
- अर्धवार्षिक प्रगति समीक्षा, पृष्ठपोषण

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | सङ्ख्या | | १ | | | | १ | १ | |
| ५ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | | | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धि कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | सङ्ख्या | | १ | | | | १ | १ | |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

नेचासल्यान गाउँपालिकाले नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को मर्मअनुरूप शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको सुनिश्चितताका लागि नीतिगत र संस्थागत प्रयासहरू अघि बढाएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम शिक्षाको अधिकार स्थानीय तहमा हस्तान्तरण भएसँगै गाउँपालिकाले स्थानीय ऐन, कार्यविधि र राष्ट्रिय शिक्षा नीति, २०७६ को मार्गनिर्देशनमा रही विद्यालयलाई सुरक्षित, बालमैत्री र समावेशी सिकाइ केन्द्रका रूपमा विकास गर्ने प्रतिबद्धता लिएको छ। यस प्रक्रियामा शिक्षा, युवा तथा खेलकुद शाखा, गाउँ शिक्षा समिति र वडास्तरीय शैक्षिक संयन्त्रहरू सक्रिय रूपमा परिचालन भएका छन्।

यद्यपि, शैक्षिक गुणस्तर र सुशासनका क्षेत्रमा केही महत्त्वपूर्ण चुनौतीहरू विद्यमान छन्। दिवा खाजा कार्यक्रम र छात्रवृत्तिजस्ता सकारात्मक प्रयासका बाबजुद पनि विद्यालय छाड्ने दर, अपाङ्गमैत्री भौतिक पूर्वाधारको अभाव, र कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधिको न्यून प्रयोगले गुणस्तरीय सिकाइमा अवरोध पुऱ्याइरहेका छन्। साथै, विद्यालय व्यवस्थापनमा हुने राजनीतिक हस्तक्षेप, नेतृत्व तहमा महिला सहभागिताको कमी र सीमित स्रोत-साधनको व्यवस्थापनमा देखिने जटिलताहरूले शैक्षिक सुशासनलाई चुनौती दिएका छन्। यी समस्याहरूको समाधानका लागि भौतिक पूर्वाधारको आधुनिकीकरण, शिक्षकहरूको क्षमता विकास र प्रविधिमैत्री कक्षाकोठाको प्रवर्द्धन आजको टड्कारो आवश्यकता हो।

योजनाको सफलता र शैक्षिक दिगोपनाका लागि सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता र जवाफदेहिता अनिवार्य छ। विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, जनप्रतिनिधि र समुदायको एकीकृत एवं समन्वयात्मक प्रयासबाट मात्र नेचासल्यान गाउँपालिकाको शैक्षिक क्षेत्रमा अपेक्षित सुधार सम्भव छ। गाउँपालिकाले प्राप्त अनुदानको पारदर्शी र मितव्ययी परिचालन गर्दै वित्तीय अनुशासन कायम गर्ने र कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गरी शिक्षाको गुणस्तरलाई नतिजामूलक बनाउने लक्ष्य लिएको छ। यसरी नीतिगत स्पष्टता, जनसहभागिता र उत्तरदायी व्यवस्थापनको माध्यमबाट नै गाउँपालिकाले बालबालिकाको उज्ज्वल भविष्य र गुणस्तरीय शिक्षाको परिकल्पना साकार पार्नेछ।

## ६.२ वर्तमान अवस्था

शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण सामाजिक व्यवस्था निर्माणको आधारस्तम्भ हो। नेपालको संविधानले समाजवाद उन्मुख राज्यको परिकल्पना गर्दै शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरे तापनि, बढ्दो निजीकरण र स्रोत व्यवस्थापनका जटिलताले शैक्षिक लगानीमा नयाँ चुनौतीहरू थपेका छन्। तसर्थ, नेचासल्यान गाउँपालिकाले शिक्षाको वित्तीय प्रबन्ध गर्दा स्रोतको पहिचान, सङ्कलन, समतामूलक वितरण र कुशल उपयोगलाई प्राथमिकतामा राखेको छ। शैक्षिक लगानीलाई सक्षम र व्यवस्थित बनाउन स्रोतको विनियोजन, प्रवाह र उपयोगका हरेक चरणमा उच्च सतर्कता, मितव्ययिता र पारदर्शिता अपनाउनु आजको अपरिहार्य आवश्यकता हो।

शैक्षिक पहुँच र गुणस्तर अभिवृद्धि गर्न सङ्घीय, प्रदेश र स्थानीय सरकारका साथै समुदायको साझेदारीमा आधारित वित्तीय प्रणालीको अवलम्बन गरिनेछ। विद्यालय उमेर समूहका सबै बालबालिकाहरूको भर्ना, सिकाइमा निरन्तरता र न्यूनतम शैक्षिक पूर्वाधारको प्रबन्धका लागि थप लगानीको खाँचो छ। यसका लागि गाउँपालिकाको दृढ प्रतिबद्धता, निजी क्षेत्रसँगको साझेदारी र समुदायबीच खर्च साझेदारी (Cost Sharing) को मोडललाई कार्यान्वयन गरिनेछ। यो बहुपक्षीय पद्धति केवल कोष सञ्चालनका लागि मात्र नभई प्रमुख साझेदारहरूबीच सुदृढ स्वामित्व, जवाफदेहिता र वित्तीय अनुशासन अभिवृद्धि गर्ने माध्यमसमेत बन्नेछ। साथै, वित्तीय व्यवस्थापन, प्रतिवेदन तयारी र सामाजिक परीक्षणलाई संस्थागत गर्न सम्बद्ध निकायहरूको क्षमता विकासमा विशेष जोड दिइनेछ।

वित्तीय व्यवस्थापनको मुख्य स्रोतका रूपमा सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् भने अभिभावक र समुदायको भूमिका परिपूरकका रूपमा रहनेछ। शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूको आवश्यकताका आधारमा स्रोत परिचालन गरिनेछ। विशेषगरी नतिजामा आधारित स्रोत विनियोजन पद्धति (Performance-based Budgeting) मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। शैक्षिक क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घ-संस्थाहरूसँग विज्ञताका आधारमा सहकार्य गर्दै उपलब्ध स्रोत-साधनको प्रभावकारी व्यवस्थापन, पारदर्शी खर्च प्रणाली र वित्तीय सुशासन कायम गरी नेचासल्यान गाउँपालिकाले गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्ने अठोट लिएको छ।

| क्रस | वित्तिय स्रोतको व्यवस्थापन | कुल बजेट रु हजारमा | प्रतिशत अनुमानित | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १०१३२७८ | ९५ % | |
| २ | प्रदेश सरकार | १२७७१ | १ % | |
| ३ | स्थानीय सरकार | ४४२३२ | ४ % | |
| ४ | संघ संस्था तथा दातृ निकाय | ० | ० % | |
| ५ | स्थानीय दाता तथा अन्य स्रोत | ० | ० % | |
| ६ | अपुग रकम | ० | ० % | |
| | जम्मा | १०७०२८१ | १०० % | |

## ६.३ उद्देश्यहरु

- योजना अवधिभर विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- पहिचान गरिएका कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
- पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- लगानीको उपयोगको अवस्था, विधि र प्रक्रिया प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट पार्नु,
- योजना कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षमता र प्रभावकारितामा सुधार गर्नु ।

## ६.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा क्षेत्रमा लगानी बढाउने | १.१ तीनै तहको सरकार तथा गैरसरकारी संघसंस्थासँग लागत साझेदारीमा आर्थिक स्रोतको व्यवस्थापन गर्ने<br>१.२ अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानको अवलम्बन गर्ने |
| २. खर्चमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता सुनिस्चित गर्ने | २.१ विनियोजित बजेटको सही सदुपयोगको सुनिश्चितताकोलागि सुदृढ अनुगमन तथा निरिक्षण प्रणालीको विकास गर्ने<br>२.२ स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय हुने भएकाले गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयबाट निर्वाह हुने व्यवस्था गर्ने<br>२.३ सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गर्ने<br>२.४ वित्तीय व्यवस्थापन प्रणाली र सार्वजनिक खरिद प्रणालीको दृढताका साथ परिपालना गर्ने<br>२.५ मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने<br>२.६ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सुदृढ गर्ने |

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

विद्यालय शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा सुधार आउने ।

### ख. नतिजा

- विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने
- विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने
- मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने
- स्रोत व्यवस्था र परिचालनमा गैससहरूसँगको साझेदारी विकास भएको हुने
- सबै शिक्षण संस्थाहरूको सामाजिक परीक्षण भएको हुने

### ग. प्रमुख क्रियाकलाप

- नीति निर्माण सम्बन्धी अभीमुखीकरण तथा कार्यशाला सञ्चालन
- स्रोतहरुको पहिचान तथा कार्यक्रमहरुको प्राथमिकीकरण
- अनुगमन तथा निरीक्षण

- जनचेतनामूलक कार्यक्रमहरु
- उपल्लो तहसँग समन्वय
- सरोकारवालाहरु बिच अन्तरक्रिया
- दातृ निकायहरुसँगको समन्वय
- नतिजामा आधारित स्रोत विनियोजन पद्धति विकास
- विद्यालयको लेखा प्रणाली सुदृढीकरणको लागि लेखासम्बन्धी तालिम सञ्चालन
- विद्यालयहरूबाट शिक्षा ऐन-नियम र आर्थिक ऐन-नियमको परिपालना र दोहोरो लेखा प्रणाली अवलम्बन
- सम्बद्ध सबै संस्थाहरूकोलागि सामाजिक परीक्षण
